पुनहिलमा बर्सेनि हजारौँ पदयात्री पुग्छन् । उनीहरु उल्लेरी हुँदै उकालो लागेर पुनहिल घुमेपछि टाडापानी हुँदै फर्कन्छन् । त्यसैले चाहे घान्द्रुकबाट आउने हुन् या उल्लेरीबाट, उनीहरूलाई पुनहिलबाट फूलबारी हुँदै करबाकेली थान निम्त्याउन वि.सं. २०७५ वैशाखमा नयाँ पदमार्ग ब्रान्डिङ गरिएको हो ।

कास्कीको बिरेठाँटी, तिखेढुङ्गा, उल्लेरी,



करबाकेली बाबा

घोडेपानी, पुनहिल हुँदै करबाकेली थान भएर बेनीबजार जोड्ने पदमार्ग नै करबाकेली इको ट्रेक हो । धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे र नीलगिरि हिमशृङ्खला, जैविक विविधता, गाउँले जीवनशैली र पुन समुदायको संस्कार एवं संस्कृति अध्ययन गर्न पदमार्ग उपयुक्त छ ।

पुनहिलबाट झरेर करबाकेली थानमा बास बसेपछि बेनी झर्ने चार विकल्प छन् । पहिलो विकल्प बैसरी हुँदै बेनी, दोस्रो विकल्प रिमा, औल गाउँ, बैसरी हुँदै बेनी, तेस्रो विकल्प महभिर, मल्लाज हुँदै बेनी र चौँथो विकल्प करबाकेली थानबाट नागी, फलामेडाँडा हुँदै बेनी झर्ने ।

करबाकेली पदमार्ग छोटो, मिठो र सजिलो छ । यसमा चार दिनसम्म पदयात्रा गर्न सकिन्छ । पदमार्गका सबैतिर होटल र होमस्टे सुविधा छ ।



## नमुना सङ्ग्रहालय

करबाकेली थान नजिकै एउटा कलात्मक सङ्ग्रहालय छ । पुन समुदायको कला, संस्कृति र जीवनशैली झल्काउने उद्देश्यले करबाकेली बाबा संरक्षण समितिले 'पुन सामुदायिक सङ्ग्रहालय' बनाएको हो ।

ढुङ्गा र काठबाट परम्परागत शैलीमा बनाइएको दुई तले भवनमा पुन समुदायको जन्मदेखि मृत्यु संस्कार झल्कने सामग्री सजाइएको छ । माथिल्लो तलामा पुरातात्त्विक महत्त्वका सामान राखिएका छन् । त्यस्तै, भुईंतलामा जाँतो, ढिकी, कोल आदि काठ तथा निगालाबाट बनाइएका सामान सजाइएका छन् ।

भुईंतलाका सामान दर्शकले छुन पाउँछन् । यहाँ पुस्तकालय कक्ष पनि छ, जहाँ बसेर पुनको चिनारी, नेपालका जातजातिको इतिहास, संस्कृति र जीवनशैली अध्ययन गर्न पाइन्छ ।

यहाँ पुन समुदायका कीर्तिमानी खेलाडीहरु, समाजसेवी तथा अगुवाको संक्षिप्त चिनारीसहित तस्बिर पनि सजाइएको छ । यसरी समाज र राष्ट्रका लागि योगदान दिने प्रतिभाहरूको सम्मान गरिएको देखिन्छ ।

अगुवाहरु लेफ्टिनेन्ट हर्कजित पुन, मेजर टेकबहादुर पुन, नारायणसिंह पुन, खेलाडी तारा पुन, भि.सि. तुलबहादुर पुन, नेपाली चलचित्रकी अभिनेत्री दिया पुनलगायतको जानकारी राखिएको छ ।

पुन समुदायको सहयोगमा सङ्ग्रहालय बनाइएको हो । विशेषतः पुन समाज युके र गाउँलेले ठूलो सहयोग गरेका छन् ।

वि.सं. २०७९ मङ्सिर १३ गते पुन समुदायकी पहिलो सगरमाथा आरोही एवम् अभिनेत्री दिया पुनको हातबाट सङ्ग्रहालय उद्घाटन गरिएको थियो ।

'पुन सामुदायिक सङ्ग्रहालय' गण्डकी



करबाकेली यात्रा अविस्मरणीय बन्छ । धेरै कुरा अनुभव गर्न पाइन्छ । काफलडाँडामा वर्षैभरि घुमफिर गर्न सकिन्छ । पहिल्यै खबर गरेर आउँदा सजिलो हुन्छ । कुनै सहयोग चाहिएमा निर्धक्क सम्पर्क गर्नुहोस् है !

■ **रवि गर्बुजा पुन**
पर्यटन अभियन्ता, सम्पर्कः **9846827493**





प्रदेशले मात्र होइन, समग्र नेपालले नै गौरव गर्न लायक छ ।

**पाहुनाघर**

करबाकेली थान नजिकै सामुदायिक पाहुनाघर बनाइएको छ । यहाँ एकै पटक ६० जनासम्म बास बस्न सक्छन् । पाहुनालाई गाउँघरको अर्गानिक परिकार खुवाइन्छ । खानेबस्ने सुविधा भएकाले पर्यटकलाई सजिलो भएको छ । यसको आम्दानी करबाकेली क्षेत्रको विकासमा खर्च गरिन्छ ।

**कसरी पुग्ने ?**

काठमाडौं-पोखरा-बेनीबजार २८२ किलोमिटर, बसमा ९ घण्टा । अथवा काठमाडौं-पोखरा हवाई यात्रा २५ मिनेट । पोखरा-बेनी ८२ किलोमिटर, बसमा ३ घण्टा । बेनीबजार-काफलडाँडा ४७ किलोमिटर, जिपमा २ घण्टा । पदयात्रा भने कास्कीको उल्लेरी र म्याग्दीका बैंसेरी वा बेनीबजारबाट गर्न सकिन्छ ।

# लाहुरेको सुकर्म

काफलडाँडालाई पर्यटनधाम बनाउने अभियानका नायक हुन्, चामबहादुर पुन । बेलायती सेनाका रिटायर्ड लाहुरे चामबहादुरको अगुवाइ एवम् नागरिकको लगानीमा करबाकेली थान, पुन सामुदायिक सङ्ग्रहालय र सामुदायिक पाहुनाघर निर्माणका साथै करबाकेली इको ट्रेक ब्रान्डिङ गरिएको हो ।

दुई दशकभन्दा लामो समयदेखि उनी करबाकेली क्षेत्रको विकासमा खटिएका छन् । उनले करबाकेलीको सामाजिक एवम् सांस्कृतिक विकासमा पुऱ्याएको योगदान अनुकरणीय छ ।

एउटा लाहुरेले समाजका लागि कतिसम्म योगदान दिनसक्छ भन्ने राम्रो उदाहरण बनेका छन्, उनी । उनी वर्षका अधिकांश समय जन्मथलो काफलडाँडामै बस्छन् । उनलाई परिवारको राम्रो सहयोग छ । उनकी जीवनसाथी र छोराबुहारी बेलायतमा बस्छन् । बेलायतले पूर्व गोर्खा सैनिकलाई आवासीय सुविधा दिएपछि सन् २००६ देखि उनको परिवार बेलायत बसाइँ सरेको हो ।

पुण्यबहादुर र सुनमतीका साहिँलो सन्तानका रूपमा उनी वि.सं. २०१२ मङ्सिर १४ गते काफलडाँडामा जन्मिएका । पिताजी पनि लाहुरे थिए । लाहुरे संस्कारको प्रभावले उनी पनि लाहुरे बने ।

उनले जीवनका उर्वर १५ वर्ष बेलायती सेनामा बिताए । त्यसपछि सेकेन्ड करियरका रूपमा १० वर्ष ब्रुनाईका सुल्तानको सेवा गरे । ब्रुनाईबाट फर्केपछि भने काफलडाँडाको विकासमा सक्रिय छन् ।

उनी बहुमुखी प्रतिभा हुन् । उनले पुन जीवनशैलीमा आधारित दुइटा चलचित्र बनाए, एज्यू भाग १ र एज्यू भाग २ । दुबैमा भिलेनको भूमिकामा अभिनय गरे । वास्तविक जिन्दगीको रङ्गमञ्चमा भने उनी



सत्कर्म गर्ने 'हिरो' बनेका छन् ।

वि.सं. २०५७ सालदेखि करबाकेलीको अनुसन्धान सुरु गरेर सामाजिक काममा लागेका उनले करबाकेली बाबा र पुन समुदायको संस्कार एवम् संस्कृति अध्ययन गर्नुका साथै पुस्तक पनि लेखेका छन् ।

उनी एक कर्मयोगी हुन् । इमान्दार छन् । त्यसैले उनको अभियानमा सबैले सहयोग गर्छन् ।

उनले करबाकेली क्षेत्रका लागि श्रम, सिप, विवेक, समय र पैसा खर्च गरेका छन् । उनको त्याग, समर्पण र योगदान स्तुत्य छ ।

गाउँलेहरूले काफलडाँडामा उनको प्रतिमा बनाएर सम्मान गरिसकेका छन् । यसरी जिउँदैमा आफ्नो प्रतिमा देख्न पाउनु गौरवको कुरा हो ।

हरेक गाउँमा चामबहादुरजस्तै अगुवा भइदिए नेपालले छिट्टै काँचुली फेर्न सक्छ । उनले आफ्नो जीवनयात्रालाई केलाएर एउटा पुस्तक लेखेका छन्, 'लाहुरेको सङ्घर्ष' ।

समाजसेवी चामबहादुर पुनको सुस्वास्थ्य एवम् दीर्घ जीवनको शुभकामना !

# शून्यबाट उठेकाहरू

राष्ट्रकवि माधवप्रसाद घिमिरेले लेखेका छन्, 'ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल, सिर्जनाशक्ति संसारमा कहिल्यै हुँदैन विफल' । सपना देख्नेहरू अभाव, पीडा र विभेदसँग तर्सिदैनन्, बरू सिङ्गौरी खेल्छन् । अहँ, कहिल्यै थाक्दैनन् ।

दृढ इच्छाशक्ति, मिहिनेत र इमान्दारीले सफलता मिल्छ । त्यसैले दुःखमा आत्तिनु र सुखमा मात्तिनु हुँदैन । उनीहरूको पसिनाको कथा उधिनेमा प्रेरणादायी पुस्तक नै बन्छ । कर्मवीरहरूको सफलताका कथाले आशावादी हुन सिकाउँछ । सङ्घर्षशील बनाउँछ । मुलुकमै सत्कर्म गर्ने हुटहुटी जगाउँछ ।

शून्यबाट उठेका श्रमजीवीहरूलाई बधाई एवम् शुभकामना !

## धनगढीका लोकप्रिय भान्छे

*उनी सानैदेखि अर्काको गाईगोरू चराइदिन्थे । आमाको दुःख देखेर कमाउन भनी ९ वर्षकै उमेरमा सहर पसे । धनगढीमा कहिले भाँडा माझे त कहिले पत्रिका बाँडे । अहिले 'फास्ट फुड कर्नर' चलाउँछन् ।*

एफएफसी सम्झनेबित्तिकै धनगढीका युवाको जिब्रो रसाउँछ । पिरोपिरो फ्राइड राइस र चाउमिन, कति मिठो ! सुदूरपश्चिम प्रदेश कार्यालय र रातोपुल बसपार्क छेउमा छन्, एफएफसी (फास्ट फुड कर्नर)का शाखा ।

यहाँ चिकेन, अन्डा र भेजको स्वादमा चाउमिन तथा फ्राइड राइस पाइन्छ । साथमा मम र चिसो पेय पदार्थ पनि । दुबै शाखामा भिड लाग्छ । चटपटे स्वाद पाइने भएकाले विशेषतः युवाको जमघट हुन्छ ।

धनगढीका फोटोग्राफर जनक कुँवर पनि एफएफसीका ग्राहक हुन् । बेलाबेलामा गएर खाजा खान्छन् । 'कहिलेकाहीँ काठमाडौंका साथीहरूले अर्डर गर्छन्', उनले भने, 'त्यसैले हवाईजहाजबाट पठाइदिन्छु ।'

यहाँको स्वाद सम्झेर काठमाडौँमा बस्नेहरूले साथी र इष्टमित्रलाई अनुरोध गर्छन् । उनीहरू काठमाडौँ जाँदा साथमा लगिदिन्छन् । यसरी एफएफसीका परिकार धनगढीको मिठो कोसेली बन्न पुगेको छ ।

एफएफसीका सञ्चालक हुन्, ईश्वरकुमार डगौरा । उनी ३० वर्षका भए । दुबै शाखामा गरी उनले ८ जनालाई रोजगारी दिएका छन् । बैयाबेहडामा घर बनाएका छन् । त्यहाँ श्रीमती पूजा र ४ वर्षे छोरा भार्गभसँग बस्छन् ।

दुःखपछि सुख आउँछ । यहाँसम्म आइपुग्न उनले धेरै सङ्घर्ष गर्नुपर्‍यो ।

कैलाली जिल्लाको भजनीमा जन्मेहुर्केका उनको बाल्यकाल दुःखमा बित्यो । उनी सानैदेखि अर्काको गाईगोरू चराइदिन्थे ।



बदलामा धान पाउँथे । उनकी आमा पनि निकै मिहिनेत गर्थिन् ।

आमाको दुःख देखेर कमाउन भनी उनी ९ वर्षकै उमेरमा धनगढी पसे । सुरूका दिनमा साइकल पसलमा काम गरे । पत्रिका पनि बाँडे । पछि भिनाजु सतिश चौधरीले रेस्टुराँ खोले । त्यहाँ उनले भाँडा माझ्नेदेखि सरसफाइका काम गरे । सेफ हेम मल्लबाट खाना पकाउन सिके ।

दुई वर्ष भिनाजुले रेस्टुराँ चलाएपछि घरबेटीलाई बेचिदिए । तिनले पनि डेढ वर्ष मात्र चलाए । ईश्वरले घरबेटीसँग रेस्टुराँ किने । त्यस यता फर्केर हेर्नु परेको छैन ।

'हामी आफैं मसला बनाउँछौं । स्वादमा एकरूपता दिन्छौं', उनले भने, 'त्यसैले यहाँको स्वाद चाखिसकेका ग्राहक फेरिफेरि आउनुहुन्छ ।'

उनको रेस्टुराँमा काम गरेका ५ युवाले धनगढीमै यही ढाँचाका आआफ्नै रेस्टुरेन्ट चलाएका छन् ।

'फ्रेन्चाइज देऊ भन्नेहरु पनि छन्', ईश्वर भन्छन्, 'तत्काल हैइन, भविष्यमा थप शाखा खोल्ने र फ्रेन्चाइज दिने योजना छ ।'

उनी दिनभर काममा खटिन्छन् । कमाइ सन्तोषजनक छ । त्यसो त एकपटक उनी बिदेसिने मुडमा पनि थिए । त्यतिबेला पैसा नभएर उड्न पाएनछन् ।

उनले कक्षा ८ सम्म पढे । पढेरभन्दा परेर जीवनलाई सार्थक बनाए । उदाहरणीय युवा बन्न पुगे ।

सम्पर्क : **ईश्वरकुमार डगौरा**
फास्टफुड कर्नर (एफएफसी)
धनगढी, कैलाली
फोन : ९८१०७०५९२८

# नाङ्लोपसलेबाट उद्योगीसम्म

*एकसमय बसुमाया तामाङ ज्यामी काम गर्थिन् । अचेल उनको 'नेपाली मन उद्योग'ले वार्षिक ५ करोड रूपैयाँको अचार बेच्छ । उनले ६५ जना महिलालाई रोजगारी दिएकी छन् । सामाजिक काममा पनि सक्रिय छिन् ।*



खानालाई पचाउन र स्वादिलो बनाउन अचार खाने चलन छ । सिलौटामा पिसेको मसलाबाट बनाइएको अचार तिक्खर हुन्छ । यस्तै अचार बनाउने नमुना उद्यमी हुन्, बसुमाया तामाङ । उनी वार्षिक ५ करोड मूल्यका अचार बेच्छिन् ।

भाटभटेनीसहित सहरका स्टोरहरूमा उनको अचार पाइन्छ । दिनदिनै उनीद्वारा उत्पादित अचारको माग बढ्दो छ । 'नेपाली मन उद्योग' ब्रान्डका अचार विश्वका २५ देशमा बिक्री हुन्छ । नेपाली, भारतीय, बङ्गाली र पाकिस्तानी बसोबास गर्ने मुलुकमा अचार बिक्छ ।

'हाम्रो उत्पादनको ७० प्रतिशत विदेशमा जान्छ । बाँकी स्वदेशमै खपत हुन्छ', उनले भनिन् । काठमाडौंको मनमैजुस्थित उनको कारखानामा ७० जना कर्मचारी काम गर्छन् । तीमध्ये ६५ जना महिला हुन् ।



अदुवा, लसुन, खुर्सानीलगायत मरमसला हातैले सिलौटामा पिसिन्छ । उनकोमा चिकेन, बफ, फिस मिसिएका अचार बनाइन्छ । अकबरे खुर्सानी, मुला, लप्सी, कागती, लौका, फर्सी, च्याउ, गुन्द्रुक, भटमास, मस्यौरा, किनेमा, आँप, तामा, काँक्रो, मिक्स आदिको २१ थरी अचार बनाइन्छ ।

बसुमाया उद्यमीका रूपमा स्थापित छिन् । उनी सामाजिक काममा पनि उत्तिकै सक्रिय छिन् । धैर्य, हिम्मत, इख र मिहिनेतले सफलता चुमिन् उनले । ५३ वर्षीया बसुमाया भन्छिन्, 'ठुलो सपना देखेर मात्र हुँदैन । निरन्तर मिहिनेत गर्नुपर्छ । बल्ल सफल भइन्छ ।'

सजिलै उनी यहाँ आइपुगेकी होइनन् । धेरै हन्डर खाएकी छन् । परिवारको हातमुख जोड्न के मात्र गरिनन्, जीवनमा बालुवा चालिनन् कि ? रातीराती विष्णुमतीका बालुवा झिकेर बेचिनन् कि ? मोजा र स्वेटर बुनिनन् कि ? ठेलामा राखेर मम पो बेचिनन् कि ? मैनबत्ती बनाउने काम गरिनन् कि ?

उनको जीवनसङ्घर्षको कथा लामो छ । उत्तरी धादिङको रूबीभ्यालीमा पर्ने बोराङ गाउँमा जन्मेकी हुन् उनी । सानैमा उनीहरु धादिङकै ज्वालामुखीमा बसाइँ सरे । जातीय विभेदका कारण त्यहाँ पढ्ने वातावरण भएन ।

त्यसैले आमाबुबाले उनीहरूलाई काठमाडौं ल्याए । तीन भाइसहित उनी पनि आइन् । परिवारले पकनाजोलमा पसल खोल्यो । त्यहाँ चिया, खाजा र खाना बेचिन्थ्यो ।

केही वर्षपछि आमाबुबाका बीचमा सम्बन्ध बिग्रियो । परिवारलाई सघाउँदै बसुमायाले पढिन् । पद्मकन्या क्याम्पसबाट आई.ए. उत्तीर्ण गरेपछि जागिरको खोजीमा धेरैतिर भौतारिइन् । तर, कसैले पत्याएन् ।

'अनि बिहानबेलुकीको छाक टार्न ज्यालामजदुरी गरेँ' उनी सुनाउँछिन्, 'तर सुखका दिन आएनन् ।'

अचार कसरी सुरु भयो त ?

अठार वर्षअघि बालाजुचोक नजिकै विष्णुमती पुलछेउमा उनी साँझपख ठेलामा मम बेच्थिन् । मिठो मानेर सबैले खान्थे ।

'मैले ठेलामा व्यापार गरेको देखेर अरूले पनि गरे । उनीहरूले सस्तोमा दिन थाले', उनले भनिन्, 'मान्छेहरु क्वालिटीभन्दा पनि सस्तो खोज्न थाले । मेरो त व्यापार घट्दै गयो ।'

हिजो मिठो मानेर खानेहरूले पनि 'तिम्रो त अचारै मिठो छैन' भन्न थाले । ठेलाको व्यापार बन्द भयो । मोजा बुन्दा मनमा यिनै कुरा खेल्थे । उनले आमाले टिम्मुरको छोप बनाएको सम्झिइन् ।

ढिँडाको डल्लो छोपमा चोपेर खाँदा कति मिठो हुन्थ्यो !

उनले १२ सय रूपैयाँको टिम्मुर, खुर्सानी, नुन आदि किनेर ल्याइन् । छोप बनाइन् । ससाना प्लास्टिकका पोका बनाएर नाङ्लोमा राखिन् । छोरीले नाङ्लोमा बिहानबेलुकी बेच्थिन् । खानेहरूले छोप मन पराए । विदेश लैजान समेत अर्डर दिन थाले ।

उनी हौसिइन् । अनि, वि.सं. २०६७ सालमा 'नेपाली मन' उद्योग दर्ता गराइन् । त्यसपछि सफल बन्दै गइन् । यसरी उनले नाम र दाम दुबै कमाइन् । धेरैको प्रेरणास्रोत बन्न पुगिन् ।

नेपालबाट दिनदिनै सयौं युवा बिदेसिँदै छन् । 'हाम्रा बालबालिकालाई उद्यमी बन्न प्रेरित गर्ने शिक्षा चाहिएको छ', बसुमाया सुझाउँछिन्, 'जग्गाजमिन बेचेर विदेश जानुभन्दा साने लगानीबाट नेपालमै केही काम गर्नुपर्छ ।'


सम्पर्क : **बसुमाया तामाङ**
नेपाली मन उद्योग, मनमैजु, काठमाडौं
फोन : ९८४०४१३२६८



जीवनसाथी सारिकासँग राजन

# बेनीबजारका चम्किला तारा

*नुवाकोटबाट काम खोज्दै म्याग्दीको सदरमुकाम बेनीबजार पसेका राजन लामा अर्काको होटलमा भाँडा माझ्दा आफैं मालिक बन्ने सपना देख्थे । अचेल बेनीमै 'लामा कुदाप लज एन्ड रेस्टुरेन्ट' चलाउँछन्, जहाँ १४ जनालाई रोजगारी दिएका छन् ।*

म्याग्दी खोला र कालीखोला किनारमा लमतन्न सुतेको छ, बेनीबजार । यहाँ हजारौंले सपनाका बिस्कुन फिँजाइरहेका छन् । उनीहरूले बेनीकै एक युवाबाट सफलताको मन्त्र सिक्न सक्छन् । ती हुन्, राजन लामा ।

उनले बेनीमा 'लामा रेस्टुरेन्ट एन्ड भान्छा घर' र 'लामा कुदाप लज एन्ड रेस्टुरेन्ट' चलाउँदै आएका छन् । नेपाली, इन्डियन र कन्टिनेन्टल खानाका लागि दुबै रेस्टुराँ लोकप्रिय छन् भने आरामदायी बासका लागि लज ।

वि.सं. २०८० भदौ १ गतेदेखि भने आफ्नै भवनमा लज सारेका छन्, जहाँ एकै पटक ७० जना बास बस्न सक्छन् । उनकोमा १४ जना रोजगार छन् ।

श्रीमती सारिका थापा मगरसँग मिलेर उनी दिनभर काममा खटिन्छन् । उनीहरूका दुई छोरी छन्, सारांश र रिन्जेन ।

प्रगतिको शिखर चुम्दैछन् उनीहरु । फर्केर हेर्दा आफ्नो जिन्दगी आफैंलाई कथाजस्तो लाग्छ राजनलाई । नुवाकोटको शिवपुरी गाउँपालिका-३, मझुवाका राजनको जन्म ठमेल, काठमाडौंमा भएको थियो । केही वर्षपछि परिवार गाउँ फर्कियो । उनी कक्षा १० मा पढ्दै थिए । मुलुक द्वन्द्वमा थियो । घरको आर्थिक अवस्था बिग्रियो ।

त्यसैले वि.सं. २०५८ माघ ११ गते काठमाडौं पसे । ज्यालामजदुरी गरेर बसे । वि.सं. २०५९ जेठ १५ गते राम्रो अवसरको खोजीमा बागलुङ हान्निए । बागलुङ बजारको लालीगुराँस होटलमा जागिर खाए । एकदिन साथीले भन्यो, 'बेनीको होटल डल्फिनमा कुक मागेको छ रे । राम्रो तलब दिन्छन् रे !'

वि.सं. २०६२ असारदेखि डल्फिनमा काम गरे । त्यहाँ उनले भाँडा माझ्ने, कोठा सफा गर्ने र खाना पकाउने सबै काम गरे । डल्फिनको जागिर उनको जीवनकै टर्निङ पोइन्ट बन्यो ।

'डल्फिनमा काम गर्दा होटल कसरी चलाउनु पर्दोरहेछ भन्ने जानें, उनले सम्झे, 'भान्छा व्यवस्थापन, अतिथि सत्कार र कर्मचारी व्यवस्थापन कला पनि सिकें ।'

उनको परिश्रम र इमान्दारीबाट होटल सञ्चालक हरिकृष्ण श्रेष्ठ र नानुकुमारी पनि प्रभावित भए । त्यहाँ एक दशक काम गरेपछि आफैं 'लामा रेस्टुरेन्ट एन्ड भान्छा घर' खोले । नानुकुमारीका हातबाट रेस्टुराँ शुभारम्भ गराए । नानुलाई उनी 'मम्मी' भन्छन् किनकि उनले कर्म दिइन् ।

उनलाई जन्म दिने बुबा रामबहादुर र आमा राममाया अहिले धर्तीमा छैनन् । सायद स्वर्गबाट छोराबुहारीको प्रगति नियाल्दै होलान् !

बेनीबजारका तन्नेरीहरु उनलाई 'लामा दाइ' भनेर सम्मान गर्छन् । वि.सं. २०७२ भदौ १ गते उनले भान्छाघर खोल्दा रेस्टुराँ कल्चरमा नयाँनयाँ आयाम थपे, ग्राहकका तस्बिर खिचिदिने, बर्थडे पार्टी व्यवस्थापन गर्ने आदि ।

'सबैभन्दा महत्त्वपूर्ण कुरा कस्टुमर केयर हो', उनले सफलताको राज खुलाए, 'चाहे एक कप चिया पिउने हुन् या हजारौंको पार्टी गर्नेहरु, सबैलाई हामी उत्तिकै सम्मान गर्छौं ।'

उनीहरूले वि.सं २०६९ मङ्सिर १८ गते प्रेमविवाह गरेका हुन् । सारिकाको माइती बागलुङको तित्याङमा छ । बिहे हुँदा स्नातक उत्तीर्ण थिइन् । राजनले भने वि.सं. २०६५ मा एस्.एल्.सी उत्तीर्ण गरे । र, बि.बि.एस् पढ्दापढ्दै छाडिदिए ।

सारिकाले ५ वर्ष बेनीका विद्यालयमा पढाइन् । लजमा व्यस्त हुनुपरेपछि पढाउन छाडिन् ।

समयसँगै उनीहरूको सपना झाँगिँदै छ । भन्छन्, 'पोखरासहित विभिन्न ठाउँमा रेस्टुरेन्टका शाखा खोल्ने योजना छ ।'

मुलुककै केही गर्न चाहनेलाई उनीहरूको जीवनकथाले धेरै कुरा सिकाउँछ ।

सम्पर्क : **राजन लामा**
लामा कुदाप लज एन्ड रेस्टुरेन्ट
बेनीबजार, म्याग्दी
फोन : ९८४७६३३८९४

# मुकुन्डो कलाका नायक

*कलिलो उमेरदेखि नै प्रख्यात कलाकारसँग काम गर्दागर्दै सोमराज तामाङले मुकुन्डो बनाउने सिप सिके । क्वालिटी र डिजाइनमा नवीनता ल्याएकैले उनी स्थापित बन्न पुगे । उनको 'मध्यपुर मास्क मेकिङ' कला पाठशाला बनेको छ ।*

पहिलापहिला काठमाडौं उपत्यकामा सांस्कृतिक कार्यक्रममा मात्र मुकुन्डो प्रयोग गरिन्थ्यो । नेवार समुदायको परम्परागत नाचमा देवदेवी, राक्षस र जनावरका भेषमा नाचिन्छ । कलाकारहरु मुखाकृति (मुकुन्डो) लगाएर नाच्छन् ।

परम्परागत रूपमा कालीमाटी, नेपाली कागज, मलमल कपडा, कपास र मैदाबाट मुकुन्डो बनाइन्छ । अचेल काठ, तामा, ढलौट र प्लास्टिकबाट पनि बनाइन्छ । मुकुन्डोहरु विभिन्न साइजका हुन्छन् ।

नाचमा मात्र सीमित छैन मुकुन्डो कला, उपहार प्रोडक्टका रूपमा समेत लोकप्रिय बनिसक्यो । मुकुन्डो उपहार संस्कृति विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कलाकार हुन्, सोमराज तामाङ । भक्तपुरको मध्यपुर थिमी नगरपालिका-६, बहाखामा उनको 'मध्यपुर मास्क मेकिङ' कारखाना छ ।

मुकुन्डोलाई परम्परागत गहनाका रूपमा मात्र बुझिन्थ्यो । विदेशीले नेपालको कोसेलीका रूपमा पनि किन्थे । केही होटल तथा रेस्टुराँमा सजाइन्थ्यो । सोमराजलाई लाग्यो, 'मायाको चिनो'का रूपमा यसको प्रवर्द्धन किन नगर्ने ?

उनले विसं २०६९ मा कुमारी, बुद्ध र तारा डिजाइन गरे । सोचेजस्तै भयो, नेपालीका माझमा लोकप्रिय बन्यो । घरआँगन सजाउन र शुभकामना बाँड्न मुकुन्डो प्रयोग हुन थाल्यो । विवाह, व्रतबन्ध, जन्मोत्सव र वार्षिकोत्सवमा मुकुन्डो उपहार दिने संस्कृति विकास हुँदै गयो ।



जीवनसाथी राधिका आचार्यसँग कलाकार सोमराज तामाङ



उनी विभिन्न जातजातिको भेषभूषा झल्काउने 'स्ट्यान्ड पपेट' पनि बनाउँछन् । कपडा, कागज र माटोबाट बनाइने यस्ता पुतलीको माग राम्रै छ । उनी बाघ, स्याल, माछा र सिंहका मुकुन्डा पनि बनाउँछन् ।

उनी नाचलाई चाहिने मुकुन्डो परम्परागत शैलीमै बनाउँछन् । उपहार दिनेमा भने परम्परा र आधुनिकताको फ्युजन गराउँछन् । उनका कलाकृति ठमेल, भक्तपुर र पोखराका पसलमा किन्न पाइन्छ । अर्डरअनुसार विदेशमा समेत पठाउँछन् ।

उनी सानो हुँदा थिमी क्षेत्रमै मुकुन्डो बनाउने १३ वटा पसल थिए । १२ वैशाख २०७२ को भूकम्पअघि ३ वटा पसल बाँकी थिए । अहिले उनको मात्र छ । उनले ४ जनालाई रोजगारी दिएका छन् ।

उनी कुशल प्रशिक्षक हुन् । घरेलु तथा साना उद्योग लगायतका संस्थाले प्रशिक्षकका रूपमा बोलाउँछन् । आफ्नै कारखानामा पनि सिकाउँछन् ।

समयसँगै चल्न नजान्नेहरु पछि पर्छन् । क्वालिटी र डिजाइनमा नवीनता ल्याएकैले उनी स्थापित बन्न सके । आखिर श्रम गरे सुन फलाउन सकिन्छ । उनको कमाइ राम्रो छ । आफ्नै घर बनाइसके ।

उनी ४९ वर्षका भए । उनले वि.सं २०५३ मा मोरङकी राधिका आचार्यसँग प्रेमविवाह गरे । उनीहरुका दुई छोरा छन्, सन्जीव र राजीव । सन्जीव सफ्टवेयर इन्जिनियर हुन् भने राजीव पढ्दैछन् ।

मुकुन्डो कला नेवार समुदायका चित्रकारहरुको पुर्ख्यौली पेसा हो । तामाङ मान्छे कसरी नेवार कलाको गुरू बन्न पुगे त ?

उनको पुर्ख्यौली थलो सिन्धुपाल्चोक । बुबा थिमीमै काम गर्थे, उनी यतै जन्मेहुर्के । उनी कक्षा ६ मा पढ्दा बुबा बिते । त्यसैले सानैदेखि काम गर्नुपर्ने बाध्यता भयो । उनले १३ वर्षकै उमेरदेखि निरन्तर बहाखा बजारका प्रख्यात कलाकार कान्छा चित्रकारसँग काम गरे । कान्छासँग सात वर्ष सिकेपछि उनले नगरकोटमा मुकुन्डो पसल खोले ।

वर्ष दिनपछि थिमीमै फर्कर 'मध्यपुर मास्क मेकिङ' खोले । त्यसयता फर्कर हेर्नु परेको छैन । उनले विभिन्न संघसंस्थाबाट सम्मान तथा पुरस्कार पाएका छन् ।

यसरी मुकुन्डो कलालाई नयाँ उचाइमा पुऱ्याउने कलाकार हुन्, सोमराज तामाङ ।

सम्पर्क : **सोमराज तामाङ**
मध्यपुर मास्क मेकिङ, भक्तपुर
फोन : ९८४१३७१४५४



# राती उडान कसरी हुन्छ ?

## जिपिएसमा आधारित एप्रोच सिस्टम, आधुनिक रनवे लाईट, सञ्चार प्रणाली तथा अत्याधुनिक जहाजका कारण रात्रिकालिन उडान बढ्दै

■ सुरज कुँवर



हामीलाई राखेर उडिरहेको जहाज अनि उड्डयन संसार कति धेरै रोचक छ है ! हो, जहाजको आधुनिक इन्जिनियरिङ र उडान-विज्ञानका आविष्कारहरु आश्चार्यजनक छन् ।

ध्वनिको गतिभन्दा दोब्बर (प्रतिघन्टा २१ सय किलोमिटर) को रफ्तारमा उड्ने सुपरसोनिक यात्रु जेट कन्कर्डको चर्को आवाज संसारका एयरपोर्टबाट बिदा भइसकेको छ । फ्रान्स तथा बेलायतले बनाएको कन्कर्डलाई माथ गर्ने गरी लङ रेन्जका यात्रुमैत्री आधुनिक एरोडाइनमिक्स भएका विमानको ठूलो सङ्ख्यामा उत्पादन भइरहेको छ ।

जिरो भिजिबिलिटीमा अवतरण हुने एयरबसको ए-३५० अनि बोइङको ड्रिमलाइनर-७८७ जस्ता वायुयान हिजोआज धेरै देशका एयरलायन्स तथा यात्रुको पहिलो रोजाइमा पर्न थालेका छन् । उस्तै आकारको विमानहरूसँगको तुलनामा ड्रिमलाइनर र एयरबसको ए-३५० विमानले कम्तीमा २० प्रतिशत कम इन्धन खपत गर्छन् ।

यस्ता व्यावसायिक जेट विमान ३० देखि ४० हजार फिट बिचको उचाइमा ८ सय देखि ९ सय ५० किलोमिटर प्रतिघण्टाको गतिमा क्रुजमा उडिरहेका हुन्छन् । यात्रुहरूको रूचिका आधारमा नेक्स्ट जेनेरेसन एयरक्राफ्टका रूपमा एयरबसले ३२१ एक्सएलआर र बोइङ ७७७ एक्सलाई डिजाइन गरेको छ ।

वैज्ञानिकहरूका लागि उड्डयन क्षेत्र सधैं नवीनता भएको अवसरको सागर हो । कार्बन उर्त्सजन कम गर्ने इलेक्ट्रोनिक हाइब्रिड विद्युतीय विमानको विकासमा विकसित देशहरु लागिसके । राइट दाजुभाइले सन् १९०३ मा उत्तरी अमेरिकाको क्यारोलिनामा १२ सेकेन्ड उडाएको त्यो पहिलो उडानदेखि अहिले हामी उडिरहेका जहाजसम्म थुप्रै कम्फर्ट प्रविधिहरूको विकास हुने क्रम रोकिएकै छैन ।

एउटा विमान उडान-अवतरणमा ककपिटपछाडि बसेका यात्रुहरूले पाइलटलाई मुख्य भूमिकामा देख्छन् । तर, जहाजलाई उडाउन पाइलटहरूका पछाडि एयर ट्राफिक कन्ट्रोलरदेखि बत्ती जडान भएका डन्डाको सहायताले ग्राउन्ड अपरेसन अन्तर्गत पार्किङमा सघाउने मार्सलरसम्म दर्जनौं व्यक्तिको सहायता हुन्छ ।

वरिष्ठ इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियर तथा नागरिक उड्डयन प्राधिकरणका पूर्वनिर्देशक सञ्जीवसिंह कठायतका अनुसार, ड्याम्मै बादल लागेको अवस्थाको शून्य भिजिबिलिटी होस् वा रातको गाढा अँध्यारोमा पनि बडेमानको जहाजलाई धावनमार्गको थ्रेसहोल्डमै पुर्‍याउने 'क्याट-थ्री-सी' इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) सटीक भइदिएकाले आजको हवाईयातायात थप विश्वसनीय, भरपर्दो, सर्वसुलभ र छरितो भएको छ ।

रोचक कुरा के छ भने एउटा विमानस्थलबाट उडेको जहाजलाई अर्को विमानस्थलसम्म पुर्‍याउने मानिसबाहेक थुप्रै निर्जीव यन्त्रहरूको अनिवार्य सहायता चाहिन्छ । जसको सहायताबिना आधुनिक विमान पाइलट मात्रैको भरमा नेपालका आन्तरिक विमानस्थलमा खराब मौसम र राती अवतरण हुन सक्दैनन् । इन्जिनियर कठायतका अनुसार यसरी विमानका साथीहरूका रूपमा सघाउने यन्त्रहरूको सेवा प्रदायकलाई सीएनएस अर्थात् कम्युनिकेसन, नेभिगेसन एन्ड सर्भिलेन्स भनिन्छ ।

हवाइयातायातको सुरक्षा तथा समन्वयका लागि सञ्चार नभई नहुने घटक हो । आकाशमा भएको जहाज र भुईंमा रहेको एयर ट्राफिक कन्ट्रोलर रहने टावर लगायतका स्टेसनबिच सूचना आदानप्रदान गर्न सञ्चार नभई हुँदैन । त्यस्तै एउटा जहाजले अर्को उडिरहेको जहाजसँग मौसमको अवस्था, सम्भावित चुनौतीबारे सञ्चार गर्न पनि कम्युनिकेसन नभई हुँदैन ।

जहाजलाई उडानमार्गमा मार्गनिर्देश गर्न अनि सुरक्षित अवतरण गराउन नेभिगेसन अर्को नभई नहुने सञ्चारपछिको दोस्रो घटक हो । आधुनिक नेभिगेसन प्रणालीले विमानको स्थिति तथा मार्गमा ठिक अवस्थामा रहन सघाउने, योजना अनुसारको प्रभावकारी तरिकाले सुरक्षित रूपमा रूट पछ्याउन सघाउछन् । रनवे लाइट प्रणालीबिना यी उपकरणहरूको उपयोगिता हुनै सक्दैन ।

रनवे लाइटिङ सिस्टमअन्तर्गत एप्रोच पाथ इन्डिकेटर (पापी), रनवे इन्ड आइडन्टीफायर, रनवे थ्रेसहोल्ड, टचडाउन जोन, रनवे सेन्टरलाइन र धावनमार्गको किनारामा रनवे एज लाइट नभए राती र लो भिजिबिलिटीमा सुरक्षित अवतरण गराउन सकिँदैन ।

तेस्रो बहुमुखी सर्भिलेन्स उपकरण रडार हो । रेडियो तरङ्गको माध्यमबाट जहाजको अवस्था, दुरी, गति ट्र्याक गर्न तथा मौसमी जानकारी लिन रडार (रेडियो डिटेक्सन एन्ड रेन्जिङ)सर्भिलेन्सको मद्दत चाहिन्छ ।

नागरिक उड्डयन प्राधिकरणका इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन

इन्जिनियर सञ्जयकुमार ठाकुरका अनुसार ५०/५२ वर्षअघि नेपालको नागरिक उड्डयन क्षेत्रमा जहाजलाई अवतरणमा सघाउने रेडियो ट्रान्समिटर प्रणालीमा आधारित ननडाइरेक्सनल बेकन (एनडीबी) प्रविधि थियो । उपत्यकाभित्र काठमाडौंको सिनामङ्गल, नलिञ्चोक र ललितपुरको ठैंचुमा राखिएका एनडीबीले पठाउने बिकन फ्रिक्वेन्सीलाई जहाजले पछ्याउदै धावनमार्गसम्म आइपुग्थे ।

खराब मौसम, भूबनोट र वायुमण्डलमा हुने फेरबदलका कारण एनडीबीका बिकन सङ्केतको सटीकता प्रभावित हुने भएकाले बिस्तारै यो प्रविधि संसारभरका विमानस्थलबाट हटाइँदै गएको छ ।

उडान सुरक्षा बढाउन र भरपर्दो उडान व्यवस्थापन गर्न, ढिलाइको दर घटाउन, आकाशको अधिकतम प्रयोग गर्न उड्डयन सहाय यन्त्र तथा उपकरणमा निरन्तर विकास भइरहेको छ । अहिले विश्वभर नेक्स्ट–जेन (नेक्स्ट जेनेरेसन एयर ट्रान्सपोर्टेसन) प्रविधिमा आधारित जहाज उत्पादन भइरहेका छन् । यसमा भएको सुधारले कम्युनिकेसन, नेभिगेसन र सर्भिलेन्समा टेवा पुऱ्याएको छ ।



सिनामङ्गलमा रहेको सञ्चार तथा उड्डयन सहाय विभागका प्रमुख मनोहर राजभण्डारीका अनुसार नेपालले भूआधारित भरपर्दो नेभिगेसन उपलब्ध गराउन भीएचएफ ओम्निडिरेक्सनल रेन्ज/डिस्टेन्स मेजरिङ इक्युभमेन्ट (भीओआर–डीएमई), एरिया नेभिगेसन (आरएनएभी), ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस), इन्स्ट्रमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) जस्ता आधुनिक र उन्नत प्रविधि अहिले प्रयोगमा ल्याएको हो । यिनैको प्रयोगमा मौसम प्रतिकूल भएको अवस्था र रात्रिउडान सहज हुने गरेको छ ।

'अहिले भद्रपुर, विराटनगर, सिमरा, भैरहवा, नेपालगन्ज, पोखरा, धनगढी र काठमाडौंमा भूसतहमा आधारित भीओआर–डीएमई राखिएको छ,' इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियरसमेत रहेका राजभण्डारीले भने, 'अहिले सञ्चालनमा रहेकामध्ये २५ वर्षअघि नेपालगन्ज र सिमरामा जडान गरिएका भीओआर–डीएमईलाई हटाउँदै नयाँ जडान गर्दै छौं ।'

एयर ट्राफिक कन्ट्रोलर (एटीसी)ज्ञानेन्द्र भुलका अनुसार, भीओआर–डीएमइ भूआधारित रेडियो नेभिगेसन प्रणाली हो । यसले पाइलटहरूलाई सटीक दिशाको जानकारी प्रदान गर्दछ । 'खराब मौसम होस् वा रातको समयमा विमानस्थलको बाटो देखाउन यो उपयोगी यन्त्र हो,' एटीसी भुलले भने, 'अर्को डीएइको भनेको डिस्टेन्स मेजरिङ इक्युभमेन्ट हो । यसले उडिरहेको विमान र ग्राउन्ड स्टेसनबिचको दुरी मापन गरी पाइलटलाई आफू कति पर छु भन्ने जानकारी दिन्छ ।' उनका अनुसार भद्रपुरदेखि धनगढीसम्म (एटीआर उडान हुने राजविराज, सुर्खेत र तुम्लिङटारबाहेक) रूटमा पाइलटहरूले आकाशमा आफ्नो स्थिति सही रूपमा भए/नभएको दिशा र दुरीबारे भीओआर–डीएमइबाट जानकारी लिन्छन् ।

भीओआर–डीएमइपछि भूसतहबाटै जहाजलाई अवतरणमा सघाउने अर्को आधुनिक प्रणाली इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) हो । यसले जहाजलाई अवतरणका क्रममा धावनमार्गको रेखाभन्दा दायाँबायाँ वा तलमाथि भएको अवस्थामा सही बिन्दुमा सोझिन मार्गनिर्देश गर्छ ।

प्राधिकरणका अनुसार आइएलएस अहिले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आइएलएस राखिएको छ । तर, दुबै विमानस्थलले यो प्रणाली जहाजका लागि 'खुला' गरिसकेका छैनन् ।

आइएलएसमा लोकलाइजर र ग्लाइड स्लोप गरी दुइटा यन्त्र धावनमार्गको छेउमा राखिएका हुन्छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइएलएसअर्न्तगत लोकलाइजर हालै मात्रै जडान गरेर प्रयोगमा ल्याइएको छ ।

यसले जहाजलाई धावनमार्गको मध्यरेखासँग पङ्क्तिबद्ध गराउन सहयोग गर्छ । अवतरणका क्रममा विमानलाई धावनमार्गको मध्यरेखाबाट कति दायाँ वा कति बायाँ रहेको अवगत गराउने मुख्य काम यसै लोकलाइजरको हो ।

नौ वर्षअघि टर्किस एयरलायन्सको वाइडबडी विमान अवतरणका क्रममा धावनमार्गमा दुर्घटना भएको थियो । उड्डयनकर्मीहरूका अनुसार यदि त्यसबेला धावनमार्गको उत्तरी बिन्दुमा लोकलाइजर भइदिएको भए त्यो विमानलाई पाइलटले धावनमार्ग नदेखे पनि सिधा रेखामा ल्याउन सक्थे । र, सायद दुर्घटना टर्थ्यो । त्यस्तै ६ वर्षअघि बङ्गलादेशबाट आएको युएस् बङ्गलाको बमबार्डियर विमानले पनि लोकलाइजर सहायता पाइदिएको भए दुर्घटनाबाट जोगिन सक्ने विश्लेषण भएको थियो ।

एटीआरका प्रशिक्षक पाइलट रञ्जनकुमार शर्माका अनुसार दुई दशकअघि नेपालमा काठमाडौं अनि बाहिर रहेका विराटनगर, भैरहवा, नेपालगन्जमा मात्रै रात्रि उडान हुन्थ्यो । तर अहिले तराईमा भरतपुरबाहेक सबै विमानस्थलमा रात्रि उडान हुन्छ ।

उनका अनुसार जब आन्तरिक उडानमा ७० सिटसम्मका एटीआर विमानको प्रवेश भयो रात्रि उडानलाई सजिलो बनाउन रेडियो ट्रान्समिटर प्रणालीमा आधारित नन–डाइरेक्सनल बेकन (एनडीबी) प्रविधि विस्थापन हुदै गए । त्यो प्रविधिको ठाउमा भीएचएफ ओम्निडिरेक्सनल रेन्ज/डिस्टेन्स मेजरिङ इक्युभमेन्ट (भीओआर–डीएमइ), एरिया नेभिगेसन (आरएनएभी), ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस) प्रणालीको सहायतमा जहाज विमानस्थलमा अवतरण हुन थाले ।

'विमान टेकअफदेखि अवतरणसम्म सुरक्षित रूपमा मार्गदर्शन गर्न नेपाली आकाशमा पाइलटलाई सघाउने भीओर–डीएमई, आइएलएसजस्ता ग्राउन्डमा आधारित यन्त्रिक सहायताहरु छन् भने स्याटलाइट र जीपएसमा आधारित आरएनएभी/आरएनपी (एरिय नेभिगेसन र रिक्वाइर्ड नेभिगेसन पर्फमेन्स) जस्ता आधुनिक एयरबोर्न प्रणाली पनि छन्,' एटीआरका वरिष्ठ क्याप्टेन शर्माले भने ।

प्राधिकरणका अनुसार काठमाडौंबाहिर जनकपुर, भरतपुर र राजविराजमा भीओरआर–डीएमई राखिएको छैन । एटीसी भुलका अनुसार जनकपुर र राजविराजमा धावनमार्ग लामो भएकाले त्यहाँ भूसतहमा आधारित भीओर–डीएमइ उपकरणले नभई भूउपग्रह र जहाजमा जडान हुने जीपीएस यन्त्रबाट हुने एयरबोर्न नेभिगेसन प्रणाली (आरएनपी) बाट जहाज राती वा कम भिजिबिलिटीमा अवतरण गर्न सक्छ । तर, भरतपुरमा धावनमार्ग छोटो भएकाले त्यहाँ हेरेर गरिने उडान मात्रै सम्भव छ । अहिले भरतपुरको धावनमार्ग लामो बनाउने काम हुँदै छ । त्योसँगै भरतपुर पनि एटीआर–७२, सीआरजे लगायतका ठुला जहाजबाट रात्रि उडान गर्न सकिने विमानस्थल हुनेछ ।



## भैरव रिसाल

# परोपकारी पत्रकार

*नेपाली समाजमा केही पात्रको नाम सम्भिनेबित्तिकै श्रद्धाले शिर भुक्छ । यस्तै एक कर्मयोगी हुन्, भैरव दाइ । उनको पत्रकारिता र समाजसेवाको आलोकले हामीलाई सत्कर्म गर्न प्रेरित गरिरहने छ ।*

**अमृत भादगाउँले**

पत्रकारितासँगै उनले धेरै सामाजिक अभियान पनि चलाए, कहिले छोरीबुहारी पढाऔं भन्दै हिंडे भने कहिले 'हुम्ला उज्यालो अभियान'को नेतृत्व गरे । घरघरमा चर्पी बनाउने मात्र होइन, वातावरण संरक्षण र पाकाहरूको सम्मान अभियान पनि चलाए ।

कविशिरोमणि लेखनाथ पौड्यालले ठिकै लेखेका हुन्, 'उपकारी गुणी व्यक्ति निहुरिन्छ निरन्तर, फलेको वृक्षको हाँगो नभुकेको कहाँ छ र ?'

नेपाली पत्रकारिताका शिखर पुरूष भैरव दाइ (भैरव रिसाल)लाई भेट्दा कविशिरोमणिको कविताका पङ्क्तिहरूको सम्भना आउँछ । उनी सक्रिय एवम् अर्थपूर्ण जिन्दगी जिउँदै छन् । उनमा कुनै घमन्ड छैन ।

सात दशकभन्दा लामो समयदेखि पत्रकारितामा क्रियाशील छन् उनी । अस्ति साउन २९ गते उनले ९७ वर्षमा पाइला टेके । त्यो दिन पनि काठमाडौंको सामुदायिक रेडियो सगरमाथामा उनी कार्यक्रम चलाउँदै थिए, कुरोकन्थो ।

वि.सं. २०५६ भदौको दोस्रो सातादेखि उनले 'कुरोकन्थो' कार्यक्रम चलाएका । हरेक मङ्गलबार बिहान ७ बजे प्रसारण हुने कार्यक्रमले समसामयिक विषय उठान गर्थ्यो । यसमा उनी १० मिनेट आफ्ना विचार राख्थे ।

स्वास्थ्य कमजोरीका कारण ९७ औं जन्मदिनपछि उनले कुरोकन्थोको बिट मारे । पत्रपत्रिकामा भने लेखिरहेकै छन् ।

काठमाडौंको अनामनगरमा छ, उनको निवास । बुढ्यौली रोगहरूका कारण हिँडडुल गर्न गाह्रो छ । घरमै बसेर लेखपढ गर्छन् । भेटघाटमा आउनेहरूलाई सधैं इमान्दार बन्न आग्रह गर्छन् ।

राणा शासन, पञ्चायती शासन र गणतान्त्रिक शासनसम्म ब्यहोरे उनले । राजनीति, प्रशासन, पत्रकारिता सबैतिर मनपरीतन्त्र मौलाएकाले नै नेपालले समृद्धिका खुट्किला चढ्न नसकेको उनको ठम्याइ छ ।

मुलुकलाई सही लिकमा डोर्‍याउने दायित्व पत्रकारको हो । पत्रकार आफैं लोभीपापी बन्नु हुँदैन । निष्ठाको पत्रकारिता गर्नुपर्छ । पत्रकारले आफ्नो धर्म बिर्सनु हुँदैन ।

'पत्रकारहरु पैसाको पछि दौडनु भएन', उनी आग्रह गर्छन्, 'हामी इमान्दार बन्यौ भने मात्र मुलुक अघि बढ्छ ।'

उमेरभन्दा ढिलो बुढ्यौलीले छोप्यो उनलाई । आज उनी डाँडामाथिका घाम बनिसके । उनलाई कसैले 'बाजे' भन्दैन । उनी सबैका प्रिय 'भैरव दाइ' ! नाति पुस्ता पनि दाइ सम्बोधन गर्छ । दाइ शब्द उनलाई प्रिय लाग्छ ।

उनको जीवनका दुई पाटा छन्, पत्रकारिता र समाजसेवा । दुबैमा उनको अनुहार चम्किलो देखिन्छ ।

शिखरबाट फर्केर हेर्दा उनलाई आफूले भोगेको जीवन कथाजस्तै लाग्छ ।

उनको जन्म भक्तपुरको गुन्डुमा भएको थियो । उनी चार वर्षको नहुँदै आमा गणेशकुमारीलाई हैजाले लग्यो । अकालमै जीवनसाथी गुमाउनुको पीडाले उनका पिता गोवर्धन बिरक्तिए ।

त्यतिबेला दधिकोटमा रहेका गोवर्धनका जजमानहरूले भनेछन्, 'तपाईं जोगी नबन्नुस्, बरू बसाइँ सर्नुहोस् ।'

नभन्दै उनको परिवार गुन्डुको तिथलीबाट दधिकोटमा सर्‍यो । उनी दधिकोटमै हुर्के, बढे । पिता उनलाई संस्कृत पढाएर कर्मकाण्ड गर्न सक्ने अब्बल पण्डित बनाउन चाहन्थे । त्यसैले उनलाई ललितपुरको लुभु भाषा पाठशालामा भर्ना

## प्रकाशित कृति

- साधुलाई शूली
- उहिले बाजेका पालामा
- हात्ती
- नेपाली वाङ्मयका तीन तारा
- उहिलेको नेपाल
- छानिएका रचना
- त्यतिबेलाको पत्रकारिता
- भैरव दाइ

## साधुलाई शूली

**भैरव** दाइको जेल डायरी 'साधुलाई शूली' पुस्तकका रूपमा छापिएको छ । पञ्चायतकालमा पत्रिकामा छापिएको एउटा लेखकै कारण उनले अनाहकमा जेल जीवन बिताउनु पर्‍यो । यस पुस्तकमा तिनै कुरा लेखिएको छ ।

भएको के थियो भने, सरकारी समाचार संस्था 'राष्ट्रिय समाचार समिति'बाट राजीनामा दिएर उनी स्वतन्त्र पत्रकारितामा लागेका थिए । वि.सं. २०४३ असोज ६ गते राजधानी साप्ताहिक पत्रिकामा उनको लेख छापियो, 'एसियाली मापदण्ड : मन्त्रीमण्डलको ठगी खाने भाँडो ।'

तत्कालीन राष्ट्रिय पञ्चायतमा प्रस्तुत आर्थिक वर्ष २०४३/०४४ को बजेटबाट नेपाली जनताको जीवनस्तर एसियाली मापदण्डमा पुर्‍याउने राजा वीरेन्द्रको सपना साकार हुन सक्दैन भन्ने लेखको निचोड थियो ।

उनको लेखले हल्लीखल्ली मच्चायो । सरकारी ठेकेदारहरूका कन्सिरीका रौं ठाडा भए । विरोधीका कुरा सुन्नै नसक्ने एकतन्त्रीय पञ्चायती शासनले उनीसहित पत्रिकाका प्रकाशक आङ्दोर्जे लामालाई करिब वर्ष दिन जेलमा कोच्यो ।

एकाएक भैरव दाइ मुलुकभर चर्चित बने । लामो समय सरकारी जागिर खाएका उनी पञ्चायत विरोधीका रूपमा चिनिए ।




गरिदिए । उनले पढाइसँगै पुरेत्याइँ गर्न थाले ।

कक्षा ८ मा पुग्दा उनी पुराण भन्ने र रूद्री लगाउने भइसकेका थिए । कक्षा ९ देखि भने उनी काठमाडौंको रानीपोखरीस्थित नेपाल राजकीय संस्कृत प्रधान पाठशालामा पढ्न थाले । उनले बनारसको क्विन्स कलेजबाट मध्यमा परीक्षा उत्तीण गरे ।

क्विन्स कलेजबाटै उनले वि.सं. २०१२ सालमा शास्त्री तहको परीक्षा उत्तीर्ण गरे । र, बनारसकै सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट वि.सं. २०१५ सालमा आचार्यकल्पको उपाधि पनि पाए ।

पत्रकारिताको सिलसिलामा उनी नेपालका सबै जिल्लामा पुगे । हिमाल, पहाड र तराईका विशेषतालाई नजिकबाट चुमे । यसरी पत्रकारले मुलुकको भूधरातलीय यथार्थ, आवश्यकता र सम्भावना सबैको विश्लेषण गर्न सक्नुपर्छ । सबै जातजाति, भाषाभाषी र धर्मावलम्बीप्रति अपनत्व देखाउनु पर्छ ।

उनी बाध्यताले अचानक पत्रकार बनेका । जागिर खोज्दै भौतारिएका बेला उनले राजा महेन्द्रका प्रमुख जनसम्पर्क अधिकृत पूर्णप्रसाद शर्मालाई भेटे । शर्मा दधिकोटको छिमेकी गाउँ कटुन्जेका थिए ।

तिनले एउटा कागजको चिर्कटोमा नाम लेखेर त्यतिबेलाको चर्चित पत्रिका 'हालखबर'मा सिफारिस गरिदिए । हालखबरका सञ्चालक थिए, रङ्गनाथ शर्मा । तिनले भैरव दाइलाई निवेदन लेख्न भनेछन् ।

'निवेदनका रूपमा मैले त राम्रै निबन्ध लेखिदिएछु', उनले सम्फे ।

रङ्गनाथले सोधे, 'साइकल चलाउन जानेको छ कि छैन ?'

'जानेको छु', उनले जबाफ दिए ।

'ल साइकल लिएर जानू । भोलिदेखि जागिरे भयौ । महिनाको सय रूपैयाँ तलब पाउँछौ',

शर्माका कुरा सुनेर उनी दङ्ग परे ।

यसरी वि.सं. २०१३ देखि उनी पत्रकार बने । चार पृष्ठको हालखबर पत्रिकाको मूल्य चार पैसा पर्थ्यो । सम्पादक थिए, दाताराम शर्मा ।

पत्रकारिताबाट उनले त्यतिबेलाका चर्चित नेताहरु डिल्लीरमण रेग्मी, टंकप्रसाद आचार्य, बी.पी. कोइरालालगायतसँग सङ्गत गर्ने अवसर पाए ।

नेतालाई भेट्न देशभरका मान्छे आउँथे । उनीहरु आफ्ना कुरा सुनाउँथे । उनी तिनै विषय पत्रिकामा लेख्थे । उनले वि.सं. २०१६ सालसम्म पत्रकारिता गरे । त्यसपछि अन्य सरकारी काममा लागे । वि.सं. २०१८ को जनगणनामा उनी सरकारी कर्मचारी बनेर सुदूरपश्चिम खटिएका थिए । उनी कालापानी लिम्पियाधुरासम्म पुगे । त्यतिबेला लिम्पियाधुरा पनि जनगणनामा समेटिएको उनी सम्झन्छन् । त्यसैले लिम्पियाधुरा हाम्रै हो ।

बागमतीमा पानी बगिरह्यो । उनको यात्रा चलिरह्यो । उनले फेरि वि.सं. २०२० देखि २०४२ वैशाख १ सम्म राष्ट्रिय समाचार समिति (रासस) मा काम गरे । राससको प्रमुख संवाददाताबाट राजीनामा दिएपछि उनको दोस्रो जन्म भयो अर्थात् सरकारी बन्धनबाट मुक्त बने ।

उनले वि.सं. २०४२ वैशाखबाट २०४७ चैतसम्म डा. देवेन्द्रराज पाण्डेको नेतृत्वमा रहेको गैरसरकारी संस्था एकीकृत विकास प्रणाली (आई.डी.एस) मा सामाजिक वैज्ञानिकको भूमिका निर्वाह गरे । किसानलाई गुणस्तरीय बिउ आलु प्रयोग गरेर आलुमा आत्मनिर्भर बन्न प्रेरित गरे । इलामको जस्बिरे, बैतडीको खोड्पे, कास्कीको धम्पुस, दैलेखको रानीमत्ता, सुनसरी, दोलखा आदि जिल्लामा उनले काम गरेका थिए ।

उनी वातावरण पत्रकार समूह र रेडियो सगरमाथाका पनि संस्थापक हुन् । उनले पत्रिकामा लेखेका र रेडियोमा बोलेका कुरा पुस्तकका रूपमा प्रकाशित छन् ।

सानैदेखि उनमा परोपकारी भावना थियो । पत्रकारितामा होमिएदेखि उनी समाजसेवामा पनि लागे । पत्रकारको सबैसँग चिनापर्ची हुने भइहाल्यो । तत्कालीन राष्ट्रिय पञ्चायत सदस्यहरु, कर्मचारीसँग पनि उनको उठबस हुन्थ्यो । त्यो सम्बन्धलाई उनले गाउँ विकासको सेतु बनाए । आफ्नो गाउँ दधिकोटमा विकास, निर्माण र तालिम परियोजना ल्याए । घरघरमा छोरीबुहारी पढाऔं अभियान पनि चलाए । छिमेकी गाउँको विकास र सामाजिक जागरणमा समेत उल्लेख्य योगदान पुऱ्याए ।

उनले 'उज्यालो हुम्ला' अभियान पनि चलाए । ६० को दशकमा उनले सुरू गरेको अभियानले साँढे पाँच सय घरमा उज्यालो (सौर्य ऊर्जा) पुऱ्याइयो । उनको होस्टेमा हुम्लाका अगुवा जीवनबहादुर शाहीले हैंसे गरे । यसमा धेरैले आर्थिक सहयोग पुऱ्याएका थिए ।

उनको परोपकारी कामका धेरै आयाम छन् । सामाजिक काममा उनको सक्रियता लोभलाग्दो छ । भक्तपुरका महिला, बुहारी, ज्येष्ठ नागरिकलाई उनी बर्सेनि नगद र जिन्सीसहित सम्मान गर्छन् ।

उनले जयतु संस्कृतम आन्दोलनको पनि नेतृत्व गरे । तिनताका संस्कृत पढाउने पण्डितले थोरै तलब पाउँथे । त्रिचन्द्र कलेजका प्राध्यापकले धेरै पाउँथे । संस्कृत पढ्नेहरूले सोधे, 'किन यस्तो विभेद ?'

प्राध्यापकहरु भूगोल, इतिहास, राजनीति र अर्थशास्त्र जान्दछन् भन्ने जबाफ पाए । त्यसैले संस्कृतमा भूगोल र इतिहास पढ्न पाउनुपर्छ भनेर २००४ सालमा 'जयतु संस्कृतम आन्दोलन' चलाइएको हो । त्यसको नेतृत्व पङ्क्तिमा भैरव दाइ पनि थिए । त्यसपछि उनीहरूले ती विषय पनि पढ्न पाएको सम्झँदा आनन्द मान्छन् ।

उनी सानैदेखि वामपन्थी विचारबाट प्रभावित बने । तीनधारा संस्कृत पाठशालामा पढ्दा, वि.सं. २००९ मा कम्युनिस्ट बनेका । उनको सङ्गत पुष्पलाल श्रेष्ठ, तुलसीलाल अमात्य आदिसँग थियो । पत्रकारिता जीवनमा भने उनको राजनैतिक छवि ओझेलमा पऱ्यो ।

नेपालमा बहुदलीय व्यवस्था पुनःस्थापनापछि उनी राजनीतिज्ञका रूपमा उदाए । वि.सं. २०४८ सालको आमनिर्वाचनमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का तर्फबाट भक्तपुर क्षेत्र नम्बर २ मा चुनाब लडे । त्यस चुनाबमा नेपाली काँग्रेसका उम्मेदवार जगन्नाथ आचार्यसँग पराजित बने ।

नेमकिपासँगको उनको नाता कायमै छ । सामान्य किसान परिवारबाट उठेका भैरव दाइ, गरिब, मजदुर, किसान र श्रमजीवीका पक्षमा वकालत गर्छन् ।

फर्केर हेर्दा जिन्दगीप्रति कुनै गुनासो छैन । उनी अर्थपूर्ण जीवन बाँचिरहेका छन् ।

'इमान्दार भएर बाँचें', उनी मुस्कुराउँछन्, 'आफूले बाँचेको जीवनप्रति सन्तुष्ट छु ।'

हामीलाई यस्तै कर्मयोगीको खाँचो छ । भैरव दाइको सुस्वास्थ्यको कामना !

## सुशीला अर्थात् ऊर्जा

उनको आत्मकथा 'भैरव दाइ'मा 'सुशीला' शीर्षकमा लेखिएको छ, 'उनी मेरी साथी, सहयात्री सबै हुन् । मेरो जीवनलाई सफल मान्ने हो भने यो उनकै कारण सम्भव भएको हो । जस्तोसुकै कठिन यात्रामा पनि उनी मेरो सारथी बनिन् ।'

सुशीला, भैरव दाइकी ऊर्जा, साहस र हिम्मत हुन् । उनी ८३ वर्षकी भइन् । वि.सं. २०१६ साल फागुन ७ गते उनीहरूको विवाह भएको थियो । उनको माइती चापागाउँको ताहाखेल गाउँ ।

उनले नर्सिङ सेवामा ५० वर्ष बिताइन् । सरकारीमा २८ वर्ष र निजी संस्थामा २२ वर्ष काम गरिन् ।

'उहाँ सजिलो मान्छे हो, कामसँग मतलब राख्नुहुन्छ', जीवनसाथीका विषयमा उनी भन्छिन्, 'हाम्रो बिचमा कहिल्यै मनमुटाव भएन ।'

उनीहरूको सम्बन्ध झल्काउने पुस्तक, 'सुशीलाभैरव' प्रकाशित छ । उनीहरूको प्रेमकथा रोचक र प्रेरणादायी छ ।



# सेयर कहिले बेच्ने ?





■ मुराहरी पराजुली

कतिबेला कुन सेयर किन्ने भन्ने प्रश्नको उत्तर सजिलो छैन । सेयर कहिले बेच्ने त्यो जान्नु अझै महत्त्वपूर्ण छ । सेयर भन्नाले यहाँ चर्चा गर्न खोजिएको विषय सबै किसिमको धितोपत्र (सेयर, ऋणपत्र, म्युचुअल फन्डका एकाइ) मा लागु हुन्छ ।

सस्तोमा किनेर महँगो मूल्यमा बेच्न सकियो भने फाइदा हुन्छ । तर, कुन मूल्य सस्तो हो र कुन महँगो हो भनेर पहिल्याउनु सबैभन्दा गाह्रो कुरा हो । कुनै तरिकाले सस्तो मूल्यमा सेयर खरिद गर्दा पनि महँगोमा बेच्ने बेलामा धेरै लगानीकर्ता चुकेका हुन्छन् । मूल्य अझै धेरै माथि जान्छ र बेचौँला भन्ने लोभले झुक्याउँछ ।

झट्ट सुन्दा नाफाको लक्ष्य र नोक्सानलाई नियन्त्रणको सीमाभित्रै राख्ने कुरा सजिलो जस्तो सुनिन्छ । तर, यी दुई कुरालाई निर्धारण गर्ने तत्त्वहरु धेरै हुने भएकाले सोचेजस्तो सजिलो हुँदैन । तीमध्ये मुख्य निर्धारक तत्त्वहरु के के होलान् ?

### सोचेको मूल्य

सेयर किन्दा यति मूल्य पुगेपछि बेच्छु भन्ने तय गर्नुपर्छ । यसरी पहिल्यै लक्ष्य निर्धारण नगरी बजारको तालमा बग्दा लोभको भुमरीमा परिने जोखिम हुन्छ । मूल्य बढ्दै जाँदा अझै बढ्छ र बेचुँला भन्ने लोभ पलाउँछ । अनि, कतिबेला बजार झर्छ थाहा हुँदैन ।

यसबाट बच्नका लागि सेयरको मूल्य बढेर यो तहमा पुग्यो भने बेच्छु वा मूल्य घटेर यो तहमा झर्‍यो भने पनि बेच्छु भन्ने यकिन पहिल्यै गर्नुपर्छ । यहाँनेर कुन मूल्य भन्ने कुरा तुलनात्मक हुन्छ । आफूले लगानी गर्ने रकम सेयरको सट्टा अरू क्षेत्रमा लगाउँदा कति प्रतिफल आउँछ त्योसँग तुलना गर्नुपर्छ ।

सामान्यतया जोखिम बढी भएको लगानी क्षेत्रमा प्रतिफल बढी आउँछ । त्यसैले आफ्नो जोखिम वहन गर्ने क्षमतालाई विचार गरेर लगानी क्षेत्र रोज्नुपर्छ । जस्तै, बैङ्कले दिएको निक्षेपमा ब्याज, घरजग्गा कारोबारबाट हुने लाभ, सुनचाँदीजस्ता बहुमूल्य धातुमा लगानी गर्दा प्राप्त हुने प्रतिफलसँग हामीले सामान्य किसिमले तुलना गर्न सक्छौं ।

यसैगरी स्टक एक्सचेन्जमा सूचीकृत भएका सबै क्षेत्रका कम्पनीको सेयर किनबेचबाट प्राप्त हुने लाभ र त्यसमा रहेको जोखिम पनि समान हुँदैन । कम्पनीहरूले हरेक तीन महिनामा सार्वजनिक गर्ने विवरण र बजारमा चलिरहेको मूल्य तुलना गर्न सकिन्छ ।

यसरी तुलना गरिसकेपछि आफ्नो नाफाको लक्ष्य पूरा गर्ने र आफूले जोखिम थेग्न सक्ने कम्पनीको सेयरमा लगानी गर्नुपर्छ ।

### लगानी विविधीकरण

एकै किसिमका कम्पनीको सेयरमा लागनी गर्ने वा एकै किसिमको धितोपत्रमा लगानी गर्ने गर्नु हुँदैन । त्यसैले लगानी विविधीकरणका लागि आफ्नो पोर्टफोलियोलाई सन्तुलित बनाइरहनु पर्छ ।

बजार चलायमान हुन्छ । त्यसैले तपाईंको पोर्टफोलियो पनि स्थिर रहन सक्दैन । आफ्नो पोर्टफोलियोको मूल्य बढाउन र त्यसबाट प्राप्त हुने लाभलाई अधिकतम बनाइराख्न समय समयमा समीक्षा गरेर सोही अनुरूप किनबेच गर्नुपर्छ । यस क्रममा केही सेयर बेच्नुपर्ने हुन सक्छ ।

### कम्पनीको अवस्था

यहाँ चर्चा गर्न खोजिएको कुरा सबै किसिमका धितोपत्रको हो । बोलीचालीमा कम्पनी भनिन्छ तर धितोपत्र कम्पनी, सरकार वा बहुराष्ट्रिय निकायले जारी गर्न सक्छन् । यसरी धितोपत्र जारी गर्नेको अवस्था पनि सधैं उस्तै हुँदैन ।

आम्दानी घट्दै गएको, कानुनी समस्यामा परेको, भ्रष्टाचारजन्य काण्डहरूमा फसेको, व्यवस्थापनमा विचलन आएको, प्रविधिमा आएको परिवर्तन वा उपभोक्ताको रूचिमा आएको परिवर्तनले अवस्था खस्किदै गएका कम्पनीहरूको धितोपत्र बेच्नु बुद्धिमानी हुन सक्छ ।

### समग्र आर्थिक अवस्था

सामान्यतया सेयरलाई मुद्रास्फीति विरूद्ध लड्ने राम्रो औजार मानिन्छ । ठुलो नगद रकमलाई लिएर निष्क्रिय बस्नु उचित हुँदैन । तर, आर्थिक तेजी र मन्दीको अवस्थाबाट सबै कम्पनीको व्यवसाय उत्तिकै प्रभावित हुँदैनन् । कुनै कम्पनीको व्यवसाय मन्दीमा फस्टाउने खालको हुन्छ भने अधिकांश कम्पनीका लागि तेजीकै अवस्था अनुकूल हुन्छ । यसरी समग्र अर्थतन्त्र र बजारको अवस्था अनुरूप कम्पनी छुट्याएर कुनको सेयर राख्ने र कुनको बेच्ने भन्ने निर्णय गर्नुपर्छ ।

### व्यक्तिगत कारण

बिहेबारी लगायतका पारिवारिक कार्यक्रम, रोगव्याधिमा औषधोपचार, छोराछोरीका शिक्षादीक्षा, घरजग्गा खरिद वा निर्माण, ऋण चुक्ता गर्ने जस्ता नितान्त व्यक्तिगत कारणले पनि सेयर विक्री गर्नुपर्ने अवस्था आउन सक्छ ।

### कर व्यवस्थापन

हाम्रोमा एक वर्ष अवधिभन्दा लामो समय राखेर सेयर विक्री गर्दा यसबाट हुने नाफामा पाँच प्रतिशत कर लाग्छ भने एक वर्षभित्रै बेच्दा हुने नाफामा ७.५ प्रतिशत कर लाग्छ । त्यसकारण सेयर विक्री गर्दा कम कर लाग्ने गरी विक्री गर्नु बुद्धिमानी हुन्छ ।

### मनोवैज्ञानिक कारण

कतिपय लगानीकर्ता भिडलाई पछ्याउने खालका हुन्छन । तर्कसङ्गत विश्लेषणभन्दा बजारमा सबैले सेयर किनिरहेका छन भने किन्ने र बेचिरहेका छन् भने बेच्ने गर्छन् । चलाख लगानीकर्ताले यसो गर्दैनन् ।

अधिक लोभ र अधिक डरजस्ता भावनात्मक प्रभावबाट मुक्त हुनुपर्छ । कहिले र कुन तहमा पुगेपछि सेयर विक्री गर्ने भन्ने लक्ष्य पहिल्यै तय गरियो भने भावनात्मक पासोमा पर्ने जोखिम कम हुन्छ ।

### लाभांश कटौती

कुनै कम्पनीले लाभांश दिएको छैन वा हरेक वर्ष लाभांश कटौती गर्दै लगेको छ भने त्यो राम्रो सङ्केत होइन । यसलाई कम्पनीले वित्तीय रूपमा समस्यामा छु भन्ने जनाउ दिएको मान्नुपर्छ । यस्ता कम्पनीको सेयर विक्री गर्नु उचित हुन्छ ।

सेयर किन्न मात्र जानेर हुँदैन बेच्न पनि जान्नुपर्छ । योजनाबद्ध र अनुशासित लगानीले अधिक लाभ र न्यून जोखिम सुनिश्चित गर्छ ।

# भलिबलको मजा

## *तराईदेखि पहाडसम्म लोकप्रिय भलिबल*



नेपाल भलिबल सङ्घका अध्यक्ष जीतेन्द्रबहादुर चन्द प्राय सबै भाषणमा एउटै कुरा दोहऱ्याउँछन्, 'नेपालका सबै जिल्लामा खेलिने खेल भलिबल मात्र हो ।' तराईतिर यो खेल धेरैको दैनिकी बनेको छ भने पहाडी र हिमाली क्षेत्रतिर पनि भिराला कान्लालाई सम्याएर खेलिन्छ । भलिबल देशको लोकप्रिय खेल बनेको छ ।

चाडपर्वका बेलामा समेत युवाहरूबिच तराईदेखि पहाडसम्म भलिबल प्रतियोगिता आयोजना गरेर मनाइन्छ । त्यो प्रतियोगितामा खेल्ने खेलाडी त्यो क्षेत्रका नायकजस्तै हुन्छन् । उपाधि जित्ने टोलीका खेलाडी त अझ राष्ट्र नायकजस्तै । यसले पनि भलिबल धेरै नेपालीको मनमा बसेको छ ।

यही भलिबललाई २०७४ साल जेठमा नेपाल सरकारले 'राष्ट्रिय खेल' घोषणा गरेको थियो । लोकप्रियताका हिसाबमा फुटबल र क्रिकेट पनि छन्, तर यी दुई खेल भलिबलजस्तो नेपालका कुनाकाप्चामा पुग्न सकेको छैन ।

साउनमा नेपालले सेन्ट्रल एसिएन भलिबल एसोसिएसन्स (काभा) महिला भलिबल नेसन्स लिगको आयोजना गऱ्यो । यो नेपालले आयोजना गरेको अहिलेसम्मकै ठुलो प्रतियोगिता । दुई ठुला राष्ट्र भारत, इरानसहित श्रीलङ्का र माल्दिभ्सलाई समेट्दै यो प्रतियोगिता आयोजना गरेकाले स्वाभाविक रूपमै दर्शक कभर्ड हलमा ओइरिएका थिए । तर बस्नलाई मुस्किलले १ हजार सिट रहेको थियो । नेपाल र भारतबिचको फाइनल खेल हेर्न १५ सयको टिकट काटेर ठुलो सङ्ख्यामा दर्शक ओइरिएका थिए । तर सिट अभावका कारण धेरै दर्शक कभर्ड हल बाहिर नै रोकिएका थिए । राष्ट्रिय प्रतियोगितामा पनि दर्शक धान्न गाह्रो भइरहेको अवस्थामा अन्तर्राष्ट्रिय प्रतियोगिता भएको समयमा कभर्ड हलले दर्शक थेग्न सक्ने अवस्था नै थिएन । गोङ्गबु बस पार्कबाट नेपाल र भारतबिचको फाइनल खेल हेर्न आएकी सुनिता गुरूङ दुईवटा रेलिङबाट आफ्नो आधा टाउको निकालेर भन्दै थिइन, 'यो त कारागारमा राखेको जस्तो भयो, राष्ट्रिय खेल भलिबललाई एउटा ठुलो कभर्ड हल बनाइदे सरकार ।'

नेपालले यसअघि दुई पटक एसियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपको उपाधि जितेको थियो । दुवै पटक यो प्रतियोगिता बङ्गलादेशमा भएको थियो । सन् २०२१ मा पछिल्लो पटक उपाधि जित्दा नेपालले उज्बेकिस्तानलाई फाइनलमा पराजित गरेको थियो । यस प्रतियोगितामा नेपाल र उज्बेकिस्तानसहित बङ्गलादेश, किर्गिस्तान, माल्दिभ्स र श्रीलङ्का गरी ६ टोलीले प्रतिस्पर्धा गरेका थिए ।



सेन्ट्र एसिएन भलिबल एसोसिएसन्स (काभा) मा १४ राष्ट्र आबद्ध छन् । यसमध्येको कुनै पनि राष्ट्रलाई समावेश गरेर त्यो देशले प्रतियोगिता आयोजना गर्न सक्छन् । नेपाल प्रतिस्पर्धाको हिसाबमा एसियन सेन्ट्रल जोनभन्दा माथि बढ्न चाहन्थ्यो, जसले महिला राष्ट्रिय टोलीलाई माथिल्लो स्तरको अनुभव दिलाउथ्यो । यसको अर्को पाटो नेपाल आयोजकका हिसाबमा यहाँ रहेको भलिबलको क्रेज विश्वलाई देखाउन पनि चाहन्थ्यो । काभा महिला भलिबल नेसन्स लिगको आयोजना गरेर नेपालले दुवै पक्ष प्रमाणित गरेको थियो । प्रतियोगिता राउन्ड रोबिन लिगको आधारमा खेलाइएको थियो । पहिलो खेलमा श्रीलङ्कालाई सहजै पन्छाएको नेपालले दोस्रो खेलमा भारतलाई पराजित गरी जोडदार प्रस्तुति दिएको थियो ।

नेपालले महिला भलिबलमा भारतलाई पराजित गरेको यो पहिलो अवसर थियो । सन् १९९९ को दक्षिण एसियाली खेलकुद (साग) देखि भारतसँग खेल्दै आए पनि नेपालले आफ्नो नजिकको छिमेकीलाई यसअघिका १० महिला भलिबल खेलमा कहिल्यै पराजित गर्न सकेको थिएन । २०१९ को तेह्रौं सागको महिला भलिबल फाइनलमा भारतविरूद्ध दुई सेटको अग्रता लिएर पनि पराजित हुनुको पीडा सम्भवतः नेपालले कहिल्यै भुल्ने छैन । भारतमाथि यसपटकको विजयले धेरै हदसम्म त्यो पीडामा मलम लगाएको थियो ।





भारतको तुलनामा केही कमजोर मानिएको इरानसँग तेस्रो खेलमा पराजित हुन पुग्यो । माल्दिभ्सलाई अन्तिम खेलमा सहजै पराजित गरी नेपालले सेमिफाइनलमा पुनः इरानसँगको भेट निश्चित गरेको थियो । इरानलाई सेमिफाइनलमा सोझो सेटमा पराजित गरी नेपाल भारतसँग फाइनल खेल खेल्न उभिएको थियो । दुई पटक अग्रता लिए पनि अन्तमा नेपालले भारतसँग ३-२ सेटमा घुँडा टेकेको थियो । भारतलाई फाइनलमा पराजित गरी काभा महिला भलिबल नेसन्स लिगको उपाधि जित्ने सम्भावना यसपटक पनि अधुरै रह्यो । काभाबाट नेपालले आफ्नो प्रदर्शन एक स्टेप माथि पुऱ्याएको देखाएको थियो र भारतले अब कहिल्यै नेपाललाई सहज प्रतिद्वन्द्वीका रूपमा लिने छैन ।

लोकप्रियता र राम्रो सम्भावनाका हिसाबमा सरकारले भलिबललाई गत वर्ष चीनमा भएको एसियाली खेलकुदमा सहभागी गराएको थियो । यसले नेपाली महिला भलिबल टोलीलाई एक्सपोज हुने अवसर दिएको थियो । अरूणा शाहीको कप्तानीमा रहेको नेपाली भलिबल टोलीबाट सरस्वती चौधरी, निरूता ठगुन्ना, उषा भण्डारी, सलिना श्रेष्ठ, सुमित्रा रेग्मी, कामना विष्ट, पुनम चन्द, सफिया पुन, कविता भट्ट, आरती सुवेदी, सङ्गम महतो लगायतका खेलाडीले राम्रो प्रदर्शन गरेका थिए । विधागततर्फ सरस्वती वेस्ट अपोजिट प्लेयर र सलिना वेस्ट लिब्रोमा चुनिएकी थिइन् । यी खेलाडीहरूले अगामी दिनमा अझ उच्च प्रदर्शन गर्ने अपेक्षा गरिएको छ ।

संस्थागत हिसाबमा हेर्ने हो भने नेपाली भलिबल जसोतसो चलिरहेको छ । काभा महिला भलिबल नेसन्स लिगको आयोजना र प्रदर्शनलाई टेकेर नेपाली भलिबल अगाडि बढ्नुपर्ने अवसर आएको छ । नेपाली भलिबल राष्ट्रिय खेलाडीले मासिक ५ हजार पारिश्रमिक पाउँदै आएका छन् । भलिबल सङ्घसँग खेलाडीलाई मासिक पारिश्रमिक दिने स्थिति छैन । विदेशमा बस्दै आएका पूर्वखेलाडीहरु मिलेर सहयोग स्वरूप खेलाडीको मासिक पारिश्रमिक पठाइदिने गरेका छन् । काभा महिला भलिबल नेसन्स लिगको फाइनलमा युवा तथा खेलकुद मन्त्री तेजवीर चौधरी, रक्षामन्त्री मानवीर राई, काठमाडौं महानगरपालिकाका मेयर बालेन साह, उपमेयर सुनिता डङ्गोल, युवा नेताहरु रामकुमारी झाँक्री, ठाकुरप्रसाद गैरेलगायतको उत्साहजनक उपस्थितिले नेपाली भलिबलको वर्तमान अवस्थालाई चिर्ने विश्वास गरिएको छ । उपविजेता नेपाली महिला टोलीलाई जनही १ लाख प्रदान गर्दै महानगरपालिका एउटा राम्रो कभर्ड हल निर्माणको सोचमा पुगेको छ ।

महिला भलिबलको फ्रेन्चाइज लिगको सुरूआत हुन लागेको छ, यसले कम्तीमा खेलाडीको परिश्रमलाई थोरै सम्मान गर्नेछ । नेपाल भलिबल सङ्घले पुरूषका लागि केडिया ग्रुपसँग र इन्फिनिटी ड्रिम्स प्रा.लि.सँग मिलेर महिला फ्रेन्चाइज लिग आयोजना गर्दैछ । महिला लिग सम्भवतः दसैंअगाडि नै हुनेछ र यो फ्रेन्चाइज लिग सिटी अवधारणाको हुनेछ । शरदकृष्ण टिबरेवालाले टिम काठमाडौं, अनुज तिमिल्सिना, अनोज रिमाल र विरोचन खनालको कोरसिंक नेपालले टिम ललितपुर, रोहित अग्रवाल र विशाल अग्रवालले टिम मधेश, सौरभ केडियाले टिम गण्डकी, निम्बस होल्डिङ्सले टिम चितवन तथा राजेश बगडिया र प्रकृति अधिकारीले टिम कर्णालीको स्वामित्व लिएका छन् । सबै टोलीले आफ्नो टिमको नाम परिवर्तन गर्न पाउने छन् । मधेशले आफ्नो टिमको नाम मधेश युनाइटेड राखिसकेको छ ।

फ्रेन्चाइज टोलीले आफ्नो मार्की खेलाडी निश्चित गरिसकेका छन् । निरूता ठगुन्ना मधेश, अरूणा शाही चितवन, उषा काठमाडौं, सलिना ललितपुर, सरस्वती गण्डकी र सुमित्रा कर्णालीको मार्की प्लेयर बनिसकेका छन् । एउटा फ्रेन्चाइज टोलीमा ९ नेपाली र ३ विदेशी खेलाडी हुनेछन् । 'ए', 'बी' र 'सी' श्रेणीमा रहने नेपाली खेलाडीले क्रमशः १ लाख ५० हजारका दरले पाउने छन् । नेपाली खेलाडीको छनोट ड्राफ्ट गरिने छ । खेलाडीको पारिश्रमिक थोरै देखिए पनि यो सुरूआत भएको भलिबल सङ्घका अध्यक्ष चन्द बताउछन् । उनी भन्छन्, 'नेपाली भलिबलको राम्रो दिन आउदैं छ ।'

# तराईमा दसैं

*मिथिला क्षेत्रको अत्यन्तै महनीय चाड दसैंका बारेमा राष्ट्रिय स्तरमा यस्तो उदासीनता वा अज्ञानता प्रश्नका रूपमा तेर्सिने गर्दछ - तराईमा पनि दसैं हुन्छ र?*



■ धीरेन्द्र प्रेमर्षि

सामान्य कुराकानीमा झ्वाट्ट यो प्रश्न कतैबाट आउन सक्छ- तराईमा पनि दसैं हुन्छ र ? मिडियाको व्यापकताका साथै सामाजिक सञ्जालले समेत पर्याप्त मात्रामा साञ्चारिक दायित्व निर्वहन गरिरहेको अहिलेको समयमा पनि यस्तो प्रश्न अस्तित्वमा हुनुका मुख्य तीन पाटा छन् । पहिलो- आफूले जान्ने भाषा र आफूले मान्ने संस्कृतिबाहेक अरूको बारेमा वास्तै नराख्ने राष्ट्रिय मानसिकता । दोस्रो- नेपालका राष्ट्रिय मिडियाहरूका आँखामा चढेका खस संस्कृतिको लेन्सयुक्त राजधानीवाला चस्मा । र, तेस्रो- तराई क्षेत्रका चाडपर्वमा प्रदर्शनकारीभन्दा आनुष्ठानिक पक्ष बढी मुखर हुनु । यसले गर्दा सिङ्गो तराईको सन्दर्भमा यसै भन्न नसकिए पनि तराईमधेशलाई सधैं वैचारिक र सांस्कारिक आधार एवं उत्कर्ष दिँदै आएको मिथिला क्षेत्रको अत्यन्तै महनीय चाड दसैंका बारेमा राष्ट्रिय स्तरमा यस्तो उदासीनता वा अज्ञानता प्रश्नका रूपमा तेर्सिने गर्दछन्- तराईमा पनि दसैं मनाइन्छ र ?

दसैं यस्तो पर्व हो, जसलाई संसारभरिका हिन्दु धर्मावलम्बीहरूले आआफ्नो शैली, विश्वास र परम्पराका आधारमा मनाउने गर्दछन् । नेपालको सांस्कृतिक विविधताले यसलाई झनै विशिष्ट सम्पदाका रूपमा प्रदर्शन तथा संरक्षण गर्दै आएको छ । तर हाम्रा सरकारीलगायतका सञ्चार माध्यमहरु नेपालीहरूको महान् चाड भन्दै यसलाई टीकाजमरामै खुम्च्याइराख्नुलाई नेपालीपन ठान्छन् । यसबाट अन्य भूगोल र संस्कृतिका नेपालीहरूले पृथकता र मौलिकतासाथ मनाउने दसैंका स्वरूपहरु ओझेलमा परेका छन् । मिडियाको व्यापकताले पछिल्लो समय नेपालभरिकै दसैंको अनुहारमा टीकाजमरा देखिन थाले पनि ३-४ दशअघिसम्मको अवस्था यस्तो थिएन । पश्चिमी तराईको अवधी सांस्कृतिक क्षेत्रमा दसैंका क्रममा दुर्गापूजा वा शक्ति उपासनाको परिपाटी खासै देखिँदैनथ्यो । रावणमाथि रामको विजय प्रसङ्गलाई आधार



बनाएर मनाइने अवधको दसैंमा प्रायजसो रामलीलाको मञ्चन गर्दै रामको रसिकविहारी छविलाई विशेष प्रकाशित गरिन्थ्यो । विजया दशमीका दिन भने खुल्ला मैदानमा रावणको बुख्याँचा बनाई रावणवध गर्ने प्रचलन थियो ।

त्यसैगरी पश्चिमी तराईको थारू समुदाय वा डगौरा थारूहरूमा फरक प्रकृतिका सांस्कृतिक उपक्रमहरूका साथ दसैं मनाउने चलन थियो । दसैं लागेदेखि नै सखियाँ नाच्नेगाउने परिपाटी सुरू हुन्थ्यो । थारू समुदायको दसैं अहिले पनि अनेकौं मौलिकताका साथ जीवित रहेको पाइन्छ । थारूहरूको दसैंमा 'बर्का नाच'को प्रचलन छ । यसलाई 'बरी मार' पनि भन्दछन् । 'बरी मार' अर्थात् ठुलो लडाइँ । यो 'बरी मार' वस्तुतः महाभारतको थारू लोकशैली हो । यसप्रकार थारू समुदायको दसैंमा पारम्परिक रूपले अन्यत्र देखिने जस्तो दुर्गा उपासना वा रामायणको प्रसङ्गभन्दा इतर महाभारतको कथाले प्राथमिकता पाएको छ ।

तराईमधेशकै पनि विविध समुदायका आआफ्नै मौलिक सांस्कृतिक शैली र वैशिष्ट्यहरु छन् । तीमध्ये नेपालको सन्दर्भमा मैथिल संस्कृतिमा अर्थात् प्राचीन मिथिलाअन्तर्गत पर्ने गण्डक नदीभन्दा पूर्व र पर्वतशृङ्खलाहरूभन्दा दक्षिणतर्फको भूभागमा मनाइने दसैंबारे केन्द्रित छ, यो आलेख ।

नेपालीको मनमनमा उल्लासको सञ्चार गर्ने महान् पर्व दसैंको मिथिला क्षेत्रमा आफ्नै विशेषता छ । यस क्षेत्रमा ठाउँठाउँमा शक्तिपीठहरु रहेका छन् । भगवतीका मन्दिरहरु पनि धेरै छन् । दसैंको समयमा भगवतीका मूर्ति नबनाइएका गाउँहरु मिथिलामा बिरलै पाइन्छन् । ती सबैजस्तो मन्दिर वा मूर्तिस्थलहरूमा दुर्गापूजा-मेला लाग्दछ ।

दसैंमा फूलपाती भित्र्याउने प्रक्रियालाई जसरी दरबारी संस्कृतिसँग आबद्ध गरेर महिमामण्डन गरिएको छ, त्यो पनि मिथिलाकै दशमीअन्तर्गत बेलनोतीपछि गरिने बेलतोडी प्रक्रियाको सम्भ्रान्तीकरण हो भन्न मिल्ने आधारहरु पाइन्छन् । शाहवंशको स्थापनापछि गोरखा दरबारबाट हनुमान ढोका दरबार ल्याइने गरेको फूलपातीमा देखिने राजकीय विधानको मौलिक रूप मिथिलाका गाउँहरूमा अहिले पनि बेलनोती र बेलतोडीका रूपमा पाउन सकिन्छ । यसरी मैथिलहरूको बसोबासका साथै प्रवास रहेका ठाउँहरूमा समेत यस्ता परम्पराहरूले झाङ्गिने र जनमानसलाई जोड्ने मौका पाए ।

### मूर्ति निर्माण : आयातीत संस्कृति

दसैँमा गाउँगाउँ, टोलटोलमा भगवती दुर्गालगायत देवदेवीका माटाका मूर्ति निर्माण गराई प्राणप्रतिष्ठापश्चात् पूजाआजा गरिने प्रचलन छ । नवमीसम्म पूजापाठ जारी राख्दै विजयादशमीको दिन भगवतीको बिदाइ गर्दै मूर्तिहरु विसर्जन गरिन्छ । पछिल्लो समय मिथिलाको दसैँका सन्दर्भमा यो मुख्य चिनारी बन्न पुगेको छ । तर मूर्ति निर्माणपछि पूजनको प्रचलन मिथिलामा पनि सातआठ दशकभन्दा पुरानो भने होइन । प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा पाँच दशकअघिसम्म दुर्गाको मूर्ति बनाउने प्रचलन थिएन । यसको सुरूवात जनकपुरधामको विद्यापति चोकमा परमहंस कलना बाबाको उत्प्रेरणा र स्थानीय बुद्धिजीवीहरूको प्रयासबाट सुरू भएको हो । त्यही समयको एकाध दशक अघिपछि मिथिलाका अन्य स्थानहरूमा दुर्गाको अस्थायी मूर्ति बनाइने र पूजापाठ गरिने चलन सुरू भएको हो । यस्ता मूर्ति बनाउने कलाकारहरु उहिलेउहिले बङ्गालबाट आउने गरेको बताइन्छ ।

### बङ्गाल, नेपाल र उडिसामा दसैँको मिथिलाशैली

मूर्तिको प्रचलन बङ्गालबाट आए पनि पूजापद्धति भने मिथिलाबाटै बङ्गाल गएको हो । दुर्गापूजासम्बन्धी सबैभन्दा पुरानो ग्रन्थको पाण्डुलिपि नेपालकै एक बौद्ध विहारमा संरक्षित रहेको भारतीय विद्वानहरु बताउँछन् । एघारौँ शताब्दीको 'देवी महात्म्य' नामक उक्त ग्रन्थ भुजिमोल लिपिमा लेखिएको छ । लिपिविशेषज्ञ एवं प्राचीन साहित्यका अध्येता डा. भवनाथ झाका अनुसार भूमिबोल लिपि तिरहुता लिपि (मिथिलाक्षर) को प्राचीन रूप हो । यस आधारमा





उपर्युक्त पाण्डुलिपि मैथिल विद्वानबाट लेखिएको सिद्ध हुन्छ । यसको दुई शताब्दीपछि मिथिला नरेश हरिसिंह देवका धर्माधिकारी चण्डेश्वर ठाकुरद्वारा लिखित 'कृत्यरत्नाकर'मा दुर्गापूजाका विधिहरूको वर्णन गरिएको छ । चण्डेश्वर तिनै व्यक्ति हुन्, जसले सिमरौनगढको पतनअघि नै नेपालमण्डलमा राज्य स्थापना गरिसकेका थिए । त्यसपछि चौधौँ शताब्दीमा मैथिल कविकोकिल विद्यापतिले दुर्गाभक्तितरङ्गिणी लेखे । यसमा दुर्गामूर्तिको स्वरूप, सार्वजनिक पूजामा कुनकुन देवीदेवताका केकस्ता प्रतिमा हुनुपर्छ, केकस्ता प्रसाद अर्पण गर्नुपर्छ आदि कुराको विस्तारमा वर्णन गर्दै दशमीका दिनसम्मको पूजाविधान लेखिएको छ । मिथिला, बङ्गाललगायतका क्षेत्रमा नौरथाभरि पाठ गरिने दुर्गाशप्तसतीको मानक वा आधार ग्रन्थ पनि दुर्गाशप्तसतीलाई नै मानिन्छ ।

पछिल्ला पाँच दशकमा फस्टाएको पूजापद्धति मराठी पद्धति हो, जो गीता प्रेसबाट प्रकाशित पुस्तकका माध्यमबाट व्यापक भएको छ । काशीहिन्दू विश्वविद्यालयका पण्डित शाश्वत मिश्रले भनेका छन्- कोलकाताको सावर्ण राय चौधरीका घरमा इस्वी सन् १६१० देखि हुँदै आएको दुर्गापूजाको पद्धति आजसम्म पनि विद्यापति रचित दुर्गाभक्तितरङ्गिणीमा वर्णित विधिबाटै हुँदै आएको छ ।

यी उदाहरणहरूका आधारमा प्राचीन साहित्य अन्वेषक डा. झा भन्छन्- दुर्गापूजाको पुरातन विधिको सिर्जना मिथिलामै भए तापनि यसको परम्परालाई निरन्तरता दिन भने नेपाल, बङ्गाल र उडिसाले विशेष भूमिका निर्वाह गरेको छ ।

### कलशस्थापन : दसैँको सुरूआत

मिथिलामा दशमी कलस्थापनको आनुष्ठानिक प्रक्रियापछि सुरू हुन्छ । नेपालका अन्य क्षेत्रहरूमा भनिने घटस्थापनालाई नै मिथिलामा 'कलस्थापन' भनिन्छ । कलस्थापनमा मूर्ति निर्माण गराइएका मन्दिरहरु, दुर्गाका स्थायी मन्दिरहरु तथा व्यक्तिको घरमा गरिन्छ ।

आम मानिसले उपलब्ध स्रोतसाधन र सुविधा अनुसार बालुवामा जौ (जयन्ती) छरी त्यसैमाथि माटाको कलश राख्छन् । तर, विशेष विधानपूर्वक पूजा गरिँदा भने गोसाउनि घरमा काठको तख्तामाथि रातो कपडा राखेर त्यसमाथि अक्षताले गणेश, षोडशमातृका तथा नवग्रहको निर्माण गरिन्छ । त्यसैमाथि बालुवा र गाईको गोबरको मिश्रणमा जयन्ती (जमरा) छरिन्छ । यसमाथि प्रायः इशान कोणमा पर्नेगरी कलशको स्थापना गरिन्छ ।

कलस्थापनपछि विशेष पूजाअर्चनाको सिलसिला प्रारम्भ हुन्छ । मैथिलहरु कलस्थापनदेखि नै दसैँको भक्तिमयतामा डुब्छन् । नवरात्राभरि उपवास बस्छन् । कतिपयले भने फलाहार गरेर पूरा दसैँ बिताउँछन् । यस अवधिमा सात्विक भोजन ग्रहण गर्दछन् । अष्टमी वा नवमीको दिन बलिप्रदान हुनुअघिसम्म माछामासु खाँदैनन् । केही व्यक्ति मिथिलामा कस्ता पनि भेटिन्छन् भने सामान्यतया उनीहरु शाकाहारी हुन्छन् । तर दससससससैँमा बलि चढाइएको बोकोको प्रसाद भने खान्छन् । अर्थात्, वर्षमा एकपटक मात्र प्रसादका रूपमा उनीहरु मांसाहार गर्छन् ।

यस बिचमा अधिकांश घरमा प्रतिदिन पार्थिव महादेवको पूजा गरिन्छ । पुरूषहरु नौरथाभरि शक्तिपीठ वा भगवती मन्दिरहरूमा गई दुर्गाशप्तसती पाठ गर्छन् । कतिपय व्यक्ति आफ्नै गोसाउनि घर (पूजा कोठा) मा पनि यसरी दुर्गाशप्तसती वा दुर्गाकवच पाठ गर्छन् । महिलाहरु भगवतीको नित्य पूजाका साथै 'पातरि दिने' काममा संलग्न हुन्छन् । भगवतीलाई भोग लगाई कुमारी भोजन गराउने प्रक्रियालाई पातरि (पातैर) भनिन्छ । पातरिमा खिरको भोग लगाइन्छ ।

### बेलनोती र बेलतोडी

दुर्गापूजाका समयमा मूर्ति नबनाइने प्रायः कुनै गाउँटोल हुँदैन । मूर्ति निर्माणका दिनदेखि त्यसको प्राणप्रतिष्ठा र त्यसअन्तर्गतका सांस्कृतिक तथा धार्मिक क्रियाकलापले दसैँलाई उल्लासमय बनाइरहेको हुन्छ । मूर्ति बनाउने काम मात्र एउटा प्रक्रियाको रूपमा नभई अनुष्ठानकै रूपमा हुने गर्दछ । यस क्रममा मूर्ति बनाइने माटो खन्दा साइत हेराइन्छ । मूर्ति बनाउन सुरू गर्दा पनि साइत हेराइन्छ । सबै काम निश्चित नियमनिष्ठाअनुसार हुने गर्दछ ।

मूर्तिस्थल तथा दुर्गामन्दिरहरूमा बेलनोती र बेलतोडीको प्रक्रियाले दसैँको उल्लासमा अझ





रौनक थपेको हुन्छ । बेलनोती र बेलतोडीको अर्थ बेललाई निम्त्याउने र बेल टिपेर ल्याउने भन्ने हुन्छ । यी क्रमशः षष्ठी र सप्तमी तिथिका दिन गरिने सांस्कृतिक प्रक्रिया हुन् ।

धार्मिक विश्वासका अनुसार भगवती दुर्गा बेलको रूखमा आएर बसेकी हुन्छिन् । त्यहाँबाट मूर्ति बनाइएको स्थानसम्म पूजाअनुष्ठानका साथ दुर्गालाई ल्याइने काम बेलनोती र बेलतोडीमा गरिन्छ । षष्ठीका दिन बाजागाजासहितको टोली बेलको रूख भएको ठाउँमा पुग्छ । त्यहाँ विशेष प्रकारको बेललाई रातो टालोले बाँधेर निम्तो दिइन्छ । निम्त्याइने बेल एउटै हाँगामा जोडिएर फलेको हुनुपर्ने हुनाले त्यस्तो बेलको खोजीमा यदाकदा निकै टाढासम्म पनि पुग्नुपर्ने हुन्छ ।

सप्तमीका दिन पुनः निश्चित साइतमा बाजागाजा र पण्डितपुरोहितसमेतको जनसमूह अघिल्लो दिन निम्त्याइएको बेल टिप्न जान्छन् । बेल टिप्न जाँदा श्रद्धालुहरु साजशृङ्गारयुक्त पालकी (डोली) लिएर जान्छन् । कहिलेकाहीँ त्यस्तो बेल निकै अग्लो ठाउँमा पाइएको अवस्थामा बाँसको २०-२५ फिटसम्मको अग्लो सिँढी बनाएर निकै जोखिमपूर्ण ढङ्गले पनि बेललाई निम्त्याउने र टिप्ने गरिन्छ । बेल निम्त्याउने र टिप्ने व्यक्ति नुहाइधुवाइ पवित्र भएर नयाँ धोती लगाई यस काममा संलग्न हुन्छन् । बेल टिपेर ल्याएपछि त्यसलाई पालकीमा सजाएर भगवतीको जयकारा लाउँदै ल्याइन्छ ।

सप्तमीको मध्यरातमा मूर्ति बनाइएका ठाउँहरूमा भगवतीको आँखाको नानी बनाइन्छ । त्यसपूर्व मूर्तिका बाँकी सबै निर्माणकार्य गरिसकिए पनि आँखा बनाउन बाँकी राखिएको हुन्छ । टिपेर ल्याइएको बेलपत्रको सिन्काले आँखाको नानी हाल्ने विधि सम्पन्न गरिन्छ । यसपछि नै भगवतीको जन्म भएको मानिन्छ ।

अष्टमीका दिन घरको दैलादैलामा भगवतीको चित्र बनाइन्छ । सामान्यतया भित्ताको सतहलाई पिठार (ढड्याइएको चामल पिनेर बनाइएको लेदो) ले पोतेर त्यसमाथि सिन्कोमा कपास बेरेर बनाइएको कुचीले रातो रङ चोप्तै देवीको प्रतीकात्मक चित्र बनाइन्छ । यो काम घरघरमा चेलीहरु वा गृहिणीहरूले गर्दछन् । मैथिल ललनाहरूले संस्कारका रूपमा ग्रहण गरेका मिथिला चित्रकलाको प्रारम्भिक शिक्षाका रूपमा यस्ता गतिविधिहरूलाई पनि लिइन्छ । सप्तमीदेखि नवमीसम्म दुर्गापूजाको विशेष अनुष्ठान हुन्छ भने पातरि दिने वा बलि प्रदान गर्ने कार्यहरु यिनै दिनहरूमा गरिन्छन् ।

## खोइँछ भराइ

सबैभन्दा महत्वपूर्ण प्रक्रियाका रूपमा 'खोइँछ भराइ' हुने गर्दछ । अष्टमीका दिनबाट महिलाहरूले भगवतीको खोइँछ भर्ने कार्य सुरू गर्छन् । खोइँछ भराइको प्रक्रियाले मिथिलामा दुर्गा मातालाई पनि भगवतीका रूपमा पूजा गर्ने मात्र नभई आत्मीय चेलीलाई सगुन उपहार दिने गरिएको परिपाटीलाई रेखाङ्कित गर्दछ । त्यसैले छोरीलाई बिदा गर्दा कतिपय ठाउँमा पाइने पानको पातले गाला सेक्ने चलन भगवती दुर्गाको खोइँछ भराइमा पनि देख्न सकिन्छ । देवीभागवत् पुराणका अनुसार त्रिशक्ति अर्थात् महासरस्वती, महालक्ष्मी र महाकाली नै संसारकी पराशक्ति हुन् । देवी लक्ष्मीका विस्तृत रूप दुर्गा, पार्वती, सती, वैष्णवी तथा अन्य हुन् । लक्ष्मीले मिथिलामा सीताका रूपमा जन्म लिएकी हुँदा शाक्त परम्पराअनुसार सीतालाई देवी शक्ति पनि मानिन्छ । दसैँका बेला गरिने साङ्गीतिक आराधनाहरूमा पनि दुर्गा र सीता एकाकार भएका पाइन्छन् । मिथिलामा सीतालाई नै शक्तिस्वरूपमा मानी दसैँमा यिनको विशेष उपासना गरिन्छ । देवीको सोही रूप 'गोसाउनि पूजा' मा पाइन्छ । मिथिलाका घरघरमा गोसाउनिको पूजा नित्य हुने गर्दछ ।



देवी सीताकै अर्को रूप मानिने भएर पनि मिथिलामा भगवती दुर्गाको खोइँछ भराइको प्रचलन रहेको हो । उसो त धार्मिक रूपले दुर्गाको खोइँछ भर्नु भनेको भगवतीको खोइँछ भरिएझैँ आफ्नो जीवन पनि धनधान्य र कृपादृष्टिले भरिरहोस् भनेर भनिन्छ । तर सूक्ष्म रूपले अवलोकन गर्दा यस्ता प्रक्रियामा मिथिलाको विदेह परम्पराकै पुनरावृत्ति पाउन सकिन्छ । विदेह अर्थात् देह भावना/अभिमानले रहित । आत्मिक भावमा रमाउने, कर्ममा विश्वास गर्ने विशिष्ट परम्परा । चेलीलाई खोइँछका रूपमा सगुन दिने र दशमीका दिन अश्रुपूरित नयनले बिदाइ गर्ने परम्परा ।

खोइँछ भनेको सारीको सप्को, आँचल वा अन्य कुनै वस्त्र विशेषमा चामल/धान, दुबो, बेसार, सुपारी, पैसा आदि पोको पारेर दिइने सगुन हो । यस्तो सगुन वा खोइँछ भराइ आफ्ना छोरीचेलीलाई बिदा गर्दा मङ्गलकामनाका साथ दिने गरिन्छ ।

**दशमी अर्थात् जतरा**

दशमीको दिनलाई 'जतरा' भनेर पनि सम्बोधन गरिन्छ, जसको अर्थ 'साइत' हुन्छ । भनिन्छ- यस दिन दसवटै दिशा खुल्ला हुन्छ । त्यसैले कुनै पनि कामका लागि साइत हेरिराख्नु आवश्यक हुँदैन । जतराको दिन मिथिलामा





**झिझियाको नृत्यमय परम्परा**

मिथिलामा दसैँले लोकगीत/नृत्यको विशिष्ट अनुष्ठान झिझियालाई पनि संरक्षण दिएको छ । घटस्थापनाकै दिनदेखि गाउँका किशोरी, युवती, महिलाहरु राती खाना खाएर एकठाउँ भेला हुन्छन् र झिझिया गाउने/नाच्ने गर्छन् । गीत-नृत्य सुरु गर्नुभन्दा पहिले महिलाहरूको समूह ग्रामदेवता (डिहबार, ब्रह्मस्थान) को स्थानमा पुगेर पहिले डल्ले सुपारी सलामी चढाएर पूजा गर्छन् अनि नाच्दैगाउँदै गाउँ भ्रमण गर्छन् । यसमा प्वालैप्वाल पारिएको घैँटोभित्र दियो बालेर उक्त घैँटो टाउकोमा राखेर नृत्य गरिन्छ । झिझिया नाच गर्नाले दुष्टात्माहरूको प्रभावबाट मुक्त भइने जनविश्वास छ । आधुनिक दृष्टिले हेर्दा विभिन्न किसिमको बन्धनमा बाँधिएका महिलाहरूले दसैँको शारदीय सन्ध्यामा उन्मुक्त रूपले ग्रामभ्रमण गर्ने तथा आफ्नो कला पस्किने र रामरमाइलो गर्ने विशिष्ट अवसर हो ।

एकाबिहानै उठेर नीलकण्ठ चराको दर्शन गर्ने प्रचलन छ । बाल, युवा, वृद्धहरूको समूह भ्रमणमा निस्कन्छन् । नीलकण्ठको दर्शन भएपछि चरालाई प्रणाम गर्छन् । कतैकतै प्रत्यक्ष दर्शन गर्न नसक्नेले दर्शन गर्न सफल व्यक्तिलाई ढोगेर त्यसको पुण्यलाभमा सहभागी हुन्छन् । यसले कतै न कतै घर छेउछाउ रूखबिरूवाको प्रचुरता रहोस् र सबै प्रकारका चराचुरूङ्गीले आफ्नो वरिपरि निवास गरून् भन्ने पर्यावरणीय चिन्तनलाई पनि आधार दिएको छ ।

दसैँको सम्पूर्ण अवधिभर खासगरी महिलाहरूले भगवतीका विभिन्न रूपको पूजाआराधना गर्दै तत्सम्बन्धी संस्कारगीतहरु गाउने गर्दछन् । समूहमा गाइने यस्ता गीतहरूले नौरथा लागेदेखि नै बेग्लै प्रकृतिको भक्तिमयता सिर्जना गर्दछ । जतराको दिन भगवतीलाई बिदा गरिन्छ । यसमा मिथिलाको परम्पराअनुसार बिदाइको गीत गाइन्छ ।

यसरी दसैं मिथिलामा पनि त्यति नै भक्ति, निष्ठा र उमङ्गका साथ मनाइन्छ, जति देशको अन्य ठाउँमा । बरु केही दृष्टिले त अन्तभन्दा पृथक र भव्य रूपले मनाइन्छ पनि भन्न सकिन्छ । हो, टीकाजमरा लाउने पाटो पहाडी समाज जतिको भव्य र व्यापक छैन । मात्र दसैँका दिन घरका मूल व्यक्ति वा पुरोहितबाट लगाएपछि सकिन्छ टीकाजमराको औपचारिकता ।

जुडशीतल, बरिसाइत, मधुश्रावणी, घडीपूजा, चौरचन, जितिया, सपता-बिपता, दशमी, सुकराती, छठी, सामाचकेवा, तिला सङ्क्रान्ति, होली आदि अनेकौँ चाडपर्वका चाङ लागेका हुन्छन् मिथिलामा । यसले गर्दा निकै वैशिष्ट्यपूर्वक दसैं मात्र ठूलो चाड हो भन्ने देखिँदैन । जसरी हालका दिनमा वरिपरि ठूल्ठूला भवनहरु बनेपछि धरहरा खासै नोटिसमा आउन छोडेको छ, मिथिलामा दसैँको अवस्था पनि त्यस्तै हो । पहाडी समुदायमा भने दसैं र तिहार दुई पर्व नै मुख्य भएकाले मैथिलीभाषी क्षेत्रमा यससम्बन्धी एउटा उखानै प्रचलित रहेको छ, दसैँमे दश आना सुकराती छ आना, गेलौ पहडिया सोलहो आना । अर्थात्, सम्पूर्ण चाडवाडमध्ये दश आना दसैँमा सकिन्छ अनि छ आना तिहारमा । यसरी पहाडी समुदायको सोह्रै आना पर्वोत्सव यी दुई अवसरमै समाप्त हुन्छ । तर, मिथिलामा/तराईमधेशमा चाडपर्वहरु पनि थुप्रै मनाइन्छन् । त्यसैले बेलाबखत प्रश्न उठिदिन्छ- तराईमा पनि दसैं हुन्छ र ?



# गरमागरम प्याजी !

*हेर्दै खाऊँखाऊँ लाग्ने प्याजी खजुरी रेल्वे स्टेसनमा आइपुगेका धेरैले खान्छन् ।*



■ श्यामसुन्दर शशि

पूर्वी धनुषामा एउटा गाउँ छ, खजुरी । यो गाउँ खजुरी-चन्हा र महुवा-खजुरीका नामले पनि चिनिन्छ । जनकपुर रेल्वेसँगै सडक मार्गबाट पनि जोडिएको छ, गाउँ । नेपाल-भारत सीमानामा अवस्थित गाउँलाई चिनाएको छ, स्वादिलो प्याजीले ।

प्याजलाई मसिनोसँग काटेर नुन, बेसार, गरममसला आदि मिसाई, बेसनमा चुर्लुम्म डुबाएर शुद्ध तेलमा फ्राई गरी बनाइन्छ प्याजी । हेर्दै खाऊँखाऊँ लाग्ने प्याजी खजुरी रेल्वे स्टेसनमा आइपुगेका धेरैले खान्छन् । रेल खजुरी स्टेसन पुग्ने बित्तिकै बिक्रेताका हुल नै देखापर्छ, 'प्याजी, गरमागरम प्याजी ! अपनो खाउँ आ सनेसो लेने जाऊ..।'

साठी वर्षे मोहन यादव प्याजी बनाउन सुरु गर्ने परिवारका तेस्रो पुस्ताका सदस्य हुन् । जनकपुर-जयनगर रेल सेवा सुरु हुनुभन्दा पहिले ९० वर्षअघि उनका बाजे बौकुले पुरानो खजुरी स्टेसनमा प्याजीसँगै मुरही, घुघनी, कचरी र दहीचिउराको पसल थापेका थिए । बाजे र बापछि यस व्यवसायलाई पछिल्लो ४० वर्षदेखि मोहनले निरन्तरता दिदै आएका छन् ।

उनकोमा दैनिक १५ किलो प्याज खपत हुन्छ । करिब १२ किलोको प्याजी बन्छ । बाँकीको प्रयोग छोला र कचरीमा हुन्छ । प्याजीका साथै मुरही, छोला तथा दहीचिउरा पनि उनको पसलमा लोकप्रिय छ । दही मात्र दैनिक २० किलो बिक्री हुन्छ ।

'सानो साइजको प्याजको एउटा र ठुलो साइजको प्याजको दुईदेखि तीनवटासम्म प्याजी बन्छ । समग्रमा एक किलोमा १५ देखि २० ओटा प्याजी तयार हुन्छ', मोहन भन्छन्, 'दैनिक १० देखि १५ हजारको नास्ता बिक्री गर्छु ।'

एउटा प्याजीको मूल्य २० रूपैयाँ पर्छ । 'चालिस वर्षअघि ३५ पैसामा बिक्री हुन्थ्यो । त्यसपछि क्रमशः ५० पैसा, ७५ पैसा र १ रूपियाँ हुँदै १२ वर्षअघि २० रूपियाँ पुगेको छ', मोहनले सुनाए ।

पत्नी बेचनी यादवसँगै बिहानदेखि बेलुकासम्म फुसको सानो नास्ता पसलमा मिहिनेत गर्ने मोहनका ४ छोरी र २ छोरा छन् । जेठा छोरा सुजितले नेपाली विषयमा स्नातकोत्तर र कान्छा छोरा रविले जनसङ्ख्या विषयमा स्नातक र कप्युटर विषयमा डिप्लोमा उत्तीर्ण गरेका छन् । दुबै छोराले खजुरी स्टेसन नजिकै 'न्यु लाइट भिजन' अङ्ग्रेजी विद्यालय



चलाउँछन् । यहाँ कक्षा १० सम्म पढाइ हुन्छ । विद्यालयमा ९ सयभन्दा बढी विद्यार्थी र ३५ शिक्षक तथा कर्मचारी छन् ।

'मैले पढ्न नसके पनि दुबै छोरालाई पढाएँ । प्याजीको कमाइले चोकमै ४ कट्ठा जग्गा जोडें । छोराले स्कुल चलाउँछु भनेपछि भवन बनाइदिएँ । मुरही, कचरी र प्याजीले मलाई नाम र दाम दुबै दिएको छ', मोहन गर्व गर्छन् ।

वि.सं. १०९२ मा जनकपुर-जयनगर रेलसेवा सुरू हुनुअघि मोहनका बाजेले थापेको एउटै पसल भए पनि त्यसपछि अरूले पनि प्याजीसहित नास्ता पसल खोले । तर, सन् २०१६ देखि रेल विस्तार तथा स्तरोन्नति परियोजना सुरू भएपछि झन्डै १० वर्ष रेलसेवा बन्द भयो । रेलसेवा बन्द हुँदा ग्राहक पनि घटेपछि अन्य पसले पलायन भए तर मोहनको पसल निरन्तर चलिरह्यो ।

'अचेल म रेलमा हल्ला गरेर प्याजी बेच्न जाँदिनँ । नेपालदेखि भारतसम्म मेरा सयौं स्थायी ग्राहक छन्', उनले भने, 'पसलमै बसेर बिक्री गर्न फुर्सद हुँदैन ।'

*४० वर्षअघि प्रति प्याजी ३५ पैसामा बिक्री गर्न सुरु गरेको प्याजीको मूल्य अचेल प्रतिप्याजी २० रुपियाँ पुगेको छ ।*

वि.सं. २०७८ देखि रेलसेवा पुनः सञ्चालन भएपछि प्याजी बेच्नेहरु बढेका छन् । जनकनन्दनी गाउँपालिका- ४ का ४२ वर्षे भोला साहले खजुरी स्टेसन नजिकै पुनः नास्ता पसल थापेका छन् । उनका बाजे उत्तीम साह पनि झन्डै ५० वर्षअघि रेल स्टेसनमा प्याजी बनाउँथे ।



घरबाटै प्याजी बनाएर रेल आउनेजाने बेला बेच्न आउने पनि एक दर्जन जति छन् । स्थानीय महुवाका राजकुमार मुखिया, शम्भुनाथ मुखिया, कृष्णकुमार मुखिया, राजनकुमार मुखिया, राहुलकुमार मुखिया आदिको पटके पेसा पनि घरबाट प्याजी बनाएर ल्याउने अनि रेल आउँदाजाँदा बिक्री गर्नु हो ।

प्याजी बिक्री गर्ने स्कुले बालक पनि हुन्छन् । विद्यार्थी साजनकुमार मुखियाले भने, 'बिदाको दिन बुबालाई सहयोग गर्न आउँछु ।'

# फोनकला



■ मनोज गजुरेल

फोन रिसिभ गर्नु पनि एउटा कला हो । कलालाई सदुपयोग गर्न सकिएन भने त्यो थला पर्छ । थला परेपछि उठ्न गाह्रो हुन्छ, ज्यान होस् वा जीवन । आउनुहोस्, फोन रिसिभ गर्ने (उठाउने) कला सिकौं । संवाद र सम्बन्धलाई सुमधुर बनाऔं ।

प्रायः फोन रिसिभ गर्दा प्रयोग गरिने शब्द हो- हेल्लो वा हलो । हलो भए पनि जुवा भए पनि यी अङ्ग्रेजी शब्द हुन् । हलोको ठेट नेपाली शब्द नहोला तर नजिकका नातेदार थुप्रै शब्द छन्, जुवा, हल्लुँड, अनौ, हरिस आदि । सरी, मैले त नेपाली हलोतिर लगेछु। अँ, हेल्लोसँग मिल्दाजुल्दा शब्दहरु- हजुर, नमस्कार, ज्यू इत्यादि हुँदाहुँदै हामी हलोमै अड्किरहेका छौं ।

चाइनिजहरु हलो भन्दैनन्, ओए भन्छन् । जापनिजहरु मुसिमुसी भन्छन् । हामी पनि आफ्नै 'हलो' खोजौं न भनेर लागेको, भेट्दै नभेटेर हैरान छु । हलो खोज्ने क्रममा मैले सुनेका फोन रिसिभ गर्ने शब्दहरु निम्न भेटिए:

'यस्', 'यस् प्लिज', 'भन्नोस्', 'अँ', 'अँ भन्नोस्', 'भन्नोस् त', 'भनिहाल्नोस्', 'छोटकरीमा भन्नोस्', 'को हो ?', 'किन ?', 'को बोलेको ?', 'बोल्ने को हो ?' 'कसलाई खोज्या ?', 'को होला ?' 'पछि गर्नोस्', 'सुनिएन है', 'हो होई', 'सुइँय', 'ज्यू', 'अहम्', 'को पर्नु भो ?' 'को मऱ्यो ?' आदि । यिनीहरुको छोटो विश्लेषण यस प्रकार छ :

**'हेलो'**- यो फोन रिसिभ गर्ने सबैभन्दा चर्चित शब्द हो । कसैकसैले हेलोलाई 'हलो' पनि भन्छन् तर दुबैको जोताइ एउटै हो । हेलो/हलोमा प्रेम, स्वीकार, इच्छा, अपेक्षा, दायित्व, जिम्मेवारी, कर्तव्यबोध केही पनि हुँदैन । केवल रिङ् बजेकाले उठाइदिने औपचारिकता हो । मनोज-विज्ञानमा यसलाई फोन रिसिभिङको मृत प्रतिक्रिया भनिन्छ ।

**'हजुर !'** - 'हजुर' शब्दले फोन रिसिभकर्ताको विशाल छाती देखाउँछ । यसै पनि 'हजुर' सम्मानबोधक शब्द हो, त्यसमाथि चिन्दै नचिनेको फोनकर्तालाई हजुर भन्नाले मान्छेको व्यक्तित्व गजुरभन्दा अग्लो हुन्छ । याद राख्नुहोस्, 'हजुर' छोटो छ भने कुरा चाँडै सिध्याउनोस्, 'हजु.र' भनेर तन्किएको छ भने धित मरून्जेल बात मारे हुन्छ ।

**'नमस्कार'**- हलोको साटो जसले नमस्कार भन्छ, बुझ्नुहोस् रिसिभकर्ता तपाईंलाई उत्तिकै सम्मान गर्छ जति उसले आफूलाई गर्छ । यस्ता मानिससँग तपाईंले भन्न खोजको कुरा प्रस्ट भने हुन्छ । भन्न नखोजेको कुरा छ भने पनि भने फरक पर्दैन ।

**'म फलानो बोल्दैछु, नमस्ते'**- गजुरियल विश्लेषण भन्छ, फोन रिसिभ गर्ने सबैभन्दा उत्तम तरिका यही नै हो । फोनकर्ताले सोध्ने प्रश्नहरु 'को बोल्नु भा' ?', 'यो कसको नम्बर हो ?', 'कहाँ पऱ्यो' आदिको जबाफ 'म फलानो बोल्दैछु' बाटै आउँछ । यसो गर्दा समय र बोलीको बचत हुन्छ । पछाडि आउने 'नमस्ते'ले सुन्नेलाई आनन्द र भन्नेलाई परमानन्द मिल्छ । संसारको शान्ति र समाजको सुन्दरता यस्तै मीठो बोलीमा अन्तर्निहित हुन्छ भन्ने गजुरियल ठम्याइ छ ।

**'भन्नोस्'**- जुन रिसिभकर्ताले हेलो वा हजुरको ठाउँमा 'भन्नोस्' उच्चारण गर्छ, ऊसँग केही नबोली फोन काटिहाल्नोस् । तपाईंभन्दा अघि धेरैले उसलाई ल्याङल्याङ गरिसकेका छन् । अब तपाईंले महावाणी नै भने पनि उसले एउटाले सुनेर अर्को कानले उडाइदिनेछ । 'भन्नोस्' भन्नेहरु प्रायः प्रहरी, प्रशासन तथा राजनीतितिर हुन्छन् ।

**'अँ, भन्नोस्'**- यस्ता मानिसहरुमा विशेष गरेर पेटको समस्या रहने भएकाले उनीहरु 'भन्नोस्'को अगाडि 'अँ' जोड्छन् । पछाडीको 'भन्नोस्'को मनोज-विज्ञान माथि उल्लेख गरिसकिएको छ ।

**'को हो ?'**- यी मनुवाको स्वभाव अनौठो हुन्छ । साथीहरु सीमित हुन्छन् र तिनलाई एक कल फोन गर्नुभन्दा ट्याक्सी चढेर भेट्नै पुग्छन् । यिनमा यो शब्दको प्रभाव यति गहिरो हुन्छ कि, कहिलेकाहीँ सँगै सुतेकी श्रीमतीलाई पनि मध्यरातमा 'को हो ?' भनेर केरकार गर्छन् ।

**'को बोलेको ?'**- यस्ता मानिसहरु प्रायः पूर्व प्रशासक हुन्छन् । उनीहरु यति आउट डेटेड हुन्छन् कि, मोबाइलको बोल्ने बाहेक अरु कामै छैन भन्ने मान्छन् । यदि यिनले बोल्न चाहेको मान्छे पर्नुभएन भने रिसले मोबाइल फुटाउन पनि बेर लाउँदैनन् ।

**'कसलाई खोजेको ?'**- यिनीहरु यति कमजोर हुन्छन् कि आफू कसैले खोज्ने हैसियतको हुँ भन्ने नै विश्वास गर्दैनन् । प्रायः पिए तथा रिसेप्सनमा बस्नेहरुको मनोज-विज्ञान यस्तै भेटिन्छ ।

**'किन गरेको ?'**- एक्कैचोटि 'किन गरेको ?' भन्नेहरुको गृहस्थ जीवन ठिक छैन भन्ने बुझ्नुपर्छ । अधिकांश समय पत्नीसँग झगडा पर्ने भएकाले यस्ता मानिसहरु मोबाइलको हरेक रिङ्टोन बज्दा श्रीमतीकै फोन सम्झेर किन गरेको भनेर झर्किन्छन् ।

**'पछि गर्नोस्'**- बुझ्नुहोस्, या त यिनीहरु प्रेमिकासँग रङ्गिइरहेका हुन्छन्, या त श्रीमतीसँग जङ्गिइरहेका हुन्छन् । रङ्गिन समयमा 'पछि गर्नोस् ल' भनेर लयात्मक तरिकाले बोल्छन् भने जङ्गिएको समयमा 'पछि गर्नोस् है' भनेर हप्काउँछन् । खान र पिनका बेला भने छोटकरीमा 'पछि गर्नोस्' मात्र भनेर फोन काट्छन् ।

**'सुनिएन है'**- कोहीकोही एकैचोटि 'सुनिएन है' भनेर फ्याट्टै फोन काटिदिन्छन् । उनीहरु प्रेमिकाको डरले मोबाइलको स्विच अफ गर्न पनि सक्दैनन् भने श्रीमतीको त्रासले कुरा गर्ने आँट पनि गर्दैनन् ।

साँच्ची, तपाईं पनि हलो नै भन्नुहुन्छ कि अरू केही ? प्लेनबाट झरेपछि भन्नुहोस् है । अहिलेलाई शुभयात्रा !



# घुमफिरसँगै दाँतको उपचार

*अत्याधुनिक डेन्टल क्लिनिक, विशेषज्ञ डाक्टरहरूबाट "वि केयर'मा दाँतको सम्पूर्ण उपचार एकै छानामुनि गरिन्छ ।*

दाँत, शरीरको महत्त्वपूर्ण अङ्ग । खाना चपाउन र सौन्दर्यका लागि दाँतको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले स्वास्थ्य र पोषणका लागि समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । त्यसैले कारणवश किरा लागेर वा गिजाको समस्याले दाँत निकाल्नु परेमा तुरुन्तै अर्को दाँत राख्नुपर्छ ।

दाँतलाई स्वस्थ राख्न नियमित हेरचाह चाहिन्छ । सही ढङ्गले ब्रस, दन्त फ्लसिङ र नियमित चेकअप गर्नु पर्दछ । दाँतको सही हेरचाहले शारीरिक स्वास्थ्य मात्र होइन, मानसिक र सामाजिक आत्मसम्मानलाई पनि प्रभाव पार्छ ।

नेपालका प्रमुख सहरमा धेरै दन्त उपचार केन्द्र छन् । काठमाडौंको नक्सालमा तीन वर्ष अघि स्थापना भएको 'वि केयर हेल्थ सेन्टर' विश्वस्तरीय सेवा प्रदान गर्ने एक डेन्टल क्लिनिक हो ।

यहाँ पूर्णरूपमा डिजिटल प्रविधिबाट दाँतको उपचार गरिन्छ । यहाँबाट अन्तर्राष्ट्रियस्तरको उपचार सेवा जस्तो कि इम्प्लान्ट, ब्रेसेस वा ब्युटिफिकेसन लिन सकिन्छ । सेन्टरकी प्रबन्ध निर्देशक डा. निकिता अग्रवाल भन्छिन्, 'हाम्रोमा अत्याधुनिक उपकरणका साथै विशेषज्ञ जनशक्ति छन् ।'

यहाँ दाँत सम्बन्धी सबै उपचार एउटै छानामुनि पाइन्छ । दाँतको सिटी स्क्यान गर्ने सिबिसिटी थ्रिडी मेसिन छ । यसले अनुहारको चारैतिर घुमेर तस्बिर लिन्छ, जसको सहायताले हड्डीको साइज अर्थात्, लम्बाइचौडाइ थाहा पाइन्छ । त्यसैले पुरै दाँत राख्नु परेमा कुन दाँत राख्ने, सेन्टर कहाँ पर्छ, दाँत इम्प्लान्ट गरिसकेपछि अनुहारमा सुहाउँछ कि सुहाउँदैन भनेर पहिल्यै योजना बनाउन सकिन्छ ।

सेन्टरको विशेषता नै गुणस्तरीय सेवा छिटो प्रदान गर्नु हो । सेन्टरमै ल्याब भएकाले बिरामी एकै दिनमा दाँत राखेर घर जान सक्छन् । यहाँ दाँत तथा मुखको सर्जरी, बाङ्गाटिङ्गा दाँतलाई नयाँ प्रविधिबाट मिलाउने, गिजा उपचार, दाँत इम्प्लान्ट, आरसिटी गरिन्छ । साथै कृत्रिम दाँत बनाउने उन्नत प्रविधि छ ।

वि केयर हेल्थ सेन्टरले नेपालमा डेन्टल टुरिजमको ढोका खोलेको छ । यहाँ गुणस्तरीय डेन्टल सेवाहरु अपेक्षाकृत कम खर्चमा उपलब्ध हुने भएकाले विदेशी पनि उपचार गर्न आउँछन् । नेपाल घुम्न आएका बेलामा पनि दाँतको उपचार गर्छन् ।



आधुनिक प्रविधि र अनुभवी डेन्टिस्ट भएकाले मात्र होइन, अन्तर्राष्ट्रिय मानकहरु समेत पालना गरेर उपचार हुने भएकाले यो लोकप्रिय बनेको छ ।

यहाँ दाँतका साथै विशेषज्ञ डाक्टरबाट अन्य सेवा पनि लिन सकिन्छ । प्रसूति तथा स्त्री रोग, बाल रोग, मुटु रोग, नशा तथा हाडजोर्नी, नाक, कान, घाँटी, सुगर तथा थाइराइड, मानसिक रोग, छाला तथा यौन रोग, कपाल प्रत्यारोपण, छाती तथा फोक्सो रोग सम्बन्धी उपचार गरिन्छ । फिजियोथेरापी सुविधा पनि उपलब्ध छ ।

**वि केयर हेल्थ सेन्टर**

नक्साल, भगवती मार्ग, ०१४५३२१८१

समय : हरेक बिहान ७ देखि बेलुकी ७ बजेसम्म । शनिबार दिउँसो २ बजेसम्म ।

## डेन्टल टिप्स

- प्रत्येकपल्ट केही कुरा खाइसकेपछि राम्रोसँग कुल्ला गर्ने बानी गर्नुपर्छ ।
- बिहान र राती सुत्नुअघि कम्तीमा दुई मिनेटसम्म दाँत ब्रस गर्नुहोस् ।
- नरम ब्रस प्रयोग गर्नुहोस्, जसले दाँतको इनामेललाई नघोटोस् ।
- फ्लोराइडले दाँतलाई सड्नबाट बचाउन मद्दत गर्छ ।
- दाँतको बीच स्थानमा चिउँडो र खाद्य कण हटाउन फ्लस गर्नुहोस् ।
- माउथ वासले मुखको गन्ध नियन्त्रण गर्न र कीटाणु मेटाउन मद्दत गर्छ ।
- चिनी बढी सेवन गर्दा क्याबिटीजको खतरा बढ्न सक्छ । फलफूल, सब्जी र साबुत अन्नलाई प्राथमिकता दिनुहोस् ।
- दिनभर पर्याप्त पानी पिउँदा दाँत र गमलाई हाइड्रेट राख्न मद्दत गर्छ ।
- कम्तीमा वर्षमा एकपटक डेन्टिस्टसँग चेकअप र प्रोफेसनल क्लिनिङ गर्नुहोस् ।
- धूम्रपान र अत्यधिक मदिरा सेवनले दाँत तथा गमको स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउँछ ।
- कडा वस्तुहरु वा पेय पदार्थका बोतलको बिर्को खोल्ने कार्यमा दाँतको प्रयोग गर्नु हुँदैन । नत्र दाँत टुक्रिने जोखिम हुन्छ ।
- दाँत स्वास्थ्य राख्नका लागि नियमित सरसफाइमा ध्यान पुऱ्याउनुहोस् ।
- खेल खेल्दा दाँतलाई सुरक्षित राख्न माउथगार्ड प्रयोग गर्नुहोस् ।



डा. निकिता अग्रवाल

Dentist MDS Prosthodontics & Oral Implantology

## केही उदाहरण

- घुरेर हैरान भई दैनिक जीवन समेत असहज महसुस गरेका धेरै बिरामीलाई हामीले एन्टी स्नोरिङ डिभाइस बनाएर उपलब्ध गराइरहेका छौं ।
- दाँत नमिलेर, फाटिएर, पहेंलो भएर हाँस्न त के अरूका सामुन्ने खुलेर बोल्न समेत नसकेका बिरामीलाई स्माइल डिजाइनिङ मार्फत् उनीहरूको मुहारमा हाँसो भर्ने गरेका छौं ।
- आफ्नो मुखमा कुनै पनि दाँत नभएर खानपिनमा समस्या झेलिरहेकालाई हामीले पूर्णरूपमा कृत्रिम दाँत राख्ने क्रममा डिजिटल प्रविधिबाट मेसिनले नै नाप लिएर छोटो समयमै कृत्रिम दाँत राखी मुहारमा खुसी ल्याउन सफल भएका छौं ।
- खेलाडीको दाँत सुरक्षाका लागि नेपालमै पहिलो पटक स्पोर्ट्स माउथगार्ड बनाएर उपलब्ध गराउने गरेका छौं ।
- किरा लागेर वा गिजाको समस्याले दाँत निकाल्नु परेमा खाली भएको ठाउँमा उत्कृष्ट इम्प्लान्ट गरेर तथा दाँत खिइएर समस्या भएकाहरूका लागि सबै दाँतमा क्यापिङ गरी नयाँ रूप दिन सफल भएका छौं ।

# कला छैँ

*भक्तपुरको बहाखा बजारमा 'कला छैँ' खोलेर माटाका कलात्मक सामग्री बनाउँदै आएका सन्तकुमार र मछरादेवीलाई भ्याइनभ्याई छ । उनीहरूका उत्पादन स्वदेश तथा विदेशका घरआँगन, रेस्टुराँ र होटलमा सजिएका छन् ।*











नेवार समुदायका प्रजापतिको पुर्ख्यौली काम माटाको भाँडा बनाउनु हो । मध्यपुर थिमी नगरपालिका, भक्तपुरका सन्तकुमार प्रजापतिले पनि सानैदेखि भाँडा बनाउने सिप सिके । उनी सानो छँदा टायरको चक्र घुमाएर गिलो माटोबाट गमला, हाँडी, घ्याम्पो, गाग्रो, धुपुरौ, मकल आदि बनाइन्थ्यो । समयको चक्र घुमिरह्यो । उनले माटोबाटै सजावटका सामान बनाउन थाले । आज सफल कलाकारका रूपमा सम्मानित छन् । जीवनसाथी मछरादेवीसँग मिलेर मण्डला, अष्टमातृका, अष्टमण्डल, आँखीझ्याल, मयूर झ्याल, नेवारी घर, देवदेवीका मूर्ति, कलश, पानस, धारा, सुकुन्दा, कुमारी,









स्वयम्भू, मच्छिन्द्रनाथ आदि धेरै किसिमका कृति बनाउँछन् ।

बुद्धको जीवनी झल्काउने कलाकृति पनि बनाउँछन् । यसमा लुम्बिनीमा सिद्धार्थ गौतमको जन्म भएदेखि निर्वाण प्राप्त गरेका कथासम्म झल्काइन्छ । यसबाहेक नेवार समुदायको संस्कार, संस्कृति र जीवनशैली झल्किने कलाको पनि ठुलो माग भएको उनी बताउँछन् ।

उनीहरूका उत्पादन स्वदेश तथा विदेशका घरआँगन, रेस्टुराँ र होटलमा सजिएका छन् । उनको कला छैँ (कला घर)मा उत्पादित सामानमा सबैभन्दा सस्तो सय रूपैयाँको अष्टमङ्गल हो भने महँगो चाहिँ ३० इन्चको मण्डला, जसलाई उनी होलसेल मूल्य ६ हजार रूपैयाँमा बेच्छन् ।

'नेवार संस्कृति झल्काउने कलाको माग ठुलो छ', सन्तकुमारले भने, 'मन्दिर जाँदै गरेको, उर्गलमा च्युरा कुटेको, तेल पिनेको, जात्रामा सहभागी भएको आदि कलाकृति धेरैले घरमा सजाउँछन् ।'

भक्तपुरको मध्यपुर थिमीस्थित बहाखा बजारमा छ, कला छैँ । उनीहरू अर्डरअनुसार सामान बनाउँछन् । उनीहरूलाई भ्याइनभ्याई हुन्छ । त्यसैले बिहान ७:३० बजेदेखि रातीसम्मै काम गर्छन् ।

खेतबारीमा पाइने पहेंलो रङको कमेरोबाट कलाकृति बनाइन्छ । पहिला माटोबाट एउटा मास्टर पिस बनाइन्छ । अनि प्लास्टर अफ पेरिसबाट त्यसको साँचो बनाइन्छ । साँचोमा राखेर चाहिने जति बनाइन्छ । त्यसलाई फिनिसिङ गरेर विद्युतीय भट्टीमा पोल्ने गरिन्छ ।

कतिपय उनीहरूकै कारखानाबाट बिक्री हुन्छ । कतिपय उनीहरू काठमाडौं र पाटनका पसललाई आफ्ना सामान बेच्छन् ।

नयाँनयाँ कलाको डिजाइन आफैं गर्छन् । हातैले सबै काम गर्नुपर्ने भएकाले समय लाग्छ ।

'हामीले १२ सय रूपैयाँमा बेचेको मण्डलालाई रङ लगाएर पसलेले ६ हजार रूपैयाँसम्ममा बेच्छन्,' उनले भने, 'अचेल रङ लगाउन भ्याइन्न । हामी बनाएर दिन्छौं । त्यसमा पसले आफैंले रङ लगाउँछन् ।'

आफ्नोपन सबैलाई प्यारो हुन्छ । हिजोआज होटल तथा रेस्टुराँमा मात्र होइन, घरघरमा पनि मौलिकता झल्कने सामान सजाउने चलन छ । जन्मदिन जस्ता शुभकार्यमा यस्ता कलाकृति उपहार दिइन्छ । परम्परागत शैली र आधुनिकताको फ्युजन गरी बनाइका कलाकृति सुन्दर देखिन्छन् ।

परम्परागत शैलीबाट उनले फड्को मारेको तीन दशक नाघिसक्यो । वि.सं. २०४६ सालदेखि माटोबाट सजावटका सामान बनाउँदै आएका हुन् । उनले जर्मन परियोजनाबाट तालिम पाएका थिए ।

'क्वालिटी काम गर्नेलाई कामको दुःख हुन्न,' सन्तकुमार भन्छन्, 'सकुन्जेल हामी भाँडा बनाउने काम गर्नेछौं ।'

उनीहरूका छोरा मूर्तिकला पढ्दैछन् भने छोरी नर्सिङ । कामको प्रतिफल राम्रै मिल्छ । तर, कलालाई चाहिने खेतको माटो सजिलै नपाउँदा समस्या भइरहेको उनीहरू बताउँछन् । यसमा नगरपालिकाले कलाकारलाई सहयोग गर्नुपर्ने देखिन्छ ।

सम्पर्क : **कला छैँ**
बहाखा बजार, भक्तपुर
फोन : ९८४१७११२८९



# रहस्यमयी ढोरपाटन



■ सुरवीन्द्र के पुन

ढोर सेरोफेरोको भूगोल खर्कैखर्कले ढाकिएको छ । आदिमकालदेखि नै यो उपत्यकामा अहिलेका बागलुङ, म्याग्दी, रूकुमपूर्व र रोल्पाबाट हिउँदमा भेडाबाख्रा पाल्न ल्याइन्थ्यो ।

ढोरपाटनले मेरा लागि मुलुकमै एक अतुल्य सौन्दर्यको सप्को ओढेको छ भने अर्कोतर्फ यहाँका कथाले मनमा अनौठो छाप पनि छाडेको छ । ढोर उपत्यकाको माथिल्लो पाटनतिर रहस्यमयी जीवको रूपमा चिनिने 'यती' बस्छन् भन्ने पनि स्थानीय वयोवृद्धहरूबाट नसुनिएको होइन । यतीको कद बेढङ्गको मात्र नभई शिर र पाउ अजङ्गको हुने गरेको सिकारीहरु बताउँदथे । टाढाबाट मात्र देख्न सकिने यस जीवको मुख्य आहारा हिमाली पाहा हुने गरेको बताउँथे । हिउँमा यसका पाइलाका ठुल्ठुला डोबहरु देखिने गरेको पनि बताइन्थ्यो ।

ढोरपाटनको एउटा किस्सा यस्तो पनि छ, 'दिउँसो किसानले खनेको अनि राती बँदेलले जोतेको आलु खाने भए ढोरपाटन जानू !' यो किस्साले ढोरपाटन उपत्यकाको प्राकृतिक छटा, भौगोलिक आकर्षण र जैविक महत्त्वलाई उजिल्याउँछ । यसले ढोरपाटनको वैभवलाई पुष्टि गर्दछ । जसले स्थानीय कृषि अर्थतन्त्र र उच्च लेकाली जलवायुको समेत वकालत गर्दछ । धुपी, भोजपत्र, चिमाल, निगालो, लेकसल्ला, गुराँस, गोब्रे सल्ला, ओखर, खर्सुजस्ता बोटवृक्ष ढोरका प्राकृतिक सम्पन्नताका फुर्का हुन् । हाब्रे, कस्तूरी मृग, नाउर, झारल, थार लगायतका वन्यजन्तु ढोरका गहना । बुकी








घाँस यहाँका समुदायको स्टामिना हो ।

स्थानीय वस्तुभाउको मलमूत्र र जङ्गलको सोत्तरलाई परम्परागत विधिले मल बनाई उब्जनी गरिएको आलुको महिमा लेखीसाध्य छैन । ढोरको आलु र फापरको मागसँगै मूल्य बढ्नु यसै कारणले पनि हो । रूसको साइबेरियाको भूगोल र त्यहाँको जङ्गलको झल्को दिने ढोर उपत्यकाको जग्गा कुनै बेला कौडीको भाउमा पनि बिक्दैनथ्यो । त्यसैले पनि भनिन्थ्यो, 'फल्लेको छानो, आलुदाल खानू , सित्तैमा जग्गा नपाए ढोरपाटन जानू !' हुन पनि भेडाबाख्रा, गाईभैंसी, घोडाखच्चर चर्ने अधिकांश पाखापखेरा ढटेलोको झ्याङले ओगटेको थियो । धुपीका जङ्गल र ढटेलोका झ्याम्टाझिम्टी केबल बँदेल, स्याल, ब्वाँसो लुक्ने झाडीको रूपमा चिनिन्थ्यो । त्यही भएर पनि कुनै बखत पिलाटस पोर्टर नामको सिङ्गल इन्जिनयुक्त जहाज अवतरण हुने ढोर गिरानको पश्चिमतर्फको पाखालाई स्यालपाखे भनिने गरिन्थ्यो । समसाँझै स्यालको बथान बेस्करी हुइयाँ गर्ने मात्र नभई रातभर ती स्यालहरूको रजाइँ नै चल्थ्यो भनिन्छ ।

'विगत ४ दशक पहिले यहाँको अद्वितीय प्राकृतिक सौन्दर्यलाई सुन्दा र सहजै अनुमान गर्दा यो ठाउँ आश्चर्यलाग्दो थियो,' २०६५ सालको एक अनुसन्धानपत्रमा अध्येता एवं अनुसन्धानविद् डा. प्रेम शर्माले लेखेका छन्, 'अझै पनि हालकै अवस्थामा बचाइराख्न सके यसको प्राकृतिक भूदृश्य निकै मनमोहक छ, जसलाई भविष्यमा पर्या-पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्न सकिने अथाह सम्भावना छ ।'

ढोरपाटनबारे अध्ययन अनुसन्धान गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्तित्वहरूले ढोर उपत्यकाको खुलेरै बखान गरेका छन् । बहुआयामिक व्यक्तित्व डा. हर्क गुरुङ मध्यपश्चिम हुँदै कर्णाली घुम्ने क्रममा सन् १९६६ मा ढोरपाटन आइपुगेका थिए । मे २३, २४ र २५ तारिख गरी तीन दिन दुई रात ढोर बसेका उनले सुर्तीबाङ भञ्ज्याङबाट ढोर उपत्यका गहिरिएर नियालेका थिए । भूगोलविद् गुरुङले ढोर उपत्यकाको भौगोलिक अवस्थिति, सामाजिक जनजीवन र कृषि अर्थतन्त्रको बारेमा छोटो समयमै गहकिलो जानकारी सङ्कलन गरेको उनको 'भिनेट्स अफ नेपाल' पुस्तकबाट बुझ्न सकिन्छ । पुस्तकका अनुसार त्यसैबेला नेपालका एक भर्भराउँदो वनस्पति विशेषज्ञ तीर्थबहादुर श्रेष्ठसँग उनको भेट भएको उल्लेख छ । श्रेष्ठलाई लिएर नेपालको हिमाली वनस्पतिबारे अध्ययन गर्न विख्यात बेलायती वनस्पतिविज्ञ जे.डी.ए. स्टेन्टनको ठुलो टोली काठमाडौंबाट पोखरा हुँदै ढोरपाटन आइपुगेको थियो ।

पाँच दशकअघि कर्ण शाक्य ढोर हुँदै डोल्पा पुगेका थिए । शाक्यको 'डोल्पो– दि हिडेन प्याराडाइज' मा ढोरपाटन हुँदै डोल्पा पुगेको यात्रावृत्तान्त छ । उनीसँग सुप्रसिद्ध वन्यजन्तु संरक्षणकर्मी जोन ब्लावर र हिमालयन नेचुरलिस्ट भनेर चिनिने डा. बब फ्लेमिङ साथमा थिए । उसो त ढोरपाटन उपत्यकामा हिमाली सम्पदाका बारेमा जेजति अध्ययन भएका छन्, ती सबै अध्येताहरु यहाँ नपुगेको भन्ने छैन । कुनैबखत चल्तीमा रहेको पोखरा-बागलुङ-म्याग्दी-ढोरपाटन-डोल्पा-जुम्ला पदमार्गअन्तर्गत एक महत्त्वपूर्ण क्याम्पको रूपमा ढोरपाटन उपत्यकाको प्रसिद्धि चुलिएको थियो ।

सन् १९५९ मा चिनियाँ लालसेनाले तिब्बत कब्जा गरेपछि त्यहाँका ठुलो सङ्ख्याका तिब्बतीहरु भागेर नेपाल छिरेका थिए । केही तिब्बती सेनापतिसहितको टुकडीसँग केही मात्रामा तिब्बतीहरु डोल्पाको दक्षिण भेगबाट पूर्वी रूकुम छिरेका थिए । त्यो सेनाको टुकडी रूकुमको पश्चिम भेग हान्निएर भारत प्रस्थान गऱ्यो भने बाटामा रहलपहल बनेका सर्वसाधारण अन्ततः पूर्वतर्फको ढोरपाटन आइपुगे । ती केही समय ढोरपाटनमा सुस्ताए । तिब्बतको जस्तै हावापानी र कृषि अर्थतन्त्र भएको ढोरपाटन उपत्यकालाई उनीहरूले मन पराएका थिए । ठीक यसैबेला स्विस नागरिक एवं भूगर्भविद् टोनी हागनको अगुवाइमा तिब्बती शरणार्थी पुनर्स्थापना परियोजना सञ्चालनमा आयो । यसले पोखरा, ललितपुर र ढोरपाटन यी तीन ठाउँमा स्विस सरकार र तत्कालीन सरकारबिचको संयुक्त साझेदारीबाट शरणार्थी शिविरका लागि उपयुक्त थलो तोकियो । बोन धर्मावलम्बी तिब्बतीहरु निकै मिहेनती थिए । स्विस सरकारको सहयोग र सहजीकरणमा ढोरपाटन उपत्यका र यस सेरोफेरोका खर्कहरूबाट सङ्कलन गरिएको दूधबाट चिज र महीबाट छुर्पी बनाउने गरिन्थ्यो । गलैंचा उद्योग पनि सञ्चालन गरिएको थियो । स्विस वास्तुशैलीका घरहरु









बनाइएका थिए । स्विस, तिब्बती र नेपाली वास्तुमिश्रित घरहरू ढोरका आकर्षण थिए । यहाँ बसाइ गरेका तिब्बतीमध्ये केही आम्ची थिए । तिनले ढोरपाटनका धेरैजसो जडीबुटीको पहिचान मात्र गरेनन्, जडीबुटीको विशेषता अनुकूलको औषधोपचार गर्न पनि सफल भए ।

तत्कालीन सरकारबाट ढोरपाटन सिकार आरक्षको अवधारणा नल्याउँदै राजा महेन्द्र ढोरपाटन पुगेका थिए भनिन्छ । स्थानीय जानकारहरूका अनुसार आरक्ष घोषणा हुनुपूर्व राजा महेन्द्र र घोषणापछि राजा वीरेन्द्रको सवारी ढोरपाटनमा भएको थियो । ढोरपाटन उपत्यकालाई मुकाम तोकी रूकुमपूर्व, बागलुङ र म्याग्दी तीन जिल्लाको समग्रमा १,३२५ वर्ग किलोमिटर लेकाली भूभाग ओगटेर २०३९ चैत महिनामा ढोरपाटन सिकार आरक्ष स्थापना गरियो । यसलाई २०४४ वैशाख १४ गते राजपत्रमा प्रकाशन गरी सिकार आरक्षको रूपमा घोषणा गरियो ।

खासमा ढोरपाटन सिकार आरक्षको मुकाम रहेको ढोर उपत्यकाको नाम नै ढोरपाटन हो । जब सिकार आरक्ष घोषणा भयो, तब मात्र आरक्षले तोकेको तीन जिल्लाबिच समेटिएको नयाँ भूगोल समेतलाई ढोरपाटन भन्न थालिएको हो । पछिल्लो समय स्थानीय तह लागू भएपछि बागलुङ जिल्लाको सवालमा बुर्तिबाङ केन्द्र हुने गरी 'ढोरपाटन नगरपालिका' अस्तित्वमा आएको छ ।

नेपालमा छेलो खेलको उद्गमथलो पनि ढोरपाटन हो । बलियाबाङ्गा जिउडाल र आँटिलो मन यहाँका वासिन्दाको विशेषता हो । चिसो हावापानी र मौलिक खानपानले यहाँका वासिन्दा बलिष्ठ हुनु अस्वाभाविक होइन । आइपरेको खण्डमा यहाँका वासिन्दाले पोख्ने गरेको ध्वाँस छ, 'बौलेको पानी खा'को ज्यान हो !' हुन पनि यहाँका बासिन्दाले मूलको भन्दा खोलाको पानी खान रूचाउँछन् । जतिसक्दो वेगले बगेको पानी खानुपर्छ भन्ने यहाँको परम्परागत सामाजिक दर्शन छ । यसै पनि यस भेगमा बर्खाको बेला गडगडाहट बौलिने खोलाहरू प्रशस्त छन् ।

पश्चिमको निसेलढोरको नवीदेखि उपल्लो जलजलासम्म पुग्न ग्रीष्मकालमा साढे दुई दिन पैदल हिँड्नुपर्छ । दृश्यावलोकन, प्याराग्लाइडिङ, केबुलकार, गल्फ कोर्स, स्की, क्याम्प फायर, होर्स रेस र हाइकिङका लागि ढोरपाटन ठूलो सम्भावना बोकेको ठाउँ हो ।

विश्व तापमानको प्रभावले धुवाँ र धुलोमैलोका बिच आकाश सफाचट् देखिनु दुर्लभ मानिएको छ । सफा आकाशको आनन्द लिनका लागि पनि ढोरपाटनलाई गन्तव्य बनाउनेहरू छन् । कात्तिक, मङ्सिर, पुस, माघ र फागुन महिना सधैंजसो आकाश सफा देखिन्छ । बिहानी झुल्के घाम र गोधूलि साँझको दृश्यले जोकोही पनि यहाँ मन्त्रमुग्ध हुन्छन् ।

ढोरको मोहनी भनेकै शान्त र सुरम्य वातावरण हो । सायद यसैले पनि हुनसक्छ, ढोरपाटन उपत्यका कुनै बखत राजनीतिक हिसाबले चर्चामा थियो । भनिन्छ, राजा र माओवादी विद्रोहीबिच शान्तिवार्ताका लागि ढोरपाटन उपत्यका रोजिएको थियो । राजा र माओवादीका शीर्ष नेताले यही ढोरपाटन उपत्यकालाई शान्तिवार्ता स्थलका लागि रोजेका थिए भनिन्छ । त्यतिबेला यहाँ हुने भनिएको शान्तिवार्ता २०५८ जेठ १९ को दरबार हत्याकाण्डपछि तुहिएको भन्ने पनि छ ।

पर्यटकीय दृष्टिले ढोरपाटन उपत्यकामा धेरै सम्भावनाका क्षेत्र छन् । उच्च पहाडी तथा हिमाली क्षेत्रको जैविक विविधता एवं प्राकृतिक भूबनोट लगायत विशिष्ट पारिस्थितिक प्रणालीका कारण मुलुकका मात्र नभई विदेशका उच्चपदस्थ व्यक्तित्वदेखि सर्वसाधारणसम्मको आकर्षण ढोरपाटन यसै बनेको होइन । 'ढोरपाटन उपत्यका र यसको सेरोफेरो अहिले पर्यटकहरूका लागि आकर्षक गन्तव्यस्थलको रूपमा चिनिएको छ ।



# रामकुमारी झाँक्रीका प्रिय ५ पुस्तक

■ हेमन्त विवश

विद्यालयमा पढ्दादेखि नै वामपन्थी राजनीतिमा होमिएर लोकतन्त्र र विधिको शासनका पक्षमा शङ्खनाद गर्दै आएकी राजनीतिकर्मी हुन्, रामकुमारी झाँक्री । समाजमा देखापरेको वर्ग विभाजनदेखि, पितृसत्तात्मक सोच, नारीप्रति गरिने भेदभाव, उचनीच र छुवाछुतका व्यवहारले उनीभित्र हलचल पैदा हुन गयो । परिणामस्वरूप आजका मितिसम्म अन्यायका विरूद्ध खबरदारी गर्दै आएकी छन् । विद्यार्थी राजनीतिबाट उदाएकी झाँक्री अनेरास्ववियुको केन्दीय सदस्य, अध्यक्ष, सांसद हुँदै मन्त्रीसम्म बनिन् ।

उनी निडर र निर्भीक नेतृका रूपमा चिनिन्छिन् । आफूलाई लागेका कुरा स्पष्ट भन्न सक्ने र युवादेखि वृद्धसम्म सबैको समर्थन पाउँदै आएकी उनी २०६२/०६३ को जनआन्दोलनको विम्ब नै बनेकी थिइन् ।

गुल्मीको पुर्कोटमा जन्मेकी झाँक्रीका ४ जना दिदीबहिनी र तीन दाजुभाइमध्ये दुई दिदीहरूले विद्यालयमा पाइला नै टेक्न पाएनन् । जीवननिर्वाहको स्रोत भन्नु नै पशुपालन र कृषि कर्म थियो । दिदीहरूको बिहेपछि भेडागोठालो बन्ने पालो उनैको थियो । सानैदेखि समस्या समाधानका उपाय निकाल्न सक्ने क्षमता थियो उनमा ।

ती दिन सम्झिन्छिन्, 'यसको जिब्रो पातलो छ यसले पढ्छे भन्थे अरूले । तर, भेडागोठालो जानुपर्ने सम्भावना बढेपछि मैले पाँच वटाका दरले पाँच घरमा भेडा पाल्न दिने उपाय सुझाए । बुवाले त्यसै गर्नुभयो । घरमा दाइले पढ्दै गर्दा दाइसँगै सावा अक्षर र अङ्क चिनिसकेकी थिएँ । भदौ १ गते विद्यालयमा भर्ना भएँ । दसैंअघि नै पुस्तक पाएँ । '

उनका अनुसार सिङ्गो गाउँमै उनीभन्दा अगाडि विद्यालय जाने छात्रा दुई जना मात्र थिए । विद्यालयमा डेक्सबेन्चको अभाव भएकाले घरबाटै मकैको खोस्टाबाट बनाइएको चकटी लिएर जान्थिन् । घरमा दाम्लाडोरी बाट्ने, किला ठोक्नेदेखि ढाकर बोक्ने, भारी बोक्नेजस्ता काम पनि गर्थिन् ।

'सात कक्षामा पढ्दाताका नै अर्को ठाउँमा गएर एघार जनाको चुनाव लड्ने समूह बनाएर आउनुपर्थ्यो । जुन पार्टीका लागि बालापन, रगत, पसिना बग्यो त्यो पार्टी मलाई चाहिने बेलामा मसँग थिएन । त्यस्तोमा दुख्दो रहेछ मन', निकै भावुक मुद्रामा सुनाइन् उनले ।

जीवनको यो मोडमा आइपुग्दासम्म घटित थुप्रै छन्, घटनाका शृङ्लाहरु । द्वन्द्वका बेला दोहोरो चपेटामा परिरहिन् उनी पनि । सहरमा राज्यले यिनीहरु विद्रोहीका समर्थक हुन् भनेर कैयौंपल्ट घरमा खानतलास गऱ्यो । दसैंमा घरजाँदा सदरमुकामबाट डेढ घन्टा हिँडिसकेपछि फर्काएर लैजाने प्रहरी जवानले जागिरबाट अवकाश पाइसके ।

जवान भएपछि बल्ल गाडी देखेको बताउने उनको घरसम्म आज पनि पुगेको छैन रे गाडी । जीवनको गोरेटोमा उतारचढाव आइरहदा कैयौंपल्ट

आफू हिँडिरहेको बाटो नै बदलिदिऊँ कि भन्ने सोचाइ पनि नआएको होइन । अन्ततोगत्वा समाज रूपान्तरणका लागि लागिरहनु पर्छ भन्ने सोच बलवान बनिरह्यो ।

विद्यालयमा छँदा भलिबल खेल्ने गरेकी उनलाई खेलकुद र गीतसङ्गीतले उत्तिकै छुन्छ । त्यसमा पनि लोकगीत भनेपछि हुरूक्कै हुन्छिन् । खानामा सबैभन्दा बढी मनपर्ने घिउभात भएको बताउने उनी सुनाउँछिन्, 'भुटेको मकै, भटमास, कोदाको रोटी, घिउ, खुदो हालेर बनाएको सेलरोटी, बेसार हालेर पकाएको भात, गुन्द्रुकको झोल, ढिडो, निउरो र पालुङ्गोको सागजस्ता मौलिक परिकार पनि उत्तिकै मन पर्छन् । यात्राका क्रममा चाहिँ जहाँ पुग्यो, त्यहींका स्थानीय परिकार चाख्छु ।'

पशुपतिबाबु पुरीसँग प्रेमविवाहमा बाँधिएकी झाँक्रीले मुलुकबाहिर दर्जनौं देश भ्रमण गरिसकेकी छन् भने मुलुकभित्र घुम्न बाँकी रहेका पर्यटकीय गन्तव्यहरु कम छन् । हरेक ठाउँको संस्कृति, प्रकृति, जीवनशैली पढ्न रूचाउने उनी बाजुराको बडिमालिका पुग्ने योजनामा छिन् ।

समाजशास्त्रमा स्नातकोत्तर गरेकी झाँक्री विद्यालयमा पढ्दाताका कक्षागत गीत र कविता कण्ठस्थ पार्थिन् । इतिहास, भूगोल, संस्कृतिका साथै निबन्ध र जीवनी पढ्न रूचाउने उनलाई किताब पढ्न प्रेरित गर्नेमा थिए, रवीन्द्र अधिकारी र शिव पौडेल । 'रवीन्द्र दाइको पालामा तीनतीन महिनाका अस्थायी स्कुल चलाइन्थे । दाइपछि अखिलको लिडरसिपमा हामी भयौं र हामीले चलायौं । पढ्ने,पढाउने काम अभियानकै रूपमा सुरू गरिएको थियो । त्यतिबेलै पढियो थुप्रै पुस्तकहरु, जुन सामूहिक अभ्यास नै थियो,' उनले भनिन् ।

उनले अङ्ग्रेजी, नेपाली र हिन्दीमा लेखिएका सयौं पुस्तक पढिन् । उनको भनाइमा प्रभावित पार्ने पुस्तक समयअनुसार फरक भएझैं बाटो लगाउने पनि फरक हुन्छन् । धेरै छन्, उनलाई मनपर्ने पुस्तक । तीमध्ये उनको जीवनमा प्रभाव पारेका ५ पुस्तक उनकै शब्दमा :




**दर्शनशास्त्रको प्रारम्भिक ज्ञान :** भिक्टर आफ्न आसेफद्वारा लिखित पुस्तक 'दर्शनशास्त्रको प्रारम्भिक ज्ञान' पहिलो पटक झन्डैं २५ वर्ष पहिले पढेकी हुँ । सुरूमा पढ्दा केही बुझिनँ । पछि थुप्रै पटक पढियो । जब बुझैँ, तब थुनिएको भङ्गालो फुटेझैं भयो । वामपन्थी राजनीतिमा आबद्ध भएर हामीले समाजलाई हेर्ने, बुझ्ने र बदल्ने जुन सिद्धान्तका कुरा गर्छौ त्यस अर्थमा यसभित्र थुप्रै सन्दर्भहरु छन् । विभेद के हो, समाज कसरी बन्यो र रूपान्तरण कसरी हुन्छ जस्ता थुप्रै कुरा यसभित्र छन् । समाज बुझ्न दृष्टिकोण के राखेर हेर्ने भन्ने हुन्छ । वामपन्थी राजनीतिको कुरा गर्ने मान्छेको अध्ययनका लागि यो पहिलो स्टेप नै हो । जुन निकै उपयोगी छ ।




**कम्युनिस्ट पार्टीको मेनुफेस्टो :** काल मार्क्स र एङ्गेल्सद्वारा लिखित, १९४८ मा प्रकाशित यो पुस्तक हाम्रो गायत्रीमन्त्र जस्तै हो । जुन सबैभन्दा बढी पढियो पनि । यो कसरी ट्रान्सलेट हुन्छ भन्नका लागि पढियो । जसका लागि वर्ग चाहिन्छ । समाज चाहिन्छ । फेरि समाज बुझ्नका लागि समाजको वर्गको स्टक्चर कसरी बन्छ र बन्ने आधार के हुन् भन्ने कुरा पढ्नुपर्ने हुन्छ । त्योसँग सम्बन्धित हो कम्युनिस्ट पार्टी घोषणापत्र । जसले हाम्रो राजनीतिलाई निर्देशन दिने काम गर्दछ । स्व. प्रदीप गिरिका अनुसार यो पुस्तकका विरूद्धमा हजारौं, लाखौं लेख र पुस्तक लेखिए । तर, त्यसको काउन्टरमा एउटा पनि लेख आएन । वामपन्थी राजनीतिमा समाज रूपान्तरणको बाटोमा लाग्न र क्रिटिकल्ली हेर्न सिकाउने यो एउटा कखरा नै हो ।




**परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्तिः** २५ वर्ष अघि नै पढेकी हुँ । पछि कैयौं पल्ट पढियो । घुमन्ते मानवले पहिले परिवार बनायो । अनि समाज बन्यो । समाज बनेपछि बलियाहरूले समाजमा के गरे, राज्य कसरी बन्यो, कानुन कसरी बन्यो भन्ने इकोनमिक आधार हो यो । जुन समाज बुझ्नका लागि क्रिश्चियनको बाइबल र हिन्दुको गीता जस्तै हो । यो पुस्तक समाजविज्ञान हो । सोसोलोजी, एन्थ्रोपोलोजीको लागि पनि यो एउटा बाटो हो । ह्वाइट मर्गन पढ्नका लागि यहाँ आउनै पर्ने हुन्छ । वर्ग कसरी बन्छन् ? एकअर्कामा स्वार्थ कसरी टक्राइन्छ ? फेरि त्यहाँ चुनौतीहरु छन् । कसरी अनालाइसिस गर्ने भन्ने कुरा बुझ्न यो निकै उपयोगी मानिन्छ ।




**अब कहिल्यै यस्तो नहोस् :** इतिहासशिरोमणि बाबुराम आचार्यद्वारा लिखित पुस्तक इन्टर पढ्नेताका पढैं । पछि दोहऱ्याइ तेहऱ्याइ पढियो । हाम्रो आफ्नो इतिहास थाहा नपाइकन दुनियाँको इतिहासका कुरा गरेर मात्रै भएन । त्यसैले नेपालको इतिहास पढ्ने क्रममा पढें । त्यतिखेरको समाजमा त्यतिका तथ्यहरु सङ्ग्रहित गरेर लेखिएको यो पुस्तक नपढी नेपालको इतिहासका विषयमा गफ गर्नु सान्दर्भिक लाग्दैन । राणाशासनको बेला भाइभारदार काटमार गर्दै कसरी सत्तामा पुगे, कसरी पतन भए, कोको बिके, कसरी रणनीति फेल हुन गयो जस्ता थुप्रै विषयवस्तु समावेश गरिएका छन् ।




**मैले देखेको नेपाल :** डा. हर्क गुरूङको पुस्तक २० वर्षअघि अस्थायी स्कुल चलाउँदा पढेकी हुँ । त्यो समयमा पैदलयात्री बनेर डाटा सङ्ग्रह गरी तयार पारिएको पुस्तक निकै सुन्दर छ । यसको काउन्टरमा आजका दिनसम्म कसैले केही लेख्न सकेका छैनन् । नेपाल बुझ्न पढ्नै पर्ने पुस्तक हो यो । यो सँगै डोरबहादुर बिष्टका पुस्तक पनि पढ्नु जरूरी छ ।

इतिहास, दर्शन र भूगोलसँग सम्बन्धित विषयवस्तु नै जीवन फेर्ने, समाज फेर्ने चिज हुन् । समाज रूपान्तरणका मामलामा समाजको अन्तरविरोध र समाजलाई हेर्नेबुझ्ने दृष्टिकोणसहितका निश्चित साहित्य, इतिहास र दर्शनभित्र छिरेर मात्रै यी कुराहरु गर्न सकिन्छ भन्ने मेरो बुझाइ हो । जसका लागि निकै उपयोगी पुस्तक हो, मैले देखेको नेपाल ।



# सिन्धुली कलाघर

*नेपाली कला, सङ्गीत र संस्कृतिको त्रिवेणीधाम बनेको छ, सिन्धुली कलाघर । कलाग्राममा काम गरिरहेका युवालाई देख्दा मुलुकमै सम्भावनाको ढोका खोल्न सकिन्छ भन्ने आत्मविश्वास पलाउँछ ।*




हिजो सिन्धुली सम्झनेबित्तिकै सिन्धुलीगढी, जुनार र नागबेली सडकका तस्बिर आँखामा आउँथे । तर, आज 'सिन्धुली कलाघर'को आकर्षण थपिएको छ । युवाको मिहिनेतबाट 'कलाघर' सिन्धुलीको मात्र होइन, नेपालकै गौरव गर्न लायक सम्पदा बनिसक्यो ।

कलाघरको आँगनले लोभ्याउँछ । यहाँ फर्फराईरहेको राष्ट्रिय झन्डा, घुमाउने घर, धरहरा, पशुपतिनाथ, बौद्धनाथ, जानकी मन्दिर, युद्धगढी, नौमती बाजा आदिका प्रतिमा बनाइएका छन् । साथै मादल, सारङ्गी, ट्याम्को, कर्नाललगायतका बाजा पनि ।

यहाँ दुई रोपनी जमिनमा नेपालको चुच्चे नक्सा बनाइएको छ, जहाँ सातै प्रदेशका प्रतिनिधिमूलक सम्पदा बनाइएको छ ।

भर्खरै 'विश्व कलाघर' थिममा साउदी अरब र मलेसियाको नक्सामा त्यहाँका प्रमुख सम्पदाका आकृति बनाइएको छ । चाँडै नै दुबईको पनि बनाइने छ । यसरी विश्वका १७५ वटा देशलाई झल्काउने योजना छ ।

ऐतिहासिक सिन्धुलीगढी नजिकै कमलामाई नगरपालिका-३, चपौलीमा छ, कलाघर । घरभित्र चित्र र मूर्तिकला सजाइएका छन् । लोपोन्मुख परम्परागत सामान पनि सजाइएको छ । यहाँ लोककलादेखि आधुनिक कलासम्म अध्ययन एवम् अवलोकन गर्न पाइन्छ ।

कलाघर प्रवेश गर्न ५० रूपैयाँको टिकट काट्नुपर्छ । यहाँ दुईतीन घण्टा सजिलै बिताउन सकिन्छ । यहाँ कलाकर्म बनाउन, बाजाको धुन सुन्न तथा बजाउन र चिया पिउन पाइन्छ ।

वि.सं. २०७५ सालदेखि सिन्धुली कलाघर सञ्चालनमा आएको हो । चार रोपनी जमिनमा बनाइएको छ । आकाशबाट हेर्दा फर्फराइरहेको राष्ट्रिय झन्डाजस्तो देखिने गरी कलाघर बनाउन डिपिआर तयार छ । यसका लागि १ बिघा जमिन चाहिने कलाघरका परिकल्पनाकार एवम् अगुवा सुमन थापामगर बताउँछन् ।

यहाँका महिला कलाकार नौमती बाजा बजाउन सिपालु छन् । उनीहरु ठाउँठाउँमा पुगेर शुभकार्यमा बाजा बजाउँछन् । त्यसबाट आउने आम्दानी कलाघरमै खर्च गरिन्छ । कलाघरमै १५ जना कलाकार आवासीय रूपमा बसेर मिहिनेत गर्छन् ।

सांस्कृतिक पाठशाला बन्दैछ कलाघर । स्थापनाको छोटो समयमै पर्यटकीय गन्तव्य बनिसक्यो । बालबालिका, युवा, विद्यार्थी र प्रौढ





सबैका लागि उपयुक्त गन्तव्य ।

'एक दिन सिन्धुली कलाघर संसारकै कलाघर बन्ने छ', कलाघरका अध्यक्ष सुमन भन्छन्, 'संसारभरका धार्मिक, ऐतिहासिक र पुरातात्त्विक सम्पदाको जानकारी चाहने पर्यटक यहाँ आउनेछन् । यसले हाम्रो आर्थिक समृद्धि र रोजगारीमा टेवा पुग्नेछ ।'

प्राकृतिक दृष्टिले समेत कलाघर परिसर सुन्दर छ । यस क्षेत्रमा हायु, मगर, तामाङ, नेवार र दलित समुदायको बसोबास छ । त्यसैले यहाँ सामुदायिक होमस्टे शुभारम्भ गर्न सकिन्छ ।

सरकारले गर्नुपर्ने काम युवाले गरिरहेका छन् । सबैले उनीहरूको अभियानमा हातेमालो गर्नु पर्दछ । दिनदिनै हाम्रा युवा विदेश पलायन भइरहेका बेला कलाग्राममा काम गरिरहेका युवालाई देख्दा मुलुकमै सम्भावनाको ढोका खोल्न सकिन्छ भन्ने आत्मविश्वास पलाउँछ ।

विश्वकै नमुना कला सङ्ग्रहालय बनाउने अभियानमा जुटेका कलाकारलाई शुभकामना !

सम्पर्क : **सिन्धुली कलाघर**
चपौली, सिन्धुली
फोन : ९८६४०७५९७८



## स्याबास सुमन



**चित्रबहादुर मगर** (सुमन) सिर्जनशील युवा हुन् । उनी फलाम, काठ, ढुङ्गा र माटोबाट कलाकृति बनाउँछन् । सडक नाटक पनि गर्छन् । नाटक लेखन, निर्देशन र अभिनय गर्छन् । नृत्यमा पनि पारङ्गत छन् । सिन्धुली कलाघर उनकै अवधारणा हो । उनलाई कलाकारहरु पवित्रा रम्तेल, रीता थिङ, सिद्धबहादुर बिक, सञ्चिता मगर, पदमबहादुर सार्की, लासाङ मोक्तान, मानकुमार विश्वकर्मा, सिर्जना गोले, जीवन थापामगर, रीता बिक, अम्बिका पुलामी, गङ्गा ठटाल, पार्वती थापामगर र पारू अस्तामीको बलियो साथ छ ।

नेपाली कला प्रवर्द्धन उनको काम । जीवनभर कलामा समर्पित हुनेहरुको बुढेसकाल आरामदायी बनाउन उनले कला आश्रम बनाउने योजना समेत बनाएका छन् ।

'जीवनभर सारङ्गीजस्तै रेटिने कलाकारका लागि आश्रम बनाउने छौं', उनी भन्छन्, 'उहाँहरूका खानपिन, स्वास्थ्य, सुरक्षा र बसोबासको व्यवस्था आश्रमले नै मिलाउने छ ।'

युवाको श्रम, सिप र पसिना मार्फत् कलाघर विशिष्ट सांस्कृतिक ग्राम बनिसक्यो । कला, साहित्य र संस्कृतिको उन्नयनमा समर्पित सुमनको समूहले सत्कार्य गरिरहेको छ । स्वदेशमै सिर्जनाका फूलहरु फुलाउँदै आशाको सञ्चार गरिरहेका यी युवालाई सबैले सहयोग पुऱ्याउनु पर्छ ।

सुन्दर कला बगैंचा बनाउने कामका अगुवा सुमनलाई धेरैधेरै धन्यवाद !








# गर्भवतीलाई हवाईयात्रा कति सुरक्षित ?



■ प्रा. डा. सुमनराज ताम्राकार

तीन महिनाको समयलाई आधार मानेर मानिसको गर्भावधिलाई तीन चरणमा बाँडिएको हुन्छ । गर्भावस्थाको पहिलो र तेस्रो तीन महिना जोखिम बढी हुन्छ । हवाईयात्राका दृष्टिले गर्भावधिको दोस्रो तीन महिना (गर्भ आएको ४ देखि ६ महिना) सुरक्षित समयावधि हो । त्यसैले हवाईयात्रा अगाडि गर्भको अवधि पनि विचार गर्नुपर्छ ।

प्रसूतिसम्बन्धी जटिलता नहुँदा सामान्य मानिसले जत्तिकै सावधानी अपनाएर एकाध पटक हवाईयात्रा गरेमा कुनै हानि छैन । तर, गर्भवती भएका बेला खुट्टा सुन्निने तथा नसामा रगत जम्ने समस्या बढी हुनसक्छ । हवाईजहाजबाट उत्सर्जन हुने कस्मिक रेडियसन (खगोलीय विकिरण), जुन ब्रह्माण्डबाट पृथ्वीमा निरन्तर ठोकिरहेको हुन्छ । खगोलीय विकिरणका कारण गर्भे शिशुलाई पर्ने जोखिम अति न्यून छ तर हवाईजहाजका क्र्यु (चालकदलका महिला सदस्य) र बारम्बार यात्रा गरिरहने गर्भवतीमा भने जोखिम हुनसक्छ । विशेषतः एअरहोस्टेज महिलालाई व्यवसायजन्य जोखिमबारे सचेत पार्नु पर्छ । त्यसैले चालकदलका सदस्यलाई गर्भवती हुन बन्देज छ । लामो उडान भर्ने अन्तर्राष्ट्रिय



उडानमा पनि यस्तो जोखिम १५ प्रतिशतभन्दा बढी छैन । हवाईयात्राका दौरान खगोलीय विकिरणको अलावा ध्वनि, कम्पनले पनि खासै नकारात्मक असर पुर्‍याउँदैन । कहिलेकाहीं हवाईयात्रा गर्नेहरूमा यस्तो जोखिम न्यून हुन्छ । हवाईयात्राकै कारण गर्भपतनको जोखिम पनि हुँदैन ।

जहाजभित्रको क्याबिन प्रेसर, कम आर्द्रता र गर्भावस्थाका बेला हुने शारीरिक परिवर्तनका कारण मुटुको चाल र रक्तचाप बढ्न सक्छ । त्यसो भएर लामो हवाईयात्राको बेलाको आर्द्रता र लामो समयसम्म एउटै आसनमा बस्यो भने खुट्टा सुन्निने र रगत जम्ने जोखिम हुनसक्छ । तर आन्तरिक उडानहरू बढीमा ५५, ६५ मिनेटसम्म भएकाले यी जोखिम खासै नहुन सक्छ । हवाईयात्रामा वायु बढ्ने खानेकुरा खाने, पेय पदार्थ पिउने गर्नु हुँदैन किनकि यसका कारण खाद्यनलीमा पहिले नै सञ्चित वायु हवाईजहाजले लिने उचाइसँगै बढ्न थाल्छ । यसले गर्दा हवाईयात्रा थप असहज हुनसक्छ । गाडी वा जहाजमा यात्रा गर्दा वा उचाइमा जाँदा उल्टी हुने समस्या वा जोखिम छ भने हवाईयात्रा अगावै उल्टी नहुने औषधी (ओन्डेम वा पेरिनर्म) खानु बुद्धिमानी हुन्छ ।

व्यावसायिक उडानहरूमा सामान्यतः ३६ हप्तासम्म हवाईयात्रा गर्न दिइन्छ । कतिपय अन्तर्राष्ट्रिय विमान कम्पनीले अलि अगाडिकै गर्भावधि प्रस्ट खुल्ने डकुमेन्ट माग गर्न सक्दछ । र, अधिकतर एअरलाइन्स कम्पनीले ३६ हप्तालाई मानक मानेका छन् । त्यसो भन्दै गर्दा नेपाली तथा बाह्य आकाशमा बेलाबखत जहाजमै डेलिभरी हुने गरेको समाचार सुनिन्छ ।

## आन्तरिक हवाईयात्रामा

गर्भमा एउटा मात्र शिशु छ भने २८ हप्तासम्म कुनै कागजात चाहिँदैन । २९ देखि ३६ हप्तासम्मको गर्भवतीको मेडिकल सर्टिफिकेट आवश्यक पर्छ । जुम्ल्याहा शिशु छ भने २८ हप्तासम्मका गर्भवतीलाई कुनै डकुमेन्ट चाहिँदैन । त्यसपछि २९ देखि ३२ सम्मका गर्भवतीलाई मेडिकल सर्टिफिकेट आवश्यक छ भने ३३ हप्तापछि बुद्ध एअरमा यात्रा गर्न पाईंदैन । क्लिनिक वा अस्पतालको लेटरहेडमा गर्भवती जाँचमा संलग्न चिकित्सकको हस्ताक्षरसहित यस्तो सर्टिफिकेट जारी गरेको ७ दिनभित्र यात्रा गरिसकेको हुनुपर्दछ । त्यस्तो डकुमेन्टमा एउटै मात्र वा जुम्ल्याहा शिशु उल्लेख गरेको, गर्भावधि खुलेको, फिट टु फ्लाई भनेर प्रस्टसँग नेपाली वा अङ्ग्रेजी भाषामा उल्लेख हुनुपर्दछ । गर्भवती एक्लै भन्दा पनि सहयोगीसहित हवाईयात्रा गर्न प्रेरित गरेको छ ।

**यात्रुलाई केही टिप्स**

- आन्तरिक उडानका जहाजहरूका सुरुवाती सिट अलि बढी फराक भए पनि पखेटाको समानान्तरमा रहेका सिट चाहिँ टेकअफ र ल्यान्डिङका बेला अलि बढी सहज हुन्छ । तर पनि बोर्डिङ पास लिने बेला गर्भवती भएको जानकारी खुलाउनुका साथै आयल्स (सिटको बीचमा रहेको बाटो) तिरको सिटको टिकट दिन अनुरोध गर्नुपर्दछ ।
- गर्भवतीले आयल्सतिरको सिट लियो भने हिँडडुल गर्न, ट्वाइलेट जान सहज हुन्छ । हवाईयात्राको क्रममा कुर्कुच्चा (पैताला) र घुँडाको जोर्नी तलमाथि हुनेगरी चलाइराख्नु पर्दछ । खुकुलो खालका लुगा लगाउने गर्नुपर्दछ ।
- चिकित्सकले सुझाएजस्तै स्टकिङ (लामो खालको विशेष मोजा) लाई फेसन वा देखावटी साधनका रूपमा नलिई आफ्नो स्वास्थ्यको दृष्टिले लगाउने गर्नुपर्दछ । यसले खुट्टा एवं शरीरको तल्लो भागमा रगत प्रवाह चालू राख्न मद्दत गर्दछ ।
- मौसम खराब भएका बेला जहाज हल्लिन सक्ने वा हल्लिएको बेला चोट लाग्न सक्ने हुनाले सिटबेल्ट अनिवार्य लगाउनु पर्दछ । पेटी कसिलो तरिकाले नबाँध्ने, सिटबेल्ट बढेको पेटको तल्लो भाग वा कम्मरको लेबलमा बाँध्नुपर्दछ ।
- नेपालका आन्तरिक उडान तर्फका विमानहरू प्रायः २१ हजारदेखि २५ हजार मिटर उचाइमा उड्छन् । कुनै पनि अध्ययनबाट यति उचाइको आन्तरिक उडानले गर्भे शिशुलाई असर गर्दैन तर पनि १२ हजारमाथिको उचाइमा गर्भवतीलाई ननिदाई चनाखो बसिरहन सल्लाह दिइन्छ ।

# STAR OF THE MONTH

In the tranquil skies of Buddha Air, safety has always been paramount, but we equally treasure the essence of exceptional customer service. Hence, we wish to extend our heartfelt appreciation to our cherished customer service stars, who ensure every passenger has a memorable experience. Join us in acknowledging these remarkable individuals who bring warmth and care to Buddha Air.

**STARS OF JUNE 2024**

- TRISNA ACHARYA for excellent service in the Cargo
- GAURAV REGMI for outstanding performance on the Surkhet Ground Handling
- BIDUR KOIRALA for outstanding performance on the KTM Ground Handling
- NITA MAHARJAN for her exemplary service as Cabin Crew



**STARS OF JULY 2024**

- ASHOK RAJ BISTA for outstanding performance on the Ground Handling
- KRIPA ARYAL for her exemplary service as Cabin Crew
- RITA SAPKOTA for excellent service in the Cargo
- LALIT KUMAR SAH for outstanding performance on the Janakpurdham Ground Handling



**STARS OF AUGUST 2024**

- KANAK BASNET for her exemplary service as Cabin Crew
- SANDEEP BIKRAM SHAHA for outstanding performance on the Nepalgunj station
- RAJEEV KHADKA for outstanding performance on the Kathmandu Ground Handling
- ALISHA CHAUDHARY for excellent service in the Cargo



# मौलिकतामा बाँचेको थारू समुदाय

*थारू समुदाय माघेसङ्क्रान्तिलाई नयाँ वर्षका रूपमा मनाउँछ । माघेसङ्क्रान्ति थारू समुदायको आर्थिक वर्षको सुरूआत पनि हो ।*



■ हेमन्त विवश





मानव सभ्यताभित्र हरेक समुदायको आआफ्नै संस्कार, संस्कृति र परम्परा हुन्छ । सुदूरपश्चिमका थारु जातिले मनाउने चाडपर्वको पनि मौलिक विशेषता पाइन्छ । विभिन्न समयमा दाङबाट बसाइ सरेर कैलाली र कञ्चनपुरमा बसोबास गरिरहेका डगौरा थारू धार्मिक र सांस्कृतिका हिसाबले समृद्ध छन् ।

आधुनिकीकरणको प्रभावले केही चालचलन लोप भइसके भने केही परिमार्जित भएका छन् । यहाँ थारूका मुख्य चाडपर्वका बारेमा संक्षेपमा चर्चा गरिएको छ ।

### मुठ लिने

विगतमा साइत हेरेर धानको बिउ छर्ने कार्यलाई मुठ लिने भनिन्थ्यो । त्यो दिनमा विभिन्न परिकार बनाई चोखोमिठो खाने चलन थियो । थारू समुदायमा शुभ खेती बुध बेती भन्ने उखान छ । काम गर्ने मान्छे कम र खेत बढी भएको त्यो समयमा रोप्ने चलन थिएन । खेतका गरामा धानको बिउ छरिदिन्थे । बाक्लो भएको ठाउँमा दाँतेले सम्याउने गरिन्थ्यो ।

### गैया बेर्ना

विगतमा खडेरी पर्दा वा निकै लामो समयसम्म पानी नपर्दा गैया बेर्ना मनाइन्थ्यो । जहाँ एक गाउँका महिला पुरूषको पहिरनमा नजिकको अर्को गाउँमा गई कुनै केटीलाई सजना गीत गाएर फकाएर आफ्नो गाउँमा ल्याउँथे । यसैलाई गैया बेर्ना भनिन्थ्यो । जुन गाउँको केटी ल्याएको हो, त्यो गाउँका महिला समय भए त्यही दिन नभए भोलिपल्ट लिन जान्थे । यसरी जाँदा ती महिलाले पनि पुरूषकै कपडा पहिरेका हुन्थे । 'अब पानी पर्छ केटी हामीलाई फिर्ता देऊ' भन्ने आशयका गीतमा सवालजवाफ हुन्थे । अन्तमा केटी फिर्ता लैजान्थे । यस्तो गर्दा पानी पर्छ भन्ने विश्वास गरिन्थ्यो ।

### माघा लोट्ने

हरियो रङ्गको ढ्याढ्यार गरी कराउने भ्यागुतालाई थारू भाषामा मेघुवा भनिन्छ । पानी नपर्दा गाउँघरमा साना केटाकेटीलाई जम्मा पारी माटो खेल्न लगाई सोही भ्यागुताझैँ कराउन लगाउँथे । भ्यागुताझैँ कराउँदै जुन घरमा गए, त्यो घरकाले उनीहरूको जिउमा पानी खन्याउँथे । केटाकेटी निकै रमाउँथे ।





अन्तमा सबैजना आआफ्ना घरमा गई नुहाउँथे भने त्यसरी खेल्न लगाउनेहरु माघा लोटेको भतेर खाने भनेर घरघरमा गई दाल चामल तरकारी माग्थे । भोलिपल्ट आँगनमा दालभात तरकारी पकाएर ती केटाकेटीलाई खुवाउने गरिन्थ्यो । यसरी खुवाउँदा भगवानले देख्छ र पानी पार्छ भन्ने विश्वास थियो । त्यसको भोलिपल्ट भ्यागुताको बिहे गरिन्थ्यो ।

**हरधावा**

हलो पखालेर थन्काउने कार्यलाई हरधावा भनिन्छ । बर्खामा खेतीपातीको काम सकेपछि इष्टमित्र, चेलीबेटी र रोपाइमा पर्म गर्न आएकाहरूलाई राम्रो दिन पारेर घरमा सुँगुरको मासु, रोटी र तरकारीका परिकार बनाई खुवाउने गरिन्छ ।

**नागपञ्चमी**

श्रीमद्भागवत्मा उल्लेख भएअनुसार जन्मजयले नागबाट बच्न सर्पयज्ञ गरको हुँदा यो पर्वले मान्यता पाएको मानिन्छ । जुन श्रावण शुक्लपञ्चमीका दिन पर्दछ । नागको पूजा गर्नाले नाग घरभित्र नपस्ने र बालबच्चा र घरका अन्य सदस्य सुरक्षित रहने मान्यता छ । नागपञ्चमीको बिहान उनीहरु नागको पूजा गर्छन् । गृहदेवता राखिएको ठाउँमा नागदेवता पनि स्थापना गरिएको हुन्छ । कसैको भने आँगनको एक कुनामा स्थापना गरिएको हुन्छ ।

नागदेवतालाई गाईको दूध चढाएर धुप बत्तीसहित पूजा गर्ने गरिन्छ । फूलचरण चौधरीकाअनुसार उक्त दिन जसको जहाँ जेजति खेत छन्, ती सबै खेतका चारै कुनामा गाईको दूध चढाउने परम्परा समेत छ । दैलोमा नागको पोस्टर टाँस्ने चलन भने पछिल्लो समय चलेको छ ।

**गुरही**

गुरही थारूहरूको वर्षको पहिलो पर्वका रूपमा मानिन्छ । जुन नागपञ्चमीकै दिन मनाइन्छ । सप्तदेवी अर्थात् सप्तमातृकामध्येकी जेठी मानिन्छिन् गुरही । ती सातै बहिनीमा रोगव्याध उत्पन्न गर्नेदेखि निराकरण गर्ने शक्ति रहेको मानिन्छ । देवी स्वयम् अविवाहित भएको मान्यताअनुरूप यस पर्वमा अविवाहित केटाकेटीहरु गुरहीको व्रत बसी पुजा गर्छन् । गाउँघरमा रोगव्याध नआओस् र अन्नबालीमा समेत कुनै प्रकारको रोग र किरा नलागोस् भनेर गुरही मनाइन्छ ।

भादा होमस्टेका अध्यक्ष लक्ष्मी नारायणका अनुसार विगतमा गाउँभरिका मान्छे जम्मा भई जङ्गलतिर जाने बाटोको चोकमा गुरही मनाइन्थ्यो । अचेल गाउँकै बिचमा दोबाटो, चौबाटोलाई कलात्मक चित्रले सिङ्गारी मनाउने गरिएको छ । चित्र बनाउदा रङ प्रयोग गरिए तापनि पूजा गर्दा भने रङ प्रयोग गरिँदैन । केटीहरूले कपडाका ससाना टुक्राबाट निर्मित गुडियासँगै भुटेको चना, केराउ मकैलाई सिङ् गारिएको उक्त चोकमा फाल्छन् भने केटाले केराका पातका डाठको वा बाबियोको सोटा बनाई बोक्सीलाई हानेको भन्दै हिर्काउछन् ।

रोगव्याध लैजाउन भनेर गुरहीलाई पुकारिन्छ । यसरी गुरहीदेवीको पूजा गरिसकेपछि सृष्टिका बारेमा, गुरही कसरी मनाउँछन् भन्ने बारेमा र सप्तदेवीको जन्म कसरी भयो भन्ने गीतहरु गाउँदै रमाइलो गर्दछन् । साँझपख विभिन्न परिकार बनाई खानपिन गरिन्छ ।

**श्रीकृष्ण जन्माष्टमी**

भगवान श्रीकृष्णको जन्मदिनका रूपमा भाद्र कृष्णाअष्टमी मनाउने चलन छ । समाजसेवी लक्ष्मीनारायण चौधरीका अनुसार अविवाहित र विवाहित महिलाले व्रत बस्छन् । सप्तमीको रात कुखुरा बास्नु अघिसम्म दर खाने गरिन्छ । यसलाई भिनसरिया भात भनिन्छ । थारू भाषामा भिनसारको अर्थ हुन्छ कुखुरा बास्नुअघिको समय ।

यो दिन घरभित्र भित्तामा पाँच पाण्डव, द्रौपदी, कंश लगायतका चित्र बनाइन्छ । जहाँ भगवान श्रीकृष्णको अर्धकदको चित्रका साथै चन्द्रसूर्यको पनि चित्र कुँदिएको हुन्छ । रातभर कृष्णको जन्मका बारेमा रचिएको गीत गाइन्छ । सखिया नाच हुन्छ ।

जन्माष्टमीको दिन बेलुकीपख गाईगोरू घर फर्किने समयमा भित्तामा कुँदिएका चित्रमा



पुजा गरिन्छ । पूजा गर्दा सिन्दुरका साथै नयाँ अन्नका रूपमा धानका बाला, मकै र विशेष रूपमा काँक्रो चढाउने गरिन्छ । यसका साथै अन्य फलफूल पनि चढाइन्छ । गुइँठामा सल्लाको धूप सल्काउँदै दियो बाली जलअर्पण गर्नुका साथै फलफूल चढाई पूजा सकेपछि फलाहार गर्न मिल्छ । रातको १२ बजेसम्म गीत गाउँछन् । १२ बजेतिरै कृष्णको अर्धकदको चित्रमा टाउको जोडिन्छ । अर्थात पूर्ण चित्र तयार पारिन्छ ।

भोलिपल्ट बिहान पातको टपरीमा पूजा गरिएको सामग्री राखी पाँच वा सात वटा बत्ती जलाई विवाहितले गाउँघरको रोगव्याध लगी हाम्रा केटाकेटीलाई स्वस्थ बनाइदेऊ भनी पुकार्छन् भने अविवाहितले कृष्णजस्तो वर पाऊँ भनी कामना गर्दछन् । स्नान गरेर घर फर्केपछि सकेजति परिकार बनाउने, ती परिकार खान बस्दा आफ्नो भागको आधा छुट्याएर राख्ने र खाना खाइसकेपछि छुट्याइएको भागमा अरू थपेर विवाहित छोरीबेटीका घरमा पुऱ्याउन जाने चलन छ ।

### अटवारी

थारू समुदायमा कृष्ण जन्माष्टमी लगत्तै आउने शुक्लपक्षको पहिलो आइतबारलाई अटवारी पर्वका रूपमा मनाउने चलन छ । अटवारी शक्तिको आराधना गर्ने पर्व हो । यसमा विशेषगरी पुरूषहरु व्रत बस्ने चलन छ । शनिबार राती दर खाने गरिन्छ । यसरी दर खाने क्रम कुखुरा बास्नु अघिसम्म गरिन्छ । कुखुरा बासेपछि जुठो मानिन्छ । सूर्यनारायणको पूजा समेत गरिने आइतबारका दिन व्रतालुहरूले घाम अस्ताउनु अघि नै खाना खाइसक्नु पर्ने मान्यता छ ।

खाँदा पूजा गर्दै आफ्नो भागको खानाबाट आधी निकालेर खाने गर्दछन् । यसलाई 'अग्रासन' छुट्याउनु भनिन्छ । जुन विवाहित छोरीबेटीका लागि छुट्याइन्छ । सूर्यको प्रतीकात्मक परिकारका रूपमा लिइने गोलो रोटी यो पर्वमा अनिवार्य मानिन्छ । जुन अन्डी र गहुँको गरी, दुई थरीको हुन्छ । उक्त रोटीसँग जोडिएका केही रोचक किंवदन्ती पनि छन् ।

भोलिपल्ट बिहानै मसिनो चामलको भातसँगै अनदीको रोटी र अन्य परिकार बनाउने गरिन्छ । यहाँ पनि आफ्नो भागको आधी खाना (अग्रासन) निकालेर खाने गरिन्छ । त्यसपछि हिजो र आजको आधी निकालेको परिकारमा थप गरेर छोरीबेटीलाई दिन जाने चलन हो । यसरी छोरीबेटीको घरमा पुऱ्याउन जन्माष्टमीमा महिला र अटवरीमा पुरूष जाने चलन छ ।

### दसैं

विगतमा थारू समुदायमा मनाइने दसैं अरू समुदायको भन्दा केही पृथक थियो । जमुना चौधरीका अनुसार पछिल्लो समयमा निकै परिवर्तन भइसकेको छ । 'दुतियाको जून हेरेर मात्र जमरा छर्ने चलन थियो । जमरा छर्ने मान्छेले घटस्थापनाका दिन नुहाइधुवाइ गरी ब्रत बसेर त्यो तिथिमा देखिने हँसियाजस्तो जूनलाई हेर्नुपर्ने हुन्थ्यो,' उनले भनिन्, ' दुतियाको जून हेर्न आइजा भन्थे एक अर्कालाई । राती जून हेरेर भोलिपल्ट बिहान पुनः नुहाइधुवाइ गरी जमरा राख्ने चलन थियो । जमरा राख्दा बन्दुक पड्काउँथे । मकैका जमरा छर्थे । हिजोआज घटस्थापनाकै बिहान जमरा राख्न थाले । दुतियाको जून हेर्न छाडिसके ।'

अष्टमीका दिन देउतालाई चढाउन विभिन्न प्रकारका ढिक्री र बरिया बनाउँछन् । त्यो दिन देउता पुज्ने मान्छे अर्थात् घरमुलीले व्रत बस्नुपर्ने हुन्छ । उसको काम दिनभरमा कुशको कुचो बनाउने हुन्छ । बेलको सानो हाँगा र कुपिन्डोको भेडा बनाई गृहदेवस्थलमा राखिन्छ । लक्ष्मीनारायण चौधरीका अनुसार गाईगोरू वनबाट फर्किसकेपछिको समयमा पूजा सुरू हुन्छ । गृहदेवस्थलमा भएका देवताको भाग टपरीमा राखिन्छ । मूर्तिमा सेतो धागो बाँधी सिन्दूर लगाइन्छ । प्रत्येक घरको आफ्नै घरगुरूवा हुन्छ । जसले आफ्नो घरबाट ल्याएको धूप, अक्षता र मौरीको चाका चढाउँछन् । बेलको हाँगामा भएका काँडामा साना बाटुला ढिक्री अड्काइन्छ । भेलाको पातमा जमरा र बेवरी (बाबरी) फूल राखी चढाइन्छ । गाईभैंसी बाँधेको आँगनमा समेत पूजा गर्ने चलन छ । पुज्ने बेलामा मादल बजाइन्छ । त्यसपछि सुरू खानपिन हुन्छ ।

नवमीको बिहान घरको ढोकाअगाडि लिपपोत गरी फूल राखेर पितृ आह्वान गरिन्छ । नपिसेको मासको तरकारी, लट्टे साग, माछा, भात पितृलाई चढाइन्छ । कुपिन्डोको भेडाको बलि दिने गरिन्छ भने कुलदेवतालाई

भाले चल्ला, पोथी सुँगुर, भेडा र हाँसको समेत बलि दिने चलन छ । देउता, पितृलाई चढाइको परिकारबाट पुरूषहरूले पितृप्रसादका रूपमा केही खान्छन् भने अरू पूजा गरेको सामग्री, चढाइएको पक्वान महिलाहरूले नदीमा सेलाउन लैजान्छन् । यसलाई थारू भाषामा पितार अक्षराइन भनिन्छ ।



यसरी नदीमा सेलाउन जाँदा महिला वर्गले माछा, मासु, जाडरक्सी छुट्टै लगेका हुन्छन् । ती महिलाहरूलाई लिन पुरूषहरु पनि नाचगानसहित नदीकिनार पुग्छन् । जहाँ सबैजना बसेर महिलाले अलग्गै लगेका परिकार र रक्सी खाई फर्किएर घरघरमा नाचगान गर्छन् । त्यसपछि सोही दिन आआफ्नो घरमा टीका र जमरा लगाउने गरिन्छ ।

दशमीका दिन गाउँनजिकको देउथानमा घरघरबाट लगेका जमरा चढाई गुरूवाले पूजा गरिसकेपछि भलमन्सा र गुरूवाका हातको टीका थाप्ने चलन छ । त्यसपछि बल्ल घरघरमा मान्यजनबाट टीका र जमरा थापिन्छ । थारू समुदायमा चामलको पिठोको टीका लगाइन्छ ।

घरभित्र राखिएको कुलदेउताको पूजाआजा गर्ने गरिएकै हुन्छ । देवता पुज्दा तीन, पाँच वा सात वटा दियो बाल्ने प्रचलन छ ।

**देवारी**

तिहारलाई थारू भाषामा देवारी भनिन्छ । यो समुदायका मानिस आँगनमा दियो बाली कुलदेवताको पूजाआजा गरेर विभिन्न परिकारका साथ रक्सी खाई चाड मनाउँछन् । कागतिहार र कुकुरतिहार मनाउने चलन छैन । लक्ष्मीपूजाको बिहान गाईलाई टीकामाला लगाई मकैको पिठोमा नुन राखेर खुवाइन्छ । साँझ माटोको पालामा दियो बाल्नुका साथै झुम्रा नाच गरिन्छ । गोरूतिहारको दिन गोरूलाई ढुटो खुवाइन्छ । उक्त दिन गोरू जोत्न र लडिया लग्न पाइँदैन । विगतमा भाइटीका लगाउने चलन थिएन । पछिल्लो समय कसैकसैले भाइटीका लगाउने गरेका छन् ।

**औली**

धान काटिसकेपछिको फुर्सदिलो समयमा औली उतार्ने चलन छ । यसलाई नयाँ अन्न भित्र्याएपछि गरिने हर्षोल्लासका रूपमा लिने सकिन्छ । बङ्गुर काटेर खानपिन गर्ने उक्त कार्यलाई कसैकसैले धान भित्र्याउँदाको थकाइ मेटाउने मेसो पनि भन्ने गर्दछन् ।

**माघी**

माघेसङ्क्रान्तिलाई नयाँ वर्षको रूपमा मनाइन्छ । सङ्क्रान्तिको बिहान चारपाँच बजेतिरै धमार गीत गाउँदै नदीमा नुहाउन जान्छन् । उक्त दिन नदीमा नुहाउँदा गङ्गामातालाई दक्षिणास्वरूप पैसा चढाएर मात्र नुहाउनु पर्ने मान्यता छ । नुहाइ सकेपछि नदीकिनारमा आगो बाली त्यसमा तिल राखी ताप्ने चलन छ । तिलको दाना जत्रो मसिनो पाप पनि नाश हुने मान्यता अनुरूप आगोमा तिल राखिन्छ ।

घरमा नाङ्लोमा प्रत्येकका लागि अलगअलग चामलको भाग छुट्याइ राखिएको हुन्छ । नुहाएर आएपछि एक भाग चामल छोएर टीका लगाई आफूभन्दा ठुलालाई ढोगी आशीर्वाद लिने गरिन्छ । माघेसङ्क्रान्तिमा मासु खान हुने भए तापनि मार हान्न नमिल्ने मान्यता रहेको यस समुदायमा पुसमसान्तकै दिन बङ्गुर, कुखुरा काट्ने गरिन्छ ।

माघेसङ्क्रान्ति थारू समुदायको आर्थिक वर्षको सुरूआत पनि हो । सामाजिक अभियन्ता रामदास चौधरी सम्झिन्छन्, 'विगतमा दाजुभाइ छुटिनलाई पनि माघी नै कुर्नुपर्ने हुन्थ्यो । कमलरी बस्ने प्रथा थियो । कति पैसामा कसको घरमा कमलरी बस्ने भन्ने छिनोफानो पनि माघमै हुन्थ्यो । वर्षभरि गरिएका कामको समीक्षा र नयाँ वर्षमा गर्नुपर्ने कामको योजना पनि माघीमै तय गरिन्थ्यो । समुदायमा बसोबास गर्नेहरु विभिन्न पेसाका मान्छे एकठाउँमा जम्मा भई पेसागत कार्य गर्दाको ज्याला बढाउने वा नबढाउने भन्ने छलफल त्यतिबेलै गरिन्थ्यो । अझैं भन्नुपर्दा घरदेखि समाजसम्मको सिंहावलोकन गर्ने काम माघीमै हुन्थ्यो ।'

गेजी, ताडल, तिलको लड्डु, सुँगुरको मासु, ढिक्री, अनदी चामलको भात, विभिन्न प्रकारका तरकारी, घोंगी, सिद्रा, रक्सी, जाड आदि परिकार बनाइने यस पर्वमा माघीको गीत गाई नाचगान गर्दै घरघरमा गई माघी मनाउने गरिन्छ । मान्यजनलाई अनिवार्य ढोग्नुपर्ने भएकाले वर्षभरि बोलचाल नभएकाहरूसँग बोलचाल गर्ने दैलो पनि उघ्रिन जान्छ माघीमै । यसरी विभिन्न कोणबाट हेर्दा थारू समुदायमा माघी पर्वको रौनक विशेष पाइन्छ ।

**होली**

होली पर्व लोकसंस्कृतिको एउटा प्रमुख पाटो हो । फागुन शुक्लअष्टमीदेखि पूर्णिमासम्म मनाइने यो पर्व थारू समुदायमा पूर्णिमाको दिनमा सुरु हुन्छ । दिन डुबिसकेपछि गाउँको दक्षिणतिर सार्वजनिक स्थलमा सिमलको हाँगा गाडिन्छ, जसलाई चीर गाड्ने भनिन्छ । त्यसको वरिपरि पराल, तोरीको डाठ आदि थुपारी थुप्रो बनाइन्छ । साँझपख भलमन्साले चीरदाह गर्न सम्पूर्ण सामग्री तयार पारी पूजा गर्छन् । घरघरबाट लामो बाँसमा गुइँठा बाधेर लगिएको हुन्छ । चीरदाह गरिसकेपछि बाँसमा गुइँठा सल्काएर घरघरमा आगो ल्याउने चलन छ । चीरदाहकै आगोले देवीस्थलमा बत्ती बाल्ने गरिन्छ । विगतमा उक्त आगो वर्षदिनसम्म जोगाएर राख्ने हेतुले आँगनमा मुढा पोल्ने गरिन्थ्यो ।



भोलिपल्ट बिहान गाउँभरका महिला लोटामा पानी, गाईको दुध, एक माना चामल, लिएर होलीको गीत गाउँदै चीरदहन गरेको खरानीमा चामल पानी छर्कन्छन् । त्यसपछि देवस्थलमा देवताको पूजा गरिन्छ । रोग नलाग्ने र दीर्घायु हुने विश्वासका साथ मनाइने यो पर्वमा त्यसपछि दुई दिनसम्म घरघर गई नाचगान खानपिन गर्ने चलन छ ।

# 'नुमाफुङ'देखि 'गाउँ आएको बाटो'सम्म

*फरक धारका चलचित्र निर्देशक नवीन सुब्बाका तीन वटै चलचित्र नुमाफुङ, गुडबाई काठमाडौं र गाउँ आएको बाटो लोकप्रिय बनेका छन् । मौलिक नेपाली चलचित्र बनाउने उनको अभियान जारी छ ।*



■ अनिल यादव

न्युजिल्यान्डका फिल्म निर्देशक सर पिटर रोबर्ट ज्याक्सनले कुनै बेला भनेका थिए, 'फिल्म निर्माणको सबैभन्दा इमान्दार रूप भनेको आफ्नै लागि फिल्म बनाउनु हो ।'

फिल्म निर्देशक नवीन सुब्बा पनि त्यस्तै लाग्छन् । फिल्मकर्ममा लागेको तीन दशक पुग्नै लाग्दा पनि उनले तीन वटा फिचर फिल्मसहित केही सिरियल र सर्ट फिल्म मात्रै बनाए ।

'फिल्म निर्देशनमा यति ठुलो ग्याप किन ?'

'सूची थप्नकै लागि फिल्म बनाउन मन लाग्दैन । सधैं उस्तैखाले फिल्म बनाउनुको कुनै अर्थ हुँदैन,' उनले भने, 'फरक केही गर्न सकियोस् भनेर आफैलाई 'एक्सप्लोर' गर्न खोज्दा समय लाग्छ ।'

उनी नेपाली फिल्मका चिन्तक, समीक्षक र निर्देशक हुन् । फिल्मप्रतिको उनको बुझाइ, विचार र ज्ञान प्रशंसनीय छ ।

पछिल्लो पटक 'गाउँ आएको बाटो' बनाएर चर्चामा आएका निर्देशक सुब्बाको जीवनकथा रोचक छ । ताप्लेजुङस्थित मावली गाउँ हाङपाङमा जन्मिएका उनका बुबा गोर्खा लाहुरे थिए । त्यसैले उनको बाल्यकाल यायावर शैलीमै बित्यो, कहिले हङकङ, कहिले ब्रुनाई, कहिले मलेसिया त कहिले नेपालमा ।

बुबाकै करले उनी एकपटक लाहुरेमा भिडे तर सफल भएनन् । फिल्म निर्देशनमा आउनुअघि ०४० को दशकतिर कम्युनिस्ट पार्टीमार्फत् पञ्चायतविरूद्ध राजनीति गरे । तर, डिङ्गो बुट लगाएकै कारण पार्टीको कारबाहीमा परे । अनि राजनीति छोडिदिए ।

साहित्यमा पनि उनको उत्तिकै रूचि थियो । कविता लेख्थे । समयसँगै उनी रङ्गमञ्चतिर लागे । नाटक बनाउन थाले । उनले सन् १९८८ मा रोयल नेपाल एकेडेमीबाट उत्कृष्ट नाटकको अवार्ड समेत जिते । त्यतिबेला नाटकले मिडियामा स्थान पाउँदैनथ्यो । 'नाटकबारे लेखिनुपर्छ भनेर मैले पत्रपत्रिकामा लेख्न थालेँ,' उनी सम्झन्छन्, 'त्यही क्रममा पत्रकारितामा होमिएँ । नेपाली आवाज, देशान्तरलगायत पत्रिकामा काम गरेँ । करिब ६ वर्ष पत्रकारिता गरेँ । जब 'नुमाफुङ' बनाएँ, त्यसपछि पत्रकारिता छाडेँ ।'

उनी फिल्म र नाटकबारे लेख्थे । पत्रकारितामा प्रशंसा र प्रचारकारिताको दबदबा बढ्दै थियो । उनी भने आलोचनात्मक चेतसहितको पत्रकारितामा विश्वास राख्थे ।



नेपाली फिल्म बलिउड फिल्मकै कपीमा रमाइरहेको थियो । विदेशका फिल्म हेरेपछि उनलाई महसुस भयो, हरेक देशका फिल्मको आफ्नै पहिचान हुँदोरहेछ ।

'चिनियाँ, इरानी या फ्रेन्च फिल्म नै भनौं, हरेक देशको फिल्म फरक पाएँ,' उनी भन्छन्, 'हामी त बलिउडकै नक्कलमा रमाइरहेका थियौं । यो त हुँदै भएन भन्ने लाग्यो । नेपाली फिल्मको पनि अनुहार खोज्नैपर्छ भनेर निर्देशक बनें ।'

नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय मञ्चमा पु¥याउने निर्देशकका रूपमा पनि उनी चिनिन्छन् । नब्बेको दशकमै एक टेलिभिजनका लागि 'तरेवा' नामक लिम्बू संस्कृतिमाथि आधारित फिल्म बनाएपछि साथी सुन्दर जोशीले उनलाई शेर्पाको कथामाथि 'खाङ्ग्री' फिल्म निर्देशनको अफर गरे । ७७ मिनेटको फिल्म थियो त्यो ।

'सन् १९९६ मा बनेको यो फिल्म इटालीको ट्रेन्टो अन्तर्राष्ट्रिय माउन्टेन फिल्म फेस्टिबलमा छनौट भयो । त्यसपछि इटालीमा होम भिडियोमा देखाउने भनेर बिक्री समेत भयो ।

सुब्बाले निर्देशन गरेका तीन चर्चित फिल्म :

### नुमाफुङ

'खाङ्ग्री'लाई अन्तर्राष्ट्रिय मञ्चमा पु¥याएर फर्केपछि उनले बनाएको फिचर फिल्म हो, नुमाफुङ । नयाँ र गैरकलाकार लिएर फरक खालको फिल्म बनाउनु चुनौतीपूर्ण थियो । तर, उनले आँटे । लिम्बू समाजलाई चिहाउने आँखीझ्याल बन्यो उनको नुमाफुङ । श्रीमतीको निधनपछि श्रीमान्ले पटकपटक विवाह गर्दा पनि सामान्य ठान्ने समाजले कसरी एकल महिलाको पटकपटकको विवाहलाई असामान्य ठान्छ भन्ने यथार्थ यसमा देखाइएको छ ।

नुमाफुङ अन्तर्राष्ट्रिय फिल्म फेस्टिबलमा पुग्यो । त्यतिखेर काठमाडौंका तीनवटा हलमा चलेको थियो । एक महिनासम्म चल्यो । यसलाई त्यतिबेला मूलधारका फिल्ममेकरले फिल्म नै भनेनन् । वितरकले वितरण गर्न मानेनन् । कति त डकुमेन्ट्री भन्दै पन्छिए । उनले हार मानेनन् । आफैंले वितरण गर्ने निधो गरेँ ।

### गुडबाई काठमाडौं

उनले दलितको मुद्दामाथि 'दलन' नामक टेलिसिरियल बनाए । सन् २००६ तिर तयार भएको सिरियल टिभीमा प्रसारण हुन सन् २००९ सम्म लाग्यो । सबैतिरबाट यसको तारिफ भयो । त्यसपछि उनले बनाए, गुडबाई काठमाडौं । सन् २०१० तिर बनेको फिल्म नेपालका हलमा प्रदर्शन भएको छैन तर अन्तर्राष्ट्रिय फिल्म फेस्टिबलमा प्रिमियर हुने अवसर पाएको छ ।

यसमा तीन जना फरकफरक पृष्ठभूमिका युवाको कथा छ । उनीहरु सपना पूरा गर्न काठमाडौंमा सङ्घर्ष गरिरहेका हुन्छन् । त्यही क्रममा विभिन्न राजनीतिक घटना हुन्छन् । यसले उनीहरूलाई देश छोड्न बाध्य बनाउँछ ।

'देश सङ्क्रमणकालबाट गुज्रिरहेका बेला बनाइएको फिल्म हो,' उनी भन्छन्, 'धेरै युवाले देश छोडिरहेका बेला त्यसको कारण उत्खनन गर्ने क्रममा यो फिल्म बनाएँ ।'

नेपालमा महङ्गो वितरण खर्च थेग्न नसकेर रिलिज नगरेको बताउँछन् उनी । 'पैसा उठाउने ग्यारेन्टी हुन्न तर फिल्म चलाउन कम्तीमा ५० लाख रूपैयाँ चाहिन्छ', उनले भने, 'त्यही कारण नेपालमा रिलिज गर्न सकिएन । तर, केही ठाउँ स्क्रिनिङ गर्नुपर्छ भन्ने चाहिँ लागिरहेको छ ।'

### गाउँ आएको बाटो

उनको पछिल्लो फिल्म हो, गाउँ आएको बाटो । यो पूर्वी पहाडको किराँती गाउँको कथा हो । बुबाछोराबिच सम्बन्धको कथा । छोराको सपनाका लागि सङ्घर्ष गर्ने बुबाको कथा । पहिलोपटक गाडी पुगेपछि गाउँलेको जीवनमा पार्ने प्रभावको कथा । गाडीसँगै आएको परिवर्तनले बाँसको चित्रा, फिपी, डोको आदि बनाएर परिवार पालिरहेका राई माइलाको जीवनमा आउने उथलपुथलको कथा ।

यसमा दयाहाङ राई, पशुपति राईलगायत कलाकारको अभिनय छ । सबै फिल्ममा दयाहाङको उस्तै अभिनय भयो भनेर आलोचना भइरहेका बेला यसमा फरक रूप देखिएको छ ।

'यो कसरी सम्भव भयो ? '

'अभिनयमा दुइटा कुरा हुन्छन्, भित्री र बाहिरी तहका । हामीले दुवै तहमा काम गरेका छौं,' उनी भन्छन्, 'हामीले 'टेक्स्ट एनलाइसिस'मा काम ग¥यौं । चरित्रको भित्री तयारी ग¥यौं । पहिले चाहिँ कुनै एउटा 'माइला' चरित्र गर्नुछ भने गाउँमा कुनै त्यस्तै पात्र खोजेर त्यसलाई नक्कल गर्ने काम गरिन्थ्यो । तर, हामीले त्यसो गरेनौं । स्क्रिप्टभित्रै बसेर भित्री तह निर्माण ग¥यौं ।'



उनको हिँडाइ, बोलाइ, गेस्चर, पोस्चर सबैमा काम भयो । 'के कारण उनको अभिनयको आलोचना हुन्छ, प्राप्त उनको २० वटा फिल्म हेरेर ३० मिनेटको डकुमेन्ट्री बनायौं,' सुब्बाले भने, 'त्यो दयाहाङलाई देखायौं । सकारात्मक पक्ष केके छ, केके दोहोरिँदा रहेछन्, सबै देखायौं । त्यसपछि कसरी सुधार्न सकिन्छ भनेर काम ग¥यौं ।'

एकपटक दयाहाङ 'दाइ, मैले मेरो एक्टिङमा के समस्या रहेछ, पत्ता लगाए नि' भन्दै आइपुगे । नवीनले सोधेँ, 'के रहेछ त ?'

जबाफमा उनले भने, 'मेरो चरित्रहरूको पेसा निर्धारण हुँदैन रहेछ ।' उनले १५ दिन लगाएर ४-५ वटा डोको बुने । यी सबै मिहेनतका कारण दयाहाङको अभिनय दोहोरियो भन्नेलाई 'गाउँ आएको बाटो' एउटा गतिलो जबाफ बन्न सक्यो ।

### अबको काम

उनी एकैपटक दुइ फिल्मको तयारीमा छन्, 'लाहुरे जुत्ता' र 'पानीको प्रेमकथा' । 'लाहुरेको जुत्तामार्फत् नेपालको वर्तमान राजनीतिलाई २० वर्षअघिको लाहुरे र लिम्बू समुदायमा राखेर हेरौं भन्ने छ,' उनले भने, 'पानीको प्रेमकथा चाहिँ अन्तरजातीय प्रेमकथामा आधारित हुनेछ ।'

समाजमा जुनप्रकारको विकृति, विसङ्गति र अव्यवस्था छ, समाज र मान्छे जस्तो हुनुपर्ने हो, त्यस्तो नभएपछि त्यसले उनलाई छुन्छ । तिनै कुराको जबाफ खोज्ने क्रममा उनी फिल्मका कथा भेट्छन् ।

उनलाई फरक धारको निर्देशक भनिन्छ । 'म अरूबाट फरक देखिनुपर्छ भनेर फिल्म बनाउन प्रेरित भएको होइन,' उनी भन्छन्, 'मेरो कामले नेपाली सिनेमाको अनुहार बनाउन सक्छ कि सक्दैन ? त्यसकै खोजी गर्दा दर्शकलाई भिन्न लागेको हुनसक्छ ।'

# शिखरको बाटोमा सुनिता

*मुन्धुम संस्कृतिको लयमा बाँचेको गाउँ । घर नजिकै माङ्हिमको चहलपहल । त्यही परिवेशले टुकुटुकु हिँड्ने बेलादेखि नै लिम्बू भाषाका भजन झुन्डिन पुगे, सुनिताका ओठमा ।*



■ दीपेन्द्रसिंह थापा



गायिका सुनिता थेगिमको बाल्यकाल लिम्बू भाषाका भजन गाएर बित्यो । किशोरावस्थामा पुग्दा भने पूर्वेली लोकलयमा खुल्दै गयो, उनको सुरिलो स्वर । पछिल्लो समय आधुनिक र चलचित्रका गीतमार्फत् उनको चर्चा चुलिँदै छ ।

मुन्धुम संस्कृतिको लयमा बाँचेको गाउँ । घर नजिकै माङ्हिमको चहलपहल । त्यही परिवेशले टुकुटुकु हिँड्ने बेलादेखि नै लिम्बू भाषाका भजन झुन्डिन पुगे, सुनिताका ओठमा । अलि ठुली भएपछि स्थानीयताका विम्ब ध्वनित हुँदै गए, उनका आवाजमा । अहिले उनी आधुनिक शैलीका गीततर्फ जमेकी छन् ।

'कुनै योजना बनाएर वा सपना नै बुनेर त म गायन क्षेत्रमा आएकी होइन । तर, अहिले यही क्षेत्रमा रमिरहेकी छु,' उनी भन्छिन्, 'सानोमा मेरो लक्ष्य पाइलट बन्ने थियो । यसैले १२ कक्षासम्म विज्ञान नै पढेँ । पछि पढाइ पनि अर्कै सङ्कायमा मोडियो र लक्ष्य पनि फेरियो ।'

भनिन्छ, फूलको बास्ना वरिपरि, मान्छेको बास्ना डाँडापारि । सानै उमेरमा गायकीको प्रशंसा बढ्दै गयो उनको । कक्षा ९ मा पढ्दा नै इलामको आफ्नो गाउँबाट धरान आई लिम्बू भाषाको भजन रेकर्ड गरिन् । आधुनिक गीत भने एस्.एल्.सी. पछि धरानकै स्टुडियोमा रेकर्ड गरिन्, त्यो पनि लिम्बू भाषामै । गीतको बोल 'मिक्वानु चकचक' । नेपाली अर्थ, 'आँसु तप्पतप्प' । यो गीत उनको समुदायमा राम्रै चल्यो । यसपछि मात्र उनले नेपाली भाषाको गीति यात्रामा पाइला चालिन् ।

पूर्वेली ठेट लोकलयका साथै आधुनिक नेपाली गीततर्फ उनको लोकप्रियता बढ्दै गयो । यसपछि चलचित्र 'छिरिङ' मा 'ए, कान्छा सुनको तारा खसाइदेऊ न' र 'बोल बोल पाखाहरु' गीतको रिमेक भर्सन गाउने अवसर पाइन् । बाबरी, जारी र गाउँ आएको बाटोजस्ता

चलचित्रका लागि उनले गाएका गीतहरु हिट छन् ।

गायन यात्रामा शिखरको बाटो हिँडिरहेकी गायिका हुन्, सुनिता । आफ्नै स्वाद अनि मौलिक आकर्षण छन्, उनका गीतमा । उनीद्वारा गाइएका लोकप्रिय गीतको सूची लम्बिने क्रम जारी छ । तीमध्ये पाँच गीतका जन्मप्रसङ्गका कथा यहाँ प्रस्तुत गरिएको छ, उनकै शब्दमा ।

## बिनायो कङकङ




मैले यो गीत वि.सं. २०७७ मा गाएकी थिएँ । पुरुष स्वर कृष्णभक्त राईको छ । यसको रचना र सङ्गीत जीत लिम्बूको । योभन्दा अघि पनि उहाँको रचनासङ्गीतमा 'धानैमा नाच्नु सोल्टीज्यू, 'के छ र समाचार' जस्ता पूर्वेली लोकलय गाइसकेकी थिएँ ।

जब स्टुडियो पुगेर यो गीत गाउन थालेँ, यसअघि गाइएका गीतहरुभन्दा बेग्लै महसुस हुँदै थियो । गाउँदा मनभित्र खुसी मिल्ने । म्युजिक राम्रो भएर होला । गाउनुअघि घरमै अभ्यास गरेकी थिएँ । गीत रिलिज भएपछि नाच्न मन लाग्यो । एकजना कोरियोग्राफरको सहयोग लिएर दिदीबहिनी र साथीहरु नाच्यौं । त्यो भिडियो युट्युबमा राखियो । त्यसपछि यो गीतको अझै धेरै चर्चा भयो । कोरोनाको समय थियो । यो गीतले धेरै रिलिफ गरायो ।

यो गीत चलेपछि कन्सर्टहरुमा पनि व्यस्त हुन थालेँ । सिक्किम, कोरिया, हङकङ, कुवेतजस्ता देशमा प्रस्तुति दिने मौका पाएँ । आर्थिक रुपमा पनि राम्रो हुँदै गयो ।

## आँखामा आउने सपनी

तीन वर्षअघि रेकर्ड भएको हो, यो गीत । यसमा मेरो एकल स्वर छ । रचना र सङ्गीत एकदेव लिम्बूको । उहाँ मेरो दाइ हुनुहुन्छ । केन्द्र मोसन पिक्चर्स मार्फत् यो गीत प्रस्तुत हुने क्रममा थियो । म्युजिक कम्पनीले यस गीतका लागि कसको आवाज फिट हुन्छ भनेर केही सिङ्गरलाई गाउन लगाएको रहेछ । यसै क्रममा



म पनि ट्रायल दिन पुगेँ ।

ट्रायल मात्र हो भनेर एकैचोटि गाइदिएँ । समय नै लागेन । एकैचोटिको प्रयासले भयो । मेरो आवाज नै छानिएला भन्ने लागेको थिएन । दाइले पनि मेरो लागि भनेर प्रयास गर्नुभएको थिएन । रिलिज नहुन्जेल भन्नु पनि भएन । मेरो बेस्ट दिइसकेकी थिएँ । तर, विश्वस्त चाहिँ थिइनँ । जब मेरो आवाज छानियो । सुनेँ । त्यसपछि मात्र विश्वास लाग्यो ।

प्रेमिल गीत हो यो । एउटी युवतीले मनको राजाको कल्पना गर्छे । त्यो सपना कहिले पूरा होला भन्ने उत्सुकता छ । मनमा छ कुरा तर व्यक्त गर्न नसक्ने । त्यस्तो मायाको कल्पना छ ।

यसअघि लगातार मैले पूर्वेली आवाजहरु धेरै दिएकी थिएँ । यो गीत चलेपछि सुनिताले यस्तो पनि गाउन सक्ने रहेछ भन्ने भयो । यो पूरा आधुनिक गीत, पप पनि फ्युजन भएको । यो गीतले मलाई थप उचाइ दियो ।

## चुलबुल चुलबुल



चलचित्र बाबरीका लागि यो गीत गाइएको थियो, दुई वर्षअघि । मेरो र सुजन चापागाईको स्वर छ यसमा । आर्टमान्डु म्युजिक कम्पनीमार्फत् मैले यो चलचित्रमा गीत गाउने अवसर पाएकी थिएँ ।

यो रमाइलो खाले गीत । केटाकेटीको जिस्काजिस्की छ । केटाले फकाइरहेको छ, केटीले अलि घुर्की लगाइरहेकी छे ।

यो गीतमा मेरो धेरै मिहिनेत परेको छ । पटकपटक गाएको थिएँ, रेकर्ड गर्ने क्रममा आफैलाई चित्त नबुझेर । गीत रिलिज भइसक्दा पनि योभन्दा बेट्टर गाउन सक्छु भन्ने लागिरहयो । अलिअलि अनौठो पनि लाग्यो, चलेको देख्दा । अझै बेस्ट पर्फम गरेको भए अझै धेरै चल्थ्यो होला भन्ने पनि लागेको थियो । यो मलाई मात्र लागेको कुरा । अरुले त राम्रै भनेर प्रशंसा गर्नुभयो । गीत राम्रै चल्यो ।

## भुई सोहोरी ढोगैँ

दुई वर्षअघि मैले गाएको यो गीत पनि धेरै रुचाइएका गीतमा पर्छ । यु.के. मा त पूरा चर्चित नै हो । नेपाल, सिक्किम, जापान जता पनि यो गीतमा नाचेको देख्छु । यु. के. मा पुगेको बेला यो गीत गाउन धेरै अनुरोध आयो ।

यु.के.मा नै बस्नुहुने एकजना दिदीका लागि यो गीत गाइदिएकी थिएँ । उहाँको र उहाँको श्रीमानको प्रेमकथामा आधारित छ । यस गीतको रचना सञ्जीव पारदर्शीले र सङ्गीत डिआर. अटुले गर्नुभएका हो ।

भेना खोटाङका, दिदी तेह्रथुम, म्याङलुङकी । विदेशमै भेट भएर उहाँहरुको माया बस्यो । उहाँहरुकै गाउँठाउँ र प्रेमप्रसङ्ग छ, गीतमा । उहाँहरुको विवाहसम्मको भिडियो देखाइएको छ ।

लिम्बू संस्कारमा अग्रज र पाहुनाहरुलाई ढोग्दा भुई सोहोरेर निहुरिने चलन छ । संस्कृतिका साथै प्रेम, सम्मान र समर्पण झल्केको छ, यसमा ।

## राई माइला

यो यसै वर्ष गाइएको गीत । चलचित्र 'गाउँ आएको बाटो' को प्रमोसनल सङ । यो गीतले मेरो गायनयात्रामा उत्साह र उमङ्ग थपेको छ । यो गीतको प्रस्ताव आउँदा म सिङ्गापुर जाँदै थिएँ । त्यतिबेला दिल्लीको ट्रान्जिटमा थिएँ । सुरुमा म्युजिक एरेन्जर रिकेश गुरुङबाट मेसेज आयो । उहाँले नै अब तपाईंलाई सङ्गीतकार कालीप्रसाद बास्कोटाबाट मेसेज आउँछ भन्नुभयो । यो कुराले म एक्साइटेड भएँ । म उहाँको सङ्गीतको प्रशंसक । मैले सोच्दै नसोचेको सङ्गीतकारको नाम आउँदा खुसी लाग्यो । कतिखेर फर्कूं जस्तो लाग्यो ।

सङ्गीतकार काली दाइबाट छोटो मेसेज आयो, एउटा गीत गाउनुपर्ने भयो भनेर । धेरै ढिलो गरी फर्किनुभयो भने नभ्याउन पनि सक्नुहुन्छ भन्नुभयो । मलाई यो अवसर गुमाउनुहुन्न भन्ने लाग्यो । कार्यक्रम सके लगत्तै फर्किएँ ।

उहाँले गीतको डमी पठाउनुभएको थियो । धुन धेरै मन पर्‍यो । प्लेनमा पनि सुन्दै फर्किएँ ।

नेपाल फर्केको पर्सिपल्ट यो गीत गाएँ । यतिबेलासम्म पनि यो चलचित्रका लागि हो भन्ने थाहा थिएन । उहाँले भन्नुभएको पनि थिएन । मैले सकेको राम्रो गर्ने कोसिस गरेँ । मेरो मिहिनेत देखेर उहाँ पनि खुसी हुनुभयो ।

गीत रिलिज हुँदा म पूर्वमै थिएँ । सुरुको दिन सेयर गर्न भ्याइनँ । दोस्रो दिन सेयर गरेँ । धेरै प्रचार भयो । गीत चर्चित बन्यो । यही गीतले गर्दा पनि धेरै दर्शक चलचित्र हेर्न जानुभयो ।

# अभिनेत्री थिन्लेका ५ रोजाइ

अभिनेत्री थिन्ले ल्हामोले फिल्म 'साम्बाला' को मुख्य भूमिकाका लागि स्विजरल्यान्डको प्रसिद्ध लोकार्नो फिल्म फेस्टिबलमा 'बोक्कालिनो डिओर' अवार्ड जितेकी छन् । यतिबेला उनी चर्चामा छिन् । उनै थिन्लेका प्रिय पाँच कुरा :

**खानपिन** : म खानपिनमा सौखिन नै छु । मलाई नेपाली स्टाइलकै खाना मनपर्छ, मसला पिरो भएकै । म प्रायः मुडअनुसार खान्छु । एक्लै खाँदाखेरी कोरियन फुड खान्छु । पिरो खान मनलाग्दा नेवारी खाजा खान्छु । आलु साँदेको मनपर्छ । विदेश जाँदा सम्बन्धित देशकै खाना चाख्न मन लाग्छ । लोकार्नो फिल्म फेस्टिबलमा स्विजरल्यान्ड जाँदा पिज्जा खाइयो । इटालीको बोर्डर नजिकै रहेर पनि त्यहाँ त्यो स्पेसल नै रहेछ ।



**घुमफिर** : म घुम्न असाध्यै रूचाउँछु । नयाँनयाँ ठाउँ जान मनपर्छ । अहिलेसम्म घुमेमध्ये मनपरेको देश स्विजरल्यान्ड नै हो । भर्खरै लोकार्नो फिल्म फेस्टिबलमा सहभागी भएर पनि होला, खुब याद आइरहेको छ । त्यहाँ गर्मी पनि थियो तर छेउमा ताल थियो । गर्मी भएका बेला बेलुका बेलुका पौडी खेल्न पनि मिल्ने । त्यही भएर त्यहाँको वातावरण नै मनपरेको होला । नेपालमा चाहिँ नगरकोटजस्तो ठाउँ मनपर्छ, जहाँ हरियाली पनि होस्, शान्त वातावरण र मिठो हावा पनि । अहिलेसम्म भारत, भुटान, फ्रान्स, जर्मनी र स्विजरल्यान्ड पुगेकी छु । धेरै कोरियन सो हेरेर पनि होला, अब मलाई कोरिया जान मन छ ।

**पुस्तक** : फुर्सदका बेला पुस्तक पढ्न रूचाउँछु । साथीहरूको सिफारिसमा पुस्तकहरु किन्ने गर्छु । अहिले म जापानी लेखक हारूकी मुराकामीको 'काफ्का अन दि सोर' पढिरहेकी छु । बढी फिक्सन पढ्न रूचाउँछु । मलाई मनपर्ने लेखक चाहिँ पाउलो कोहेलो हुन् । उहाँका किताबहरु धेरै फिलोसोफिकल भएर पनि होला, साह्रै छुन्छ । मलाई सदाबहार प्रिय लाग्ने पुस्तक चाहिँ अमेरिकी लेखक निकोलस स्पार्क्सको 'अ वार्क टु रिमेम्बर' हो । यो पढ्दा म रोएकी पनि थिएँ ।

**फिल्म** : म फिल्मको पारखी हुँ । तर, म हरर फिल्म चाहिँ खासै हेर्न सक्दिनँ । एडभेन्चर्स सिनेमा पनि मनपर्छ । अङ्ग्रेजी सिनेमा बढी हेर्छु । अहिलेसम्म हेरेकामध्ये सधैँ प्रिय लाग्ने सानो बेला हेरेको फिल्म 'द प्रिन्सेस डायरिज' नै हो । टिनएजमा हेरेको भएर पनि होला, त्यो फिल्म हेर्दा अहिले पनि बाल्यकालीन भावना जाग्छ । मलाई मनपर्ने फिल्म निर्देशक चाहिँ मीनबहादुर भाम नै हुन् । साम्बालामा काम गरेपछि उहाँको काम गर्ने तरिकाले निकै प्रभावित भएँ । मनपर्ने अभिनेता चाहिँ जिम क्यारी हुन् । 'द मास्क' फिल्ममा उहाँले गर्नुभएको अभिनयबाट निकै प्रभावित भएकी थिएँ ।

**पहिरन** : पहिरनमा म सचेत नै छु । तर, ट्रेन्ड नै फलो गर्नुपर्छ भन्ने लाग्दैन । मलाई युरोपियन स्टाइलको पहिरन लगाउन मनपर्छ । लुज र ब्यागी खालको पहिरन बढी लगाउँछु । भारतमा काम परिरहने भएकाले धेरैजसो सपिङ् भारतमै गर्छु । त्यहाँ अलि सस्तो हुने, क्वालिटी पनि पाइने । नेपालमा पनि अनलाइनबाट किनिरहेकी हुन्छु ।

KARYABINAYAK HOMES

*"Villas where the sun shines everyday, in every corner"*

# Home
## FOR YOUR LIFESTYLE

**READY-TO**
**MOVE-IN**

*3 & 4 BHK HOUSES*



- *Easy Payment Plan*
- *Banking Facility*

*Phase* -1 Successfully Delivered

## PROPERTY FEATURES

- 3 km (5 min drive) distance from Ringroad (Ekantakuna)
- 50 Ropani of Land Featuring 136 Exclusive Residences
- Close to Bhaisepati Aawas & Federal Minister's Quarter
- 20 meters main road connected to the project
- Club House/ Gym Area / Sauna / Steam Area
- Earthquake Resistant RCC Frame Structure
- Approved by Nagar Vikas, Nagar Palika
- CCTV Surveillance / 24/7 Security Gate
- Outdoor Sitting Area / Modern Sidewalk
- Terrace Infinity Swimming Pool
- Multi-purpose Community Hall
- As per Nepal Building Code
- Vastu Compliant



Booking Open For *Phase* -2




**Contact Us**

+977 9705858100
+977-9808380530
+977-9801967050

Bhainsepati, Sainbu, Lalitpur, Nepal

karyabinayakhomes@gmail.com

www.karyabinayakhomes.com



bajaj
ALMOND
DROPS
OUR BEST EVER
bajaj
ALMOND
DROPS
6X VITAMIN E* NOURISHMENT
NON STICKY HAIR OIL
2X*
HAIRFALL
REDUCTION
*As compared to untreated hair with reference to baseline on regular use for two months.
Basis clinical study conducted in an external laboratory in October 2021. Individual results may vary.